शुद्धोदन गाउँपालिकाको

वार्षिक विकास योजना

आ.व. २०८३/०८४



शुद्धोदन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मानपकडी, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

shuddhodhanrum@gmail.com https://shuddhodhanmunrupandehi.gov.np/

विभिन्न कार्यक्रमका झलकहरू

















विभिन्न कार्यक्रमका झलकहरू

















शुद्धोदन गाउँपालिकाको मानचित्र











शुद्धोदन गाउँपालिकाको **वार्षिक विकास योजना** आ.व. २०८३/०८४

शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार ।
सुशासन र समृद्धि, शुद्धोदन गाउँपालिकाको मूल आधार ।।

शुद्धोदन गाउँपालिकाको

वार्षिक विकास योजना

आ.व. २०८३/०८४

(गाउँ सभाको २० औं अधिवेशनबाट स्वीकृत
वार्षिक नीति तथा कार्यक्रम, बजेट र योजना)



प्रकाशक:

शुद्धोदन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मानपकडी, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

shuddhodhanrum@gmail.com | https://shuddhodhanmunrupandehi.gov.np

"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार : सुशासन र समृद्धि शुद्धोधन गाउँपालिकाको मूल आधार"

शुद्धोदन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल

गाउँ कार्यपालिकाका पदाधिकारीहरू-२०७९



गा.पा. अध्यक्ष
विष्णु प्रसाद बस्याल
९८५७०८४५८०



गा.पा. उपाध्यक्ष
शान्ता देवी ज्वाली
९८५७०८४५७९



सदस्य सचिव
(प्रमुख प्रशासकीय अधिकृत)
९८५७०८४५७८



प्रवक्ता/वडा अध्यक्ष
केशव प्रसाद अधिकारी
वडा नं. ४ (९८५७०८४५७४)



वडा अध्यक्ष
उदयराज गडेरिया
वडा नं. १ (९८५७०८४५७१)



वडा अध्यक्ष
कमल खड्का क्षेत्री
वडा नं. २ (९८५७०८४५७२)



वडा अध्यक्ष
हेम बहादुर खड्का (शिव)
वडा नं. ३ (९८५७०८४५७३)



वडा अध्यक्ष
चन्द्रभान चौधरी
वडा नं. ५ (९८५७०८४५७५)



वडा अध्यक्ष
उपेन्द्र साहनी
वडा नं. ६ (९८५७०८४५७६)



का. वा. वडा अध्यक्ष
भिम नारायण चौधरी
वडा नं. ७ (९७०६५३०५१०)

कार्यपालिका सदस्यहरू



शान्ति सुनार
९८०४४८७५७४



पवित्रा थारू
९८२४४२४४२०



गिता नेपाली
९८२७४३७५७८



रुक्मिणी थारू
९८२७४३०२५०



राममिलन लोध
९८०७४४०२८५



सुरेश बहादुर साकी
९८१९४१९०५४५

"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार : सुशासन र समृद्धि शुद्धोधन गाउँपालिकाको मूल आधार"

शुद्धोदन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल

गाउँसभा सदस्यहरू- २०७९


उमाकान्त चपाई
जि.स.स. प्रमुख
९८५७०१२६३३


महेन्द्र प्रसाद मल्लाह
वडा नं. १
९८०४४५०८२२


मुरलीधर लोनिया
वडा नं. १
९८१९५९१५५४


मन कुमारी थरूनी
वडा नं. १
९८२१४४९४३९


कमला मुसिहर
वडा नं. १
९८०४४५४२५६


तारक बहादुर कुवँर
वडा नं. २
९८४७३१५५३२


चित्ररेखा चौधरी
वडा नं. २
९८४७१९०९८७


मिन कुमारी सुनार
वडा नं. २
९८२१५५०८७२


भुनेश्वर थारू
वडा नं. ३
९८६७४३४५३०


राज कुमार कुर्मी
वडा नं. ३
९८६७२५०५३१


णम कुमारी पंगेनी
वडा नं. ३
९८४७०७१०५०


सुरमा दर्जी
वडा नं. ३
९७४८८०५७०५३


बालकृष्ण पराजुली
वडा नं. ४
९८५७०२२७६८


टोल प्रसाद राना
वडा नं. ४
९८१९४७२२२५


रूपा वि.क.
वडा नं. ४
९८२५४२५५५५


गिम बहादुर छहरी
वडा नं. ५
९७६६६३२५००


जगदिश अहिर
वडा नं. ५
९८१९५४१०८१


मुनेश्वरी थरूनी
वडा नं. ५
९८०४४८४५०५


अनिल कुमार गौर्य
वडा नं. ६
९८६७०२५८५०


दिप नारायण यादव
वडा नं. ६
९८२५४२२३४४


मुलबी लोध
वडा नं. ६
९८०७४३२५५२


नेपाल कुर्मी
वडा नं. ७
९८१५४५५७१६


सुनिता पासी
वडा नं. ७
९८२४४५८८७६

सदस्य सचिव
(प्रमुख प्रशासकीय अधिकृत)
९८५७०८४५७८

शुद्धोदन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

अध्यक्षको कलमबाट



आदरणीय आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू, नमस्कार ।

शुद्धोदन गाउँपालिकाको आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट समावेश गरी यो **'वार्षिक विकास कार्यक्रम पुस्तिका'** प्रकाशन गरी यहाँहरूसमक्ष ल्याउन पाउँदा मलाई अत्यन्त खुसी लागेको छ। यस महत्त्वपूर्ण अवसरमा म सम्पूर्ण शुद्धोदन गाउँपालिकावासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

स्थानीय सरकारको रूपमा हामीले यस शुद्धोदन गाउँपालिकालाई समृद्ध, सुसंस्कृत, समुन्नत र आत्मनिर्भर बनाउने साझा संकल्प लिएका छौं। सीमित स्रोत र साधनको अधिकतम उपयोग गर्दै जनताका असिमित आवश्यकताहरूलाई सम्बोधन गर्ने प्रयासमा हामी निरन्तर लागिरहेका छौं। यस वर्षको बजेट तथा कार्यक्रमले मुख्यतया कृषिमा आधुनिकीकरण, गुणस्तरीय शिक्षा र स्वास्थ्य, दिगो पूर्वाधार विकास, खानेपानी, सरसफाइ र रोजगारी सिर्जनालाई उच्च प्राथमिकतामा राखेको छ। सीमान्तकृत वर्ग, महिला, बालबालिका, ज्येष्ठ नागरिक र युवाहरूको समग्र विकास बिना समाजको उत्थान सम्भव नहुने भएकोले समावेशी विकासमा हाम्रो विशेष जोड रहेको छ।

सुशासन, जवाफदेहिता, पारदर्शिता र जनसहभागिता हाम्रो कार्यसम्पादनका मूल मन्त्र हुन्। विनियोजित बजेटको सही र पारदर्शी सदुपयोग गर्दै समयमै योजना तथा कार्यक्रमहरू सम्पन्न गर्न र सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन गाउँपालिका पूर्ण रूपमा प्रतिबद्ध छ। हाम्रा यी लक्ष्य र उद्देश्यहरू प्राप्त गर्नका लागि यहाँहरू सम्पूर्णको निरन्तर साथ, रचनात्मक सल्लाह, सहयोग र खबरदारीको म सधैं अपेक्षा गर्दछु।

यस नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा आ-आफ्नो क्षेत्रबाट अमूल्य सुझाव र सहयोग प्रदान गर्नुहुने सम्पूर्ण वडाध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, गाउँसभा सदस्यज्यूहरू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, नागरिक समाज, बुद्धिजीवी, सञ्चारकर्मी र राष्ट्रसेवक कर्मचारीहरूप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

अन्तमा, यस पुस्तिकामा उल्लेखित योजना तथा कार्यक्रमहरूको प्रभावकारी र सफल कार्यान्वयनबाट 'समृद्ध शुद्धोदन, सुखी शुद्धोदनवासी' को हाम्रो साझा सपना साकार हुनेछ भन्ने पूर्ण विश्वास लिएको छु।

धन्यवाद ।

विष्णु प्रसाद वस्याल
गा.पा. अध्यक्ष

shuddhodhanrum@gmail.com | https://shuddhodhanmunrupandehi.gov.np

शुद्धोदन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

उपाध्यक्षको कलमबाट



आदरणीय आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू, नमस्कार !

शुद्धोदन गाउँपालिकाको आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेटलाई समेटेर तयार पारिएको यस **'वार्षिक विकास कार्यक्रम पुस्तिका'** प्रकाशन हुन गइरहेको अवसरमा सम्पूर्ण गाउँपालिकावासीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

स्थानीय तहको बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियालाई सहभागितामूलक, पारदर्शी र यथार्थपरक बनाउन हामीले टोल र वडा स्तरदेखि नै जनताका वास्तविक आवश्यकता र मागहरूलाई संकलन गरेका छौं। सीमित स्रोत साधनका बावजुद गाउँपालिकाको सन्तुलित र दिगो विकासका लागि हामीले भौतिक पूर्वाधार निर्माणका साथसाथै सामाजिक विकासलाई पनि उत्तिकै महत्व दिएका छौं।

विशेषगरी महिला सशक्तिकरण, बालबालिकाको हकहित, ज्येष्ठ नागरिकको सम्मान, युवा स्वरोजगार, तथा दलित, जनजाति र सीमान्तकृत समुदायको मूलप्रवाहीकरण हाम्रा प्रमुख प्राथमिकता हुन्। यसका साथै, न्याय सम्पादनलाई छिटो, छरितो र प्रभावकारी बनाउन तथा सञ्चालित विकास निर्माणका योजनाहरूको नियमित अनुगमन गरी गुणस्तरीय कार्य सम्पन्न गराउन म पूर्ण रूपमा प्रतिबद्ध छु। विकास निर्माणका कार्यमा ढिलासुस्ती हुन नदिन र सुशासन कायम गर्न गाउँपालिकाले कुनै पनि सम्झौता गर्ने छैन।

यस नीति, कार्यक्रम तथा बजेट निर्माणको चरणमा आ-आफ्नो तर्फबाट रचनात्मक सल्लाह, सुझाव र सहयोग उपलब्ध गराउनुहुने सम्पूर्ण जनप्रतिनिधिज्यूहरू, राजनीतिक दलका प्रतिनिधिहरू, विषयगत समितिका सदस्यहरू, कर्मचारी वर्ग तथा सम्पूर्ण नगरवासीहरूमा म हार्दिक धन्यवाद व्यक्त गर्दछु।

अन्तमा, यस पुस्तिकामा समावेश गरिएका योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनबाट 'समृद्ध शुद्धोदन, सुखी शुद्धोदनवासी' को लक्ष्य प्राप्त गर्न हामी सबैलाई थप ऊर्जा र प्रेरणा मिलोस् भन्ने कामना गर्दछु।

धन्यवाद ।

शान्तादेवी ज्ञवाली
गा.पा. उपाध्यक्ष

shuddhodhanrum@gmail.com | https://shuddhodhanmunrupandehi.gov.np

शुद्धोदन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मानपकडी, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृतको तर्फबाट



समृद्ध शुद्धोदन निर्माणको महान् अभियानलाई सार्थक तुल्याउने उद्देश्यका साथ शुद्धोदन गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक विकास कार्यक्रम तथा बजेट समावेश गरी **'वार्षिक विकास योजना'** पुस्तिका प्रकाशन हुन गइरहेकोमा म अत्यन्त हर्षित छु। यस सुखद अवसरमा सम्पूर्ण शुद्धोदनवासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका प्रचलित कानुनले निर्दिष्ट गरेका अधिकार र दायित्वलाई आत्मसात् गर्दै, सात चरणको योजना तर्जुमा प्रक्रियाको पूर्ण पालना गरी यो वार्षिक विकास कार्यक्रम तयार गरिएको छ। सीमित स्रोत र साधनको उच्चतम र न्यायोचित वितरण गर्दै गाउँपालिकाका नागरिकको आवश्यकता र चाहनालाई प्राथमिकतामा राखेर पूर्वाधार विकास, कृषि, शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना र सुशासन प्रवर्द्धनमा यस वर्षको बजेट केन्द्रित रहेको छ। दिगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गर्दै समावेशी र समतामूलक विकासको अवधारणालाई यस योजनाले आत्मसात् गरेको छ।

गाउँसभाबाट स्वीकृत नीति, बजेट तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गर्नु नै हाम्रो प्रमुख दायित्व हो। यस गाउँपालिकाको प्रशासनिक संयन्त्रलाई थप जनमुखी, पारदर्शी, जवाफदेही, प्रविधिमैत्री र नतिजामुखी बनाउँदै सुशासनको प्रत्याभूति दिलाउन म प्रमुख प्रशासकीय अधिकृतको रूपमा पूर्ण प्रतिबद्धता व्यक्त गर्दछु। तोकिएको समयमै पुँजीगत खर्च वृद्धि गरी विकास निर्माणका कार्यहरू पारदर्शी र गुणस्तरीय रूपमा सम्पन्न गर्न तथा सेवा प्रवाहलाई चुस्त दुरुस्त राख्न गाउँपालिकाको सम्पूर्ण कर्मचारी परिवार कटिबद्ध रहने विश्वास दिलाउन चाहन्छु।

यस वार्षिक विकास योजनालाई अन्तिम रूप दिन नीतिगत मार्गदर्शन गर्नुहुने गाउँपालिकाका सम्माननीय अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, गाउँसभा सदस्यज्यूहरू, विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरू, राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाज, सञ्चारकर्मी लगायत सम्पूर्ण सरोकारवाला निकायहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। साथै, योजना तर्जुमादेखि यस पुस्तिका प्रकाशनसम्म अहोरात्र खट्ने सम्पूर्ण कर्मचारी मित्रहरूलाई विशेष धन्यवाद दिन चाहन्छु।

अन्तमा, आर्थिक वर्ष २०८३/८४ को यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट गाउँपालिकाको आर्थिक-सामाजिक रूपान्तरण गर्दै **'समृद्ध शुद्धोदन, सुखी शुद्धोदनवासी'** को दीर्घकालीन लक्ष्य पूरा गर्न हामी सबैलाई थप ऊर्जा, सहकार्य र प्रेरणा मिलोस् भन्ने कामना गर्दछु।

धन्यवाद ।

लेख बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

shuddhodhanrum@gmail.com | https://shuddhodhanmunrupandehi.gov.np

सम्पादकीय.....

घरघरमा सिंहदरबार पुर्याई सुखी र समृद्ध नेपालको सपना नेपाल सरकारले आत्मसात गरेको छ । आ-आफ्नो कार्यक्षेत्र भित्र सरल र सहज तरिकाले विकास निर्माण एवम् सेवाप्रवाह गर्नमा स्थानीय सरकारहरू स्वतन्त्र छन् । कानुनी व्यवस्था, तीव्र जनचाहना र कर्मचारी वर्गको तत्परताको परिणाम स्वरुप पछिल्ला समयमा यस गाउँपालिकामा रचनात्मक क्रियाकलापहरू भइरहेको आभाष मिल्दछ । यस वार्षिक विकास योजनामा समेटिएका विषय वस्तुहरूले हामीलाई आगामी दिनमा गरिने कार्यमा अझ उत्प्रेरित गर्ने देखिन्छ । यस कार्यलाई निरन्तरता दिनका लागि आइपर्ने बाधा अड्चनलाई हटाउँदै जानुपर्ने अवस्था छ । यो खालको कार्यले शुद्धोदनको सभ्यता, सुन्दरता र समृद्धिका लागि काम गर्नमा अझ महत्त्वपूर्ण भूमिका निर्वाह पक्कै पनि गर्नेछ ।

आर्थिक वर्षमा सञ्चालित सबै कार्यको विवरण र कार्यालयको बारेमा विस्तृत जानकारी समावेश गरिएकोले यो पुस्तक सबै तह र निकायका लागि उपयोगी छ। स्थानीय सरकारको मुख्य कार्यालयबाट वार्षिक रूपमा सञ्चालित कार्यहरू जान्नु आम नागरिकको अधिकार पनि हो। यसैलाई मध्यनजर गर्दै आ.व. २०८३/८४ का लागि विभिन्न सरकार र गैरसरकारी संस्थाहरूले तयार पारेका कार्य विवरणहरूलाई समेत समावेश गरिएको छ।

यस वर्षको बजेट पुस्तक विगतको भन्दा परिष्कृत रूपमा तयार गरिएको छ। कार्यमात्र गरेर हुँदैन, त्यसको अभिलेखीकरण पनि उत्तिकै महत्त्वपूर्ण छ भन्ने कुरालाई आत्मसात् गर्दै यो वार्षिक विकास योजना पुस्तक तयार गरिएको छ। यो पुस्तक तयार गर्ने क्रममा संलग्न सम्पूर्ण शाखा प्रमुखहरू, वडा सचिवहरू, स्वास्थ्य संस्थाका प्रमुखहरू, कर्मचारीहरू, अध्यक्ष, उपाध्यक्षलगायत सम्पूर्ण जनप्रतिनिधिहरू र सहयोगीहरूप्रति हार्दिक आभार प्रकट गर्दछु।

-सम्पादन मण्डल

विषय सूची

सि.नं.	विवरण	पेज नं.
१	गाउँपालिकाको संक्षिप्त चिनारी	१-३
२	वार्षिक नीति तथा कार्यक्रम-२०८३	४-३१
३	बजेट वक्तव्य -२०८३	३२-६२
४	शुद्धोदन गाउँपालिकाको आर्थिक ऐन २०८३	६३-९५
५	शुद्धोदन गाउँपालिकाको विनियोजन ऐन-२०८३	९६-९८
६	आ.व. २०८३/०८४ को योजना तथा कार्यक्रम	९९-१६१
७	वार्षिक खर्चको मापदण्ड आ.व. ०८३/८४	१६२-१६६
८	गाउँ सभाको उपस्थिति तथा निर्णयहरू	१६७-१७९
९	विभिन्न सम्पर्क सम्बन्धहरू	१७०-१८४

शुद्धोदन गाउँपालिकाको संक्षिप्त चिनारी

- नेपालको संविधान, २०७२ बमोजिम नेपाल सरकारको मिति २०७३ फाल्गुण २७ गतेको निर्णय अनुसार यस शुद्धोदन गाउँपालिकाको स्थापना भएको हो ।
- लुम्बिनी प्रदेश अन्तर्गत रुपन्देही जिल्लाका १६ वटा स्थानीय तहहरू (१० वटा गाउँपालिका) मध्ये एक सदरमुकाम भैरहवादेखि २३ किलोमिटर पश्चिम मानपकडीमा गाउँपालिकाको केन्द्र अवस्थित छ ।
- साविकका ८ वटा गा.वि.स. (सौ. फर्सटिकर, ख. बनगाई, मानपकडी र मानमटेरिया) हरू यस गाउँपालिकामा समेटिएर हाल ७ वटा वडा कायम भएका छन् ।
- पूर्वपश्चिम लोकमार्ग अन्तर्गत नामनगरदेखि ५ किलोमिटर दक्षिण, ८३.४१६० पूर्वी देशान्तर र २७.६२३५ उत्तर अक्षांशमध्य अवस्थित यो गाउँपालिका समुन्द्र सतहदेखि करिब ९२.१ मिटरको उचाइमा छ ।
- ५७.६६ वर्ग किलोमिटर क्षेत्रफल भएको यो गाउँपालिका रुपन्देही जिल्लाको सघीय निर्वाचन क्षेत्र नं ३ तथा प्रदेश निर्वाचन क्षेत्र नं. ३ (ख) मा पर्दछ ।
- पूर्वमा तिलोतमा नगरपालिका, पश्चिममा गैडहवा गाउँपालिका, उत्तरमा बुटवल उपमहानगरपालिका र सैनामैना नगरपालिका तथा दक्षिणमा सिग्गरी, मायादेवी र गैडहवा गाउँपालिका पर्दछन् ।
- विश्व विख्यात शान्तिका प्रतिक गौतम बुद्धका पिता शुद्धोदनको नामबाट यस गाउँपालिकाको नामकरण गरिएको हो । लामो इतिहास बोकेको दरबाहा मेला, मौलिक चाडपर्व, परम्परा, संस्कृति र भाषा गाउँपालिकाका महत्वपूर्ण र ऐतिहासिक पक्ष हुन ।
- उत्तर पश्चिमबाट बग्ने दानव नदी र पूर्वबाट बग्ने तिनाउ नदीलगै प्राकृतिक, भौगोलिक र सांस्कृतिक मनोरम स्थलले यो गाउँपालिका सिंगारिएको छ ।
- खुल्ला दिसामुक्त, पूर्ण खोपयुक्त र पूर्ण साक्षर यस गाउँपालिकाको सबैतिर बस्ती तथा खेतीयोग्य जमीन रहेको छ ।
- यस गाउँपालिकामा पहाडी मूलका जातिमा ब्राह्मण, क्षेत्री, मगर, गुरुङ, नेवार, कामी, सार्की, दमाईलगायत थैथाने जातिमा थारू, यादव, लोध, कुर्मी, हरिजन, मुसलमान आदिको बसोबास रहेको छ ।
- यो गाउँपालिका रुपन्देही जिल्लाको विकसित गाउँपालिकाहरू मध्ये एक हो । यसको भू-बनोट समथर एकै खालको छ । समतल भूभाग र उर्वर मलिलो माटोका कारण प्रशस्त मात्रामा कृषि उत्पादन हुन्छ ।
- यहाँ मौसम अनुसारका खेती बाह्रै महिना गर्न सकिन्छ । मुख्य बाली धान, गहुँ, मकै, माम, मसुरो, रहर, आलस, तोरी, चदाम, आलु आदि हुन ।
- व्यवसायिक रूपमा तरकारी खेती, पशुपालन, कुखुरापालन तथा मत्स्यपालन गरिँदै आएको छ । उत्पादित

खाद्यान्न तथा तरकारी नजिकैका स्थानीय हाट बजारहरू, भैरहवा र बुटवलमा बेचबिखन गरिन्छ ।

- यस जिल्लामा उष्ण प्रदेशीय हावापानी पाइए तापनि बाह्र महिना एकैनासको हावापानी छैन । चैत्र महिनादेखि आश्विनको शुरुसम्म गर्मी हुन्छ ।
- हिन्दु, बुद्ध, इसाइ, इस्लाम धर्मावलम्बीहरू बसोबास गर्दछन । दशैं, तिहार, जनैपूर्णिमा, तिज, छठ, होली, बुद्धजयन्ती क्रिसमस, इद लगायतका विभिन्न चाडपर्व यहाँ मनाइन्छ । मठमन्दिर, विभिन्न धार्मिक स्थल, देउसीभैलो, भजनकृतन, कौरा, थारूनाच आदि यहाँका मौलिक सांस्कृतिक धरोहर हुन ।
- २०१६ सालदेखि नै विद्यालयको स्थापना गर्ने, भैलुभुज सिंचाईको सुविधा, यातायात लगायतका विभिन्न विकासका कार्यमा यहाँका जनताको प्रत्यक्ष योगदान रहेको छ ।
- आर्थिक समृद्धिका लागि कृषि र पशुपालनका माध्यमबाट पर्यटनका क्षेत्रमा परिवर्तनको प्रशस्त सम्भावना बोकेको छ ।
- २०७८ सालको जनगणना अनुसार कुल जनसंख्या ४१,९०७ मध्ये महिला २१,३३७ र पुरुष २०,५७० जना रहेको छ । वार्षिक जनसंख्या वृद्धिदर १.९७ प्रतिशत, घरपरिवार संख्या ८,६७६, प्रति परिवार औसत व्यक्ति ४.८३, जनघनत्व (प्रति वर्ग कि.मी.) ७२७ रहेको छ । त्यसैगरी मतदाता संख्या (२०७९) २७,५७८ जना रहेका छन् ।
- प्रमुख जातजातिमा ब्राम्हण र क्षेत्री २२ प्रतिशत, मधेशी ३६ प्रतिशत, जनजाति ३३ प्रतिशत (थारु समेत), मुसलमान २ प्रतिशत, दलित ६ प्रतिशत र अन्य १ प्रतिशत रहेको छ ।
- सामुदायिक विद्यालय १७ वटा (माध्यमिक ७ र आधारभूत १०), मदरसा १ वटा, संस्थागत विद्यालय १० वटा, क्याम्पस १ वटा, सामुदायिक सिकाई केन्द्र ३ वटा, बाल विकास केन्द्र ७ वटा, स्वास्थ्य संस्था ५ वटा (प्राथमिक स्वास्थ्य केन्द्र १, स्वास्थ्य चौकी ३ र आधारभूत स्वास्थ्य केन्द्र १), बडा कार्यालय ७ वटा रहेका छन् ।
- दर्ता भएका टोल विकास संस्था ६९ वटा, गा.पा. स्तरीय सहकारी २७ वटा र प्रदेश स्तरका ६ वटा गरी जम्मा ३३ वटा, बैंक तथा वित्तीय संस्थाहरू १० वटा रहेका छन् । सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैंकहरुको संख्या ४ ।
- एम्बुलेन्स सेवा २ वटा, दमकल सेवा १ वटा (४ वटा पालिकाको संयुक्त) रहेका छन् ।
- मुख्य सडकहरूमा लुम्बिनी परिभ्रमण सडक (दोगानादेखि सिसवासम्म), तामनगर सिसवा सडक (बनगाईदेखि सिसवासम्म), बेलबास बेथरी सडक (बेतहानीदेखि अमुवासम्म), फर्साटिकर अमुवा सडक (फर्साटिकरदेखि अमुवासम्म), बकुली भैरहवा सडक (बकुलीदेखि छर्पियासम्म), केदली कोटैया सडक (केदलीदेखि कोटैयासम्म) रहेका छन् ।

- पर्यटकीय तथा सांस्कृतिक क्षेत्रमा दरहवा क्षेत्र मानपकडी, सियाभार मन्दिर क्षेत्र बेताहानी, नागेश्वर धाम नौडिहवा, राम मन्दिर फर्सीटिकर, शिवालय मन्दिर बेनही, राधाकृष्ण मन्दिर गोपालपुर, समैदेवी थान कोलुवा, गुरौलिया मस्जिद, डिउहार मन्दिर पुरैनी, कृष्ण प्रणामी मन्दिर बेलवा तथा शहरोन्मुख क्षेत्र फर्सीटिकर बजार र मानपकडी बजार ।
- हालको बडामा समावेश भएका साविकका गा.वि.स. तथा बडाहरू:
  - बडा नं. १ शिसै
    (साविकको ख. बनगाई गा.वि.स.को बडा नं. ३, ४ र ९ तथा मानपकडी गा.वि.स.को बडा नं. २ र ७)
  - बडा नं. २ ख. बनगाई
    (साविकको ख. बनगाई गा.वि.स.को बडा नं. १, २, ५, ६, ७ र ८)
  - बडा नं. ३ दोगला/सियाभार
    (साविकको सौ. फर्सीटिकर गा.वि.स.को बडा नं. २, ३, ६ र ७)
  - बडा नं. ४ सौ. फर्सीटिकर
    (साविकको सौ. फर्सीटिकर गा.वि.स.को बडा नं. १, ४, ५ ८ र ९)
  - बडा नं. ५ मानपकडी
    (साविकको मानपकडी गा.वि.स.को बडा नं. १, ३, ४, ५, ६, ८ र ९)
  - बडा नं. ६ गुरौलीया/सेमरीडाँडा
    (साविकको मानमटेरिया गा.वि.स. को बडा न. २, ६, ८ र ९)
  - बडा नं. ७ मानमटेरिया
    (साविकको मानमटेरिया गा.वि.स. को बडा नं. १, ३, ४, ५ र ७)

शुद्धोदन गाउँपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद बस्यालज्यूले गाउँसभामा पेश गर्नु भएको आर्थिक वर्ष २०८३/८४ का प्रस्तावित नीति तथा कार्यक्रमहरु

सभा अध्यक्षज्यू,

गाउँसभाका सदस्य ज्यूहरु,

१ नेपालको इतिहासको कालखण्डमा विभिन्न समयहरुमा शासन व्यवस्थामा आएको परिवर्तनको फलस्वरुप नेपालको संविधान कार्यान्वयनका क्रममा गाउँपालिकाले प्रत्येक वर्ष आफ्नो अधिकार क्षेत्रका कार्यहरु गर्न सभामा पेश गर्ने जस्तै आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम यस गाउँपालिकाको गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ ।

२ संघीयताको कार्यान्वयनको क्रममा स्थानिय सरकारको रुपमा यस गाउँपालिकाको वर्तमान कार्यपालिकाले विगत ४ वर्षको नीति तथा कार्यक्रमहरु यसै सभामा प्रस्तुत गरी कार्यान्वयन गरेको छ। जसको कार्यान्वयनका क्रममा सकारात्मक परिणामहरु देखा परेको मैले महशुस गरेको छु । जसमा विभिन्न क्षेत्रबाट सहयोग प्राप्त भएको छ। उक्त कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण यस गरिमामय गाउँसभा सदस्यज्यूहरु, कर्मचारीहरु, नागरिक समाज, राजनीतिक दलहरु लगायत आम जनसमुदाय प्रति हार्दिक आभार प्रकट गर्दछु।

३ नेपालको वर्तमान राजनीतिक परिवर्तनको कुरा सम्पूर्ण सभाका सदस्यज्यूहरुलाई अवगत नै रहेको छ । देशमा भर्खरै सम्पन्न भएको चुनावबाट गठन भएको नयाँ सरकारका नीति तथा कार्यक्रम, प्रदेश सरकारले जारी गरेका नीति तथा कार्यक्रमहरुलाई पालना गर्दै आगामी आर्थिक वर्षमा यस गाउँपालिकाले अवलम्बन गर्नु पर्ने नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।

४. समानुपातिक तथा समावेशी विकास र आपसी सहयोगका माध्यमबाट सामाजिक सहिष्णुता वृद्धि तथा भातृत्वको भावना विस्तार गर्ने कतिपय कार्यक्रमहरु सम्पन्न भैसकेकाले चालु वर्षका केही नीतिहरु कार्यान्वयनमा सफलता मिलेको अवस्था रहेको छ । शुद्धोदन वासीहरुको सदियौं देखि समस्याको रुपमा रहेको भूमि सम्बन्धी समस्या समाधान गर्न यस गाउँपालिकाको सक्रियतामा धेरै कार्यहरु सम्पन्न भएको छ । यस कार्यमा सहयोग गर्नु हुने सबै सरोकारवालाहरु तथा भूमी समस्या समाधान आयोग र यसको जिल्ला समिति तथा सम्बन्धित सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहान्छु । यस सम्बन्धी बाँकी काम आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी यस नीति तथा कार्यक्रममा व्यवस्था मिलाएको छु ।

५. नेपाल सरकारले लिएको **"सुशासन, सामाजिक न्याय र समृद्धि"** को लक्ष्यलाई आत्मसाथ गर्दै यस गाउँपालिकाले पनि गाउँपालिका वासीको सुख र समृद्धिको लागि लिएको विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका लागि गाउँपालिकाका प्रशासनिक संरचना निर्माणको कामलाई उच्च प्राथमिकतामा राखी कार्य गर्ने गरेको थियो जसको परिणाम स्वरुप हाल सबै प्रशासनिक संरचनाहरुबाट सेवा प्रवाहको काम प्रभावकारी रुपमा सञ्चालन भैरहेको छ । विकासको लागि सडक पूर्वाधार, कृषि तथा पशु क्षेत्रको उत्पादन वृद्धि, स्वास्थ्य क्षेत्रको प्रभावकारी सेवा, शिक्षामा गुणस्तर सुधार, सामाजिक क्षेत्रमा भावनात्मक सम्बन्ध वृद्धि

जस्ता गाउँपालिकाका प्रयासले गाउँपालिकाको समग्र विकासको मार्ग चित्र तयार पारेको अवस्था देखिएको छ । विकास र समृद्धिका लागि गाउँपालिकाको प्रयास यिनै कार्यहरु सम्पादन गर्न तल्लीन रहेको कुरा म यस गरिमामय सभामा प्रस्तुत गर्न चाहान्छु ।

६. नेपालमा संघीयता कार्यान्वयनमा आएसँगै हामी यस गाउँपालिकाको जिम्मेवार पदहरुमा निर्वाचित भए पश्चात हामिले जति कामहरु सम्पादन गर्न सफल भयौं यो इतिहासले मूल्याङ्कन गर्नेछ । यसका बावजुत हामिहरुसँग जतनालाई सेवा उपलब्ध गराउन विभिन्न प्रकारका अवसरहरु रहेका छन् जसलाई हामी आगामी आर्थिक वर्षमा पुरा गर्नुपर्ने देखेका छौं । जुन निम्न प्रकार रहेका छन्:

- गाउँपालिकामा गर्न सकिने उत्पादनलाई आधुनिकीकरण गरि कृषि उत्पादनलाई व्यवसायिक तरिकाले वृद्धि गर्ने वातावरणको सिर्जना गर्ने ।
- गाउँपालिकामा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको पहिचान गरी देश विदेशमा प्रचार प्रसारको माध्यमबाट पर्यटन क्षेत्रमा आमुल परिवर्तन ल्याउने ।
- गाउँपालिकाको नामांकरण भएको नाम राजा शुद्धोदनको स्तुप स्थापना सहित प्रचार प्रसारलाई व्यापक बनाउने ।
- शैक्षिक संस्थाहरुमा रहेका विभिन्न समस्याहरुको अध्ययन गरी समाधान उपायहरु पहिल्याइ शैक्षिक गुणस्तरमा सुधार गर्ने ।
- मानवीय स्रोतको अध्ययन गरी उपयुक्त रोजगारीका अवसरहरुको सिर्जना गर्ने ।
- यस गाउँपालिकामा रहेको भूमि सम्बन्धी समस्यालाई दीर्घकालीन रुपमा समाधान गर्ने ।
- साना तथा मझौला उद्योगहरुको स्थापना गर्न प्रोत्साहन गरी उत्पादनबाट गाउँपालिकालाई आत्म निर्भर गराउने ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह सँगै संक्रामक रोगको संक्रमण नियन्त्रण गर्न आवश्यक संरचना निर्माण गरी अन्य महत्वपूर्ण कुराहरुको व्यवस्थापन गर्ने ।
- गाउँपालिका भित्र बग्ने नदीहरुको बहाव अवस्थाको अध्ययन गरी नदीजन्य पदार्थको उत्खनन गर्दै यसको अनावश्यक कटान तथा जोखिमलाई न्यूनीकरण गर्ने ।

७. माथि प्रस्तुत गरिएको अवसरहरु प्राप्त गर्न हाम्रा सामु तपसिल अनुसारका विभिन्न चुनौतीहरु रहेको मैले महसुस गरेको छु ।

- कृषिको क्षेत्रमा रहेका विभिन्न आधुनिक प्रविधि प्रयोग गरी गाउँपालिकामा गरिने कृषिका कार्यहरुमा कृषकको चाहाना र अपनत्व वृद्धि गर्नु ।
- आर्थिक सामाजिक क्षेत्रको विकासलाई जनताको रोजाइमा पारी भौतिक विकास कम गर्दै लैजाने वातावरणको सिर्जना गर्नु ।

- गाउँपालिकाका युवाहरुलाई गाउँपालिकामा रोजगारीको लागि आकर्षित गरि वैदेशिक रोजगारीमा जान रोक्नु । वैदेशिक रोजगारीबाट सीप सिकी फर्केका युवाहरुलाई गाउँपालिकामा उचित रोजगारीका अवसरहरु सिर्जना गरी निजको सीपको उपभोग गर्नु ।
- गाउँपालिकामा रहेका विभिन्न आम्दानीका स्रोतहरुलाई प्रयोग गरी गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्नु ।
- संक्रामक रोगको संक्रमण नियन्त्रण गरी गाउँपालिकाको विकासलाई लक्ष्य अनुरुप अगाडि बढाउनु ।

८. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम तयार गर्न मैले नेपालको संविधान २०७२, नेपाल सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको नीति तथा कार्यक्रम, स्थानीय सरकार सञ्चालन ऐन २०७४ स्थानीय सरकारका नीति तथा कार्यक्रम तर्जुमा गर्न तयार गरिएका प्रचलित कानुनी व्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय तहका नीति, योजना र लक्ष्यका साथै हामी निर्वाचित भएर हालसम्म स्थानीय सरकार सञ्चालन गर्दा प्राप्त गरेका अनुभव तथा सिकाईहरुलाई मुख्य आधारको रुपमा लिएको छु ।

सभाका सभा-सदस्यज्यूहरु,

सुशासन तथा संस्थागत विकासः

९. चालु आर्थिक वर्ष २०८२/८३ का स्वीकृत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा हालसम्म भएको प्रगतिको विवरण प्रस्तुत गर्न चाहान्छु ।

१०. गाउँपालिकाले स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन तर्फ आर्थिक वर्ष २०८१/८२ मा गरेका कार्यहरुबाट जम्मा ६५.५० प्रतिशत अङ्क प्राप्त भएको छ ।

११ चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा आजको मिति सम्म चालु आर्थिक वर्षका कुल २२० योजना (बडा समेतको) मध्ये हाल सम्म १६२ वटा सम्झौता भै सञ्चालन भएकोमा ८८ वटा योजना सम्पन्न भएका छन् । योजनाको भौतिक प्रगति ६४.२४% र वित्तीय प्रगति ५४.३२% रहेको छ । बडा स्तरका ५६ गाउँपालिका स्तरका १८ र अन्य १४ वटा योजनाहरु सम्पन्न भएका छन् ।

१२. गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा संशोधन सहित चालु तर्फ रु. ४२ करोड ६४ लाख १७ हजार विनियोजन गरेकोमा हाल सम्म जम्मा रु. २६ करोड २० लाख ३४ हजार खर्च गरी ६१.४५ प्रतिशत खर्च गर्न सफल भएको छ ।

१३. गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा संशोधन सहित पुँजिगत तर्फ रु. ३५ करोड ७७ लाख २३ हजार विनियोजन गरेकोमा हालसम्म जम्मा रु. ९ करोड ४२ लाख ५१ हजार मात्र खर्च गरी २६.३५ प्रतिशत मात्र पुँजिगत खर्च गर्न सफल भएको अवस्था छ । पुँजिगत खर्च न्युन हुनुमा वर्तमान समयमा भएको निर्माण सामाग्रीको मूल्य वृद्धी मुख्य कारण रहेको कुरा सबै सदस्यज्यूहरुलाई जानकारी नै छ ।

१४. गाउँपालिकाले चालु आर्थिक वर्षमा संशोधन सहित जम्मा रु. ७८ करोड ४१ लाख ४० हजार विनियोजन गरेकोमा हालसम्म जम्मा रु. ३६ करोड ६२ लाख ८६ हजार खर्च गरी जम्मा ४५.४३ प्रतिशत मात्र खर्च गर्न सकेको अवस्था रहेको छ ।

१५. गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ सम्म अध्यावधिक बेरुजु रु. १३ करोड १९ लाख २६ हजार ४ सय ७ रहेकोमा यस आर्थिक वर्षमा रु. २ करोड ५० लाख फछ्यौंट गरी हाल सम्म अध्यावधिक बेरुजु जम्मा १० करोड ६९ लाख २६ हजार ४ सय ७ मात्र रहेको छ ।

१६. गाउँपालिका भित्र हुने चोरी तथा अन्य गैरकानुनी कामको अवलोकन तथा सचेतना फैलाउन फर्सांटिकर बजारमा ANPR क्यामेरा जडान गरिएको । गाउँपालिकाको सभाहलमा नेटवर्किंगको काम सम्पन्न भएको छ ।

१७. शुद्धोदन गाउँपालिका कार्यालयको शान्ति सुरक्षामा खटिएको नगर प्रहरी इकाइबाट दानव र तिनाउ खोलामा नियमित रुपमा गस्ति गरिएको छ। फर्सांटिकर, भुजौली, मानपकडी र पुरैनी हाटबजारको बैटकि उठाउने काम गरियो ।खेल सम्याउँदा बढि भएको माटो बिक्री वितरण गर्दा रेखदेख गरियो। दर्वहवा मेलामा शान्ति सुरक्षाको लागी खटियो। शुद्धोदन पार्क सरसफाई तथा प्रवेश शुल्क उठाउने काममा सहयोग भएको छ । नदीजन्य पदार्थको उत्खनन् तथा बिक्री वितरण गर्दा रेखदेख गरियो। तिनाउ र दानव नदीमा गस्ति गर्दा अवैद रुपमा मिस्कट उत्खनन् र ओसरपासर गर्ने गाडीहरुलाई नियन्त्रण लिई कारवहिको लागि पठाईयो साथै अवैद रुपमा घाटगद्दि गरेको मिस्कटलाई जफत गरियो।शैक्षिक महोत्सव तथा अध्यक्ष कप खेलकुद कार्यक्रम र फर्सांटिकर फुटबल कप हुदा रेखदेख र सुरक्षाको लागि खटियो। बडा नं.१ देखी ७ सम्म एकिकृत घुम्ति शिविर हुदा शान्ति सुरक्षा साथै गाष्ट्रिय परिचय पत्र वितरणमा सहयोग गरियो।

१८. शुद्धोदन गाउँपालिका भित्र रहेका हाटबजारहरुको ठेक्का आव्हान गरी ठेक्का व्यवस्थापन गर्ने काम सम्पन्न भएको छ । शुद्धोदन पार्कको ठेक्का आव्हान गरी ठेक्का व्यवस्थापन गरिएको छ ।

१९. निजीजग्गाको माटो उत्खनन् गरी बिक्री वितरण प्रयोजनका लागि ४३ वटा अनुमती प्रदान गरिएकोमा जमवाट राजस्व रकम रु.२९,१८,४१२/-(मु.अ.कर समेत) संकलन भएको छ ।निजी जग्गाको माटो उत्खनन् निजी प्रयोजनका लागि १० वटा अनुमती प्रदान गरिएको छ ।

२०. नदीजन्य पदार्थ व्यवस्थापनका लागि दानव नदी, ईङ्गुरिया नदी र तिनाउ नदीका विभिन्न घाटहरुबाट ९ वटा ठेक्का आव्हान गरी रु. २०,९५,०३,७६७/- (मु.अ.कर बाहेक) संकलन भएको छ ।

२१. आन्तरिक आयतर्फ २०८३ असार समान्तसम्म राजस्व रकम रु.२,६५,४०,२९४/- संकलन भएको छ।

सामाजिक विकासः

२२. गाउँपालिकाले आधारभूत स्वास्थ्य सेवालाई जनताको मौलिक अधिकारको रूपमा स्वीकार गर्दै गाउँपालिकाको सातवटै वडा मार्फत प्राथमिक स्वास्थ्य सेवा प्रदान गरिदै आएको छ । जसमा आ.व. २०८२/०८३ को हालसम्म स्वास्थ्य संस्थमा मार्फत सेवा लिएका जनसंख्या २७१२३ रहेको छ ।पूर्ण खोप पाएका

बालबालिकाको संख्या १०० प्रतिशत रहेको छ। रूपन्देही जिल्लामा पूर्ण खोप दिगोपना सुनिश्चितता घोषणा गर्ने पालिकाहरूमा दोस्रो स्थानमा छ । मोतिपुर प्राथमिक स्वास्थ्य केन्द्रमार्फत स्वास्थ्य बिमा कार्यक्रम संचालन भइरहेको छ । रेबिज रोग बिरूद्को भ्याक्सीन लगाउने कार्यक्रम मार्फत ३२७ जनाले सेवा लिएका छन्। संस्थागत प्रसुती १०० प्रतिशत भएको अवस्था छ । सुत्केरी जाँच कार्यक्रम ९५% प्रतिशत रहेको छ । जसको कारणले सुत्केरी अवस्थामा आउनसक्ने जटिलताहरूलाइ समयमै पत्ता लगाउन सजिलो भएको छ । कुपोषणलाइ न्यूनीकरण गर्नको लागि पालिकाको आफ्नै पहलमा संचालन गरेको समुदाय स्तरीय पोषण प्रवर्द्धन अभियान अन्तर्गत २३४४ जना बालबालिकाले सेवा लिएका छन् । जसको कारणले कुपोषणको प्रारम्भिक अवस्थामा पहिचान गरी उपचार गर्न सम्भव भएको छ । यस आ.व.को जेष्ठ महिना सम्ममा महिला स्वास्थ्य स्वय सेविका मार्फत २१४०१ जनाले सेवा लिएका छन् ।

२३. पालिकालाइ क्षयरोग मुक्त बनाउने हिसाबले संचालन भएको क्षयरोग मुक्त पालिका कार्यक्रम मार्फत ७२ जना क्षयरोगीहरू पत्ता लागेका छन् तथा निनिहरू सबैलाइ उपचारको दायरामा ल्याइएको छ । स्वास्थ्य संस्थाबाट टाढा रहेका क्षेत्रहरू तथा स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका क्षेत्रहरूको पहिचान गरी यस पालिकाको ३ स्थानमा गाउँघर क्लिनिक तथा ९ वटा स्थानहरूमा खोप क्लिनिक मार्फत सेवा प्रदान गर्दै आइएको छ ।

२४. समुदायमा फैलिँदै गएको नसर्ने रोगको अवस्था पत्ता लगाउनको लागि प्रत्येक वडामा मधुमेहको जाँच, मृगौला रोगको जाँच, उच्च रक्तचापको जाँच, तथा मोटोपना जाँचको सुरूवात स्वास्थ्य कार्यालय रूपन्देही तथा गाउँपालिकाको संयुक्त आयोजनामा संचालन गरिएको छ, जसमा हालसम्म २८०० जनाले सेवा लिइसकेका छन् ।

२५. गाउँपालिकाले गरिब विपन्न दीर्घ रोगीहरुको उपचार सहयोगको लागि संघीय सरकारबाट उपलब्ध हुने रु. १ लाखको उपचार सहयोग गर्ने कार्यको लागि यस गाउँपालिकाका ५० जना नागरिकहरुलाई सिफारिस गरी उक्त सेवा प्राप्त गर्न सहयोग गरेको छ ।

२६. गाउँपालिकाले आँखा उपचारको सुविधा उपलब्ध गराउन आँखा अस्पताल रुपा अप्टिका आँखा अस्पताल र बुटवल लायन्ससँगको सम्झौता अनुसार मोतिया बिन्दुको अप्रेशन सेवाको लागि ७९ जना बिरामी हरुलाई मोतिया बिन्दुको अप्रेशनको लागि सिफारिस गरिएको छ ।

२७. गाउँपालिका भित्रका स्वास्थ कर्मीहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिम गोष्ठी लगायतका कार्यक्रमहरु सञ्चालन गरिएको छ । सबै स्वास्थ्य संस्थाहरुलाई किसोर किसोरी मैत्री स्वास्थ्य संस्था घोषणा गर्ने कार्यलाई अगाडी बढाइएको छ । लागु औषध दुर्वेशन नियन्त्रण सम्बन्धी युवा लक्षित कार्यक्रम गरिएको छ ।

२८. आयुर्वेद स्वास्थ्य तर्फ आयुर्वेद औषधालय बहिरङ्ग सेवा (OPD) बाट ४०९७ जना बिरामीहरूलाई स्वास्थ्य उपचार तथा परामर्श सेवा प्रदान गरिएको छ । जसमा महिला २१०२ र पुरुष १९९५ रहेका

छन। आयुर्वेद गाउँघर क्लिनिक गाउँपालिकाको वडा नं.१ सिशै र वडा न. २ भुजौलीबाट १३०७ जना नागरिकहरूलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ ।

२७. जनप्रतिनिधि तथा कर्मचारीहरू गरी ५० जनालाई आयुर्वेद स्वास्थ्य सेवा सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ । आयुर्वेद औषधालय तथा गाउँघर क्लिनिकबाट ३७१ जना जेष्ठ नागरिकहरूलाई स्वास्थ्य उपचार सेवा प्रदान गरिनुको साथै ७६ जना सुत्केरी महिलाहरूको स्वास्थ्य परिक्षण गरी दुग्धवर्धक पोषणजन्य औषधि वितरण गरिएको छ । आयुर्वेद औषधालयबाट ५३० जना विरामीहरूलाई पूर्वकर्म स्नेहन/स्वेदन थेरापी सेवा उपलब्ध गराइएको छ ।

२८. मिति २०८३/०१/०२ गते प्रथम अन्तराष्ट्रिय आरोग्य दिवस कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी तथा स्थानीय नागरिकहरू गरी ५५ जनाको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो। शुद्धोदन गाउँपालिकाबाट सञ्चालित एकिकृत घुम्ती शिविरमा आयुर्वेद शाखाबाट ६३३ जना विरामीहरूलाई स्वास्थ्य परिक्षण, परामर्श तथा औषधि उपचार गरिएको छ।

२९. शुद्धोदन गाउँपालिकाका सम्पुर्ण सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयका २८ जना शिक्षकहरूको सहभागितामा विद्यालय आयुर्वेद स्वास्थ्य तथा योग शिक्षा कार्यक्रम सम्पन्न गरिएको छ।

३०. शिक्षा युवा तथा खेलकुद तर्फ विषयविज्ञ सहित विद्यालय अनुगमन तथा कक्षा अवलोकन गरी विषयगत शिक्षक लगाएत विद्यालयको समग्र अवस्था सुधारका लागि पृष्ठपोषण प्रदान गरिएको । विद्यालय/शिक्षकको साझेदारीमा एक शिक्षक १ ल्यापटप कार्यक्रम अन्तर्गत ७ जना शिक्षकलाई ल्यापटप खरिदका लागि सम्झौता भइ काम अगाडि बढाइएको छ। सामुदायिक विद्यालयका ३० जना शिक्षकहरूलाई ICT सम्बन्धी क्षमता विकास तालिम सम्पन्न गरियो।

३३. पाँचौ राष्ट्रपति रनिङ्ग शिल्ड तथा अध्यक्ष कप खेल महोत्सव भव्य रुपमा सम्पन्न गरिएको । अन्तर विद्यालय स्तरीय खुला भजन प्रतियोगिता तथा तहगत रुपमा चित्रकला, निबन्ध लेखन, वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरिएको।

३४ सामुदायिक विद्यालयका ५७ जना स्थायी शिक्षकहरुका लागि का.स.मु. व्यवस्थापन सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो। शैक्षिक सत्र २०८२ को गाउँपालिका स्तरीय वार्षिक परिक्षा (कक्षा ५) र आधारभूत तह उत्तीर्ण परिक्षा (कक्षा ८) सञ्चालन गरी नतिजा प्रकाशन, प्रमाणपत्र वितरणको कार्य सम्पन्न गरिएको।

३५. शैक्षिक सत्र २०८१ को गाउँपालिका स्तरीय वार्षिक तथा आधारभूत तह उत्तीर्ण, SEE (२०८१), SLC (२०८२) साथै कयाम्पस तहका वार्षिक परिक्षामा उत्कृष्ट नतिजा प्राप्त १९ जना विद्यार्थी, विषयगत रुपमा उत्कृष्ट नतिजा दिन सफल १४ जना शिक्षक, उत्कृष्ट प्रधानाध्यापक, दिर्घ सेवामा रहनुभएका ७ जना शिक्षक, उत्कृष्ट बालविकास सहजकर्ता तथा उत्कृष्ट कर्मचारी गरी ४३ जना शिक्षक, विद्यार्थी तथा कर्मचारीहरूलाई सम्मान गरियो।

३६. सामुदायिक विद्यालयमा प्राथमिक उपचारमा सहयोग पुग्ने अपेक्षा सहित सामग्री सहितको प्राथमिक उपचार बाकस वितरण गरियो। सामुदायिक तथा संस्थागत विद्यालयका खेलकुद शिक्षकहरुका लागि ७ दिने पिटी तथा खेलकुद तालिम सञ्चालन गरि सम्पन्न गरिएको । सामुदायिक विद्यालयका बाल विकास सहजकर्ताहरुका लागि ४ दिने पुनर्ताजगी तालिम सञ्चालन गरि सम्पन्न गरियो।

३७ युवा तथा खेलकुद तर्फ वडा स्तरिय, आमन्त्रीत अन्तरपालिका स्तरीय विभिन्न खेलकुद प्रतियोगिता आयोजना गरी सम्पन्न गरियो ।

३८. सामुदायिक विद्यालयका बालविकास सहजकर्ता, विद्यालय सहायक, सहयोगी कर्मचारी तथा समुदायमा आधारित बालविकास केन्द्रका हेरालुहरुका लागि मासिक ७०००/- का दरले पारिश्रमिक थप गरि तेस्रो त्रैमासिक सम्म रकम रु.४८,८२,०८१/- (अक्षरुपी अठचालिस लाख बयासी हजार एकासी मात्र) खर्च गरिएको छ।

३९. शिक्षा युवा तथा खेलकुद विकास शाखाको हाल सम्म समर्न तर्फ जम्मा रकम रु. १२,४१,२१,१३०/-(अक्षरुपी बाह्र करोड एक्चालीस लाख एक्काइस हजार एक सय तीस रुपैया मात्र) खर्च गरिएको छ। यने आन्तरीक तर्फ रु. १,३९,३१,१७७/-(अक्षरुपी एक करोड उनन्चालिस लाख एकतीस हजार एक सय सतहत्तर रुपैया मात्र) खर्च गरिएको छ।

४०. विश्व हातधुने दिवस २०८२ भगलापुर मा.वि. मा विभिन्न कार्यक्रमहरु सम्पन्न भएको छ । विश्व शौचालय दिवस २०८२ शिशै मा.वि.मा विभिन्न कार्यक्रमहरु सम्पन्न गरिएको छ। शुद्धोदन गाउपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता (WASH) योजना तयार गरी खानेपानी तथा ढल व्यवस्थापन विभागको NWASH System मा समावेश गरिएको छ । वडा कार्यालयहरुको सिफारिसमा विपन्न वर्गहरुलाई हेण्ड पाइपको सामग्री उपलब्ध गराइएको छ । ख.वनगाइ खानेपानी तथा सरसफाइ संस्थाको पम्प मोटर चटयाङले जलेको हुदा सो को स्थानमा नयाँ पम्प मोटर जडान गरिएको छ ।

४१. वडा नं. ३ जनकपुरमा रहेको सिंचाइ बोरिङमा नयाँ पम्प मोटर जडान गरिएको छ । विभिन्न स्वास्थ्य संस्था, स्कुल तथा अन्य संघ संस्था र व्यक्तिको ३० वटा हैण्ड पाइपमा पानीको गुणस्तर परिक्षण गरिएको छ ।वडा नं. ७ दक्षिण मधुवनीमा हैण्डपाइप जडान गरिएको छ । विभिन्न खानेपानी तथा सरसफाइ संस्थाको माग अनुसारको पाइप तथा फिटिङस खरिदको लागि सम्झौता गरी यसै हप्ता दिनभित्र सामान उपलब्ध भइ सम्पन्न हुने अवस्था रहेको छ ।

४२. सामाजिक समावेशीकरण र संरक्षण तर्फ २३ जना (क वर्ग २, ख वर्ग ११, ग वर्ग ६ र घ वर्ग ४) व्यक्तिहरूलाई अपाङ्गता परिचयपत्र वितरण भएका छन् । ४६९ जना (२२० महिला, २४९ पुरुष) जेष्ठ नागरिक परिचयपत्र वितरण लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम सम्पन्न भएको छ । ३४ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसमा ७४ जना "क" वर्गका अपाङ्गता भएका व्यक्तिलाई पोषणयुक्त खानेकुरा वितरण ३१ जना अपाङ्गता भएका व्यक्तिहरूका लागि अपाङ्गता सहायक सामग्री (१६ हील

चियर, ६ वैशाखी, ३ वाकर, २ वेन्बी स्टुलर, २ सेनो छड्डी र २ थेरापी बल। वितरण अपाङ्गता भएका बालबालिकाका लागि शारीरिक चेकजाँच तथा अपाङ्गता पहिचान साथै फिजियोथेरापी तथा सर्जरी अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपासँगको साझेदारीमा ५७ जना लाभान्वित (सहायक सामग्री नापजाँच २० जना, अर्थोपेडिक सहायक सामग्री विशेष जुत्ता १ जना, १२ जना बालबालिकालाई शल्यक्रियाको लागि बनेपा अस्पतालमा भर्ति गरिएका र ४५ जनाले फिजियोथेरापी सेवा लिएका। ५७ जना एकल महिलाहरूको लागि ३ दिने ब्यूटिको धुप बनाउने तालिम सम्पन्न। बालमैत्री स्थानीय शासन घोषणा प्रकृयासम्बन्धी पालिका स्तरीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यक्रम सम्पन्न। दलित समुदायका लागि दलित हक, अधिकार र कर्तव्य तथा कानूनी सचेतना कार्यक्रम सम्पन्न गरिएको छ।

४३. सामाजिक सुरक्षा भत्ता पहिलो, दोस्रो र तेस्रो किस्ता जम्मा ३ पटक (EFT वा बैंकिङ माध्यमबाट) रकम भुक्तानी वितरण गरिएको छ। पूर्ण बैंकिङ प्रणाली: सामाजिक सुरक्षा भत्तालाई सधैं पारदर्शी बनाउन १००% लाभग्राहीको खातामा सिधै (EFT वा बैंकिङ माध्यमबाट) रकम भुक्तानी गरिएको। डिजिटल डाटाबेस (MIS) अद्यावधिक: दोहोरोपन हटाउन र मृत्यु भइसकेका वा बसाईसराई गइसकेका लाभग्राहीहरूको नाम सूचीबाट हटाई बायोमेट्रिक डिभाईसद्वारा (शुद्धीकरण) गर्ने कार्य सम्पन्न । हालसम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्रहीहरुको संख्या ३३९३ रहेको छ ।

४४ शुद्धोदन गाउँपालिकाको यस आ.व. मा जन्म दर्ता ७१० जना, मृत्यु २४१, सम्बन्ध विच्छेद १९, विवाह ३५८ र बसाई सराई सरि आएको दर्ता संख्या ७०बसाई, सरि गाएको ७४ गरि हालसम्म जम्मा घटना दर्ता १४२३ दर्ता भएको छ।

४५. यस पालिका बाहेक अरु पालिकाबाट बसाई सराई, विवाह दर्ता गरि आएका तर यस पालिकामा अभिलेख नरहेका लाभग्राहीहरुको प्रतिलिपी प्रयोजनका लागि जम्मा २२३ वटा घटना दर्ताको आइडी स्थान्तरण गरिएको छ ।

४६. वडा कार्यालहरुमा केही समस्या भएमा स्वयंम आफु उपस्थिती भई सहजीकरण गर्नका साथै अनलाईन माध्यम Any Desk, Rust Desk, What's APP तथा अन्य सामाजिक संजाल मार्फत सहजीकरण गरिएको छ ।

४७. VPN तथा इन्टरनेट जडान: सबै वडा कार्यालयहरूमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुरक्षित र निरन्तर चलाउन सुरक्षित नेटवर्क (VPN) को विस्तार गरिएको छ।

४८. ७ वटै वडा कार्यालयहरुमा ई-सिफारिस सिस्टम संचालनका लागि सहायक कम्प्युटर अपरेटर नियुक्ती गरिएको छ । हालसम्म १ देखि ७ वडामा २१८६ ई-सिफारिस जारी गरिएको छ ।

४९. न्यायीक समितिमा दर्ता भएका जम्मा उजुरी संख्या - ६५ मध्ये ५० वटा उजुरीहरुको फछ्यौंट भएको छ । मेलमिलापकर्तालाई आधारभूत तालिम दिने काम सम्पन्न भएको छ ।

आर्थिक विकासः

५०. गाउँपालिकाले कृषि विकास तर्फ ४००० प्याकेट विभिन्न सिजन अनुसारका तरकारी बिउ मिनिकिट वितरण गरेको छ । ३००/३०० प्याकेट हाईब्रिड तरकारी (जिने करेला, फर्सी, बोडीको बिउ) वितरण गरिएको छ । कृषि मेला प्रदर्शनी मार्फत ३० जना किसानलाई नगद तथा प्रमाणपत्रले सम्मान गरिएको छ । २००० प्याकेट च्याउको बिउ वितरण गरिएको छ । ४१ घार मौरी सहित र ६० खाली घार वितरण गरिएको छ ।

५१. आकस्मिक बाली संरक्षण कार्यक्रम अनुसार २५०० प्याकेट किटनाशक बिसादी तथा १५०० प्याकेट ढुसीनासक बिषादी वितरण गरिएको छ । धुम्ती सिविर मार्फत ७ वटै वडामा विभिन्न कृषि संग सम्बन्धित सेवा प्रदान गरिएको । मागमा आधारित तथा करेसाबारी प्रवर्धन कार्यक्रम अनुसार १६/१६ जना कृषक मार्फत कार्यक्रम संचालन गरिएको छ ।

५२. कृषि यान्त्रिकरण कार्यक्रम अनुसार १०२ जना कृषकलाई सिंचाई मोटर, १५ जना कृषकलाई पम्प सेट र ६ जना कृषकलाई मिनीटिलर वितरण गरिएको छ । स्यालो ट्युबेल वितरण कार्यक्रम अन्तर्गत ४१ जना कृषकको खेतमा स्यालो ट्युबेल जडान कार्यक्रम को प्रक्रिया आगाडी बढाइएको छ । यस गाउँपालिकामा संचालन भएका डिप ट्युबेलहरुलाई विद्युत मिटरको बिलमा ५०% रकम भुक्तानी गरिएको छ । गाउँपालिका तथा विभिन्न वडा कार्यालय मार्फत ७६,६६६ के.जी. विभिन्न जातका गहुँको बिउ वितरण कार्यक्रम सम्पन्न गरिएको छ । यस गाउँपालिका वडा नं. १ मा तरकारीको चेक जाँचको क्रममा बिषादी कम भेटिएकोले प्रोत्साहन स्वरुप करिब ३० जना कृषकलाई सम्मान गरिएको छ । करिब १२० जना कृषकलाई कृषि सम्बन्धी विभिन्न तालिम दिईएको छ ।

५३. गाउँपालिकाले पशु सेवा तर्फ गाई भैंसिलाई ६००० डोज खोरेतको खोप लगाइएको छ । २२००० भेडा बाख्रालाई पी.पी.आर. बिरुद्धको खोप लगाइएको छ । ६०० जना कृषकलाई बर्षे घासको बिउ वितरण गरिएको छ । ३०० जना कृषकलाई बर्सिम घासको बिउ वितरण गरिएको छ । दुधको गुणस्तर र मुल्य एक रुपैयाका लागि १८ वटा दुध डेरीको अनुगमन गरिएको छ । करिब ३००० पशुलाई निशुल्क औषधि वितरण गरिएको छ । वडा न २ र ४ मा करिब ४०० कृषकलाई निशुल्क क्यालसियम मिनरल वितरण गरिएको छ । वडा न ७ मा २ दिने तालिम तथा क्यालसियम वितरण गरिएको छ ।

५४. सहकारीका व्यवस्थापक र सहायक कर्मचारीहरुलाई सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सुचना प्रणाली कोपोमिस COPOMIS तालिम ४० जना सहभागितामा तालिम दिई सम्पन्न गरिएको छ । शुद्धोदन गाउँपालिकाका कार्यपालिका सदस्य तथा शुद्धोदन सञ्जालका संचालक गरी ३५ जनालाई सहकारी तथा वित्तिय साक्षरता तालिम दिने कार्य सम्पन्न भएको छ । ६९औं राष्ट्रिय सहकारी दिवसको अवसरमा सहकारीका अध्यक्ष, उपाध्यक्ष र व्यवस्थापकहरुलाई सहकारीको मुल नारामा आधारित सहकारी संस्थाका ६५ जनालाई उद्यमशिलता र पारदर्शिता सम्बन्धी १ दिने अभिमुखिकरण तालिम कार्यक्रम सम्पन्न ।

५५. पालिका स्तरीय सहकारी संस्थाका ७५ जनालाई १ दिने नियामकिय निर्देशन राष्ट्रिय सहकारी नियमन प्राधिकरण संस्था अभिमुखिकरण तालिम कार्य सम्पन्न। वडा नम्बर ५ र ६ मा संचालित समुदायिक संस्थाका १२५ जना सदस्यहरुलाई ७ दिने समुह गठन भएका समुह संस्थामा आय आर्जन तथा स्वरोजगार मुलक तथा वित्तिय साक्षरता परिक्षण अभिमुखिकरण तालिम कार्य सम्पन्न।

५६. गाउँपालिका स्थानीय विकास कोषको लेखा परिक्षण सम्पन्न। वडामा स्थानीय विकास कोष अन्तर्गतका सामुदायिक संस्था/ समुहहरुको नियमित हुने बैठक कार्य निरन्तरता रहेको। स्थानीय विकास कोषबाट परिचालन गरिएको नियमित ऋणपुँजि लगानी असुली नियमित कार्य भएको। वडा नं. ५ मा गाउँपालिका सामाजिक परिचालन समिति बैठक बाट १० लाख घुम्तिकोष ऋण स्वीकृत भई ऋण परिचालन। सामुदायिक विकास कोषको आन्तरीक लेखा परिक्षण सम्पन्न।

५७. पालिका स्तरीय २६ वटा सहकारी संस्था मध्ये ४ वटा सहकारी अनुगमन गर्ने कार्य सम्पन्न भएको। बजार अनुगमन गर्ने क्रममा १० के. जि. बराबरको आखाद्य वस्तु मिटाई नष्ट गर्ने कार्य सम्पन्न गरियो । दरबाह कोटहीमाई पर्यटकीय मेला बजार स्टल निर्माण गरी व्यवसाय गरेका मिटाई पसल जिल्ला खाद्य तथा गुण नियन्त्रण कार्यालयका प्राविधिक सहित बजार अनुगमन गर्ने कार्य सम्पन्न भएको छ।

५८. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत ४६ जना लाभग्राहीहरुलाई वडागत रुपमा योजना संचालन सम्बन्धमा अभिमुखिकरण तथा परिचयपत्र वितरण गरी, उनिहरु मार्फत रोजगार उपभोक्ता समिति गठन भई योजना सम्झौता गरी ६ वटा वडाहरुमा खानेपानी पाईपलाईन विस्तार, सिचाई कुलो सरसफाई, तथा विभिन्न टाउँहरुमा सरसफाई सम्बन्धी न्युनतम रोजगारीका कार्यक्रम संचालनमा गरिएको । आर्थिक वर्ष २०८३/०८४ को लागि न्युनतम रोजगारीमा संलग्न हुनको लागि जम्मा १३८ आवेदन वडागत रुपमा संकलन गरी EMIS मा परिविष्ट गरिएको छ । श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी कियाकलाप वडागत रुपमा संचालन तथा रोजगार संवाद मंचको संचालन गरिएको छ । शुद्धोदन गाउँपालिका, रुपन्देही को रोजगारीको अवस्था, वैदेशिक रोजगारीमा गएका तथा फर्किएका नागरिकहरुको तथ्याङ्क संकलन गर्ने सम्बन्धी मापदण्ड, २०८३ तयार गरी सोही बमोजिम तथ्याङ्क संकलनको कार्य गरिएको ।

५९. सामि कार्यक्रम अन्तर्गत कार्यक्रम कार्यान्वयन समितिको गठन तथा सोको बैठक, चौथो चरणको कार्यान्वयन मोडालिटी सम्बन्धमा अभिमुखिकरण कार्यक्रम, समुदाय स्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमुखिकरण तथा सुचना प्रवाह तथा विषयगत समिति/शाखा सँग वैदेशिक रोजगारी सम्बन्धी सेवालाई सम्यागत गर्ने सम्बन्धमा अन्तरकिया कार्यक्रम सम्पन्न गरिएको ।

६०. श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृतिको लागि सहजीकरण गरि ७० जनालाई स्टिकर प्रिन्ट प्रदान गरिएको।

६१. वैदेशिक रोजगार बोर्डको सचिवालय मार्फत प्रदान गरिने आर्थिक सहायता अन्तर्गत वैदेशिक रोजगार सन्ततति छात्रवृत्ति को लागि सहजीकरण ७ जना, विदेश बाट शव नेपाल झिकाउन सहजीकरण १ जना,

विमान स्थलवाट निशुल्क रुपमा घरसम्म शव ढुवानी सहजीकरण १ जना, मृतकको परिवारलाई आर्थिक सहायताको लागि सहजीकरण १ जना तथा उद्धार तथा खोजतलासको लागी सहजीकरण १ जना गरि FEWIMS मा प्रविष्ट गरी गरिएको ।

पूर्वाधार विकासः

६२. भौतिक पूर्वाधार तर्फ गाउँपालिकाको सभाहल निर्माण सम्पन्न भई संचालनमा आएको छ । वडा नं. १ परौना गाउँ देखि भाटा जाने सडक निर्माण सम्पन्न भएको छ । वडा नं. १ परिसरमा क्यान्टिन र पार्किङ स्थल निर्माण सम्पन्न भएको छ । वडा नं. न. १ मा विभिन्न ४ वटा सडक पि.सि.सी. गर्ने काम सम्पन्न भएको छ । वडा नं. १ मा रहेको गोरखनाथ ताल र वडा ६ मा रहेको चप्पर खोला ताल उत्खनन् सम्पन्न भई बाल निर्माण कार्य अघि बढेको छ ।

६३. वडा नं. ६ कार्यालय र स्वास्थ्य चौकी भवन निर्माणको काम ७०% सम्पन्न भएको छ । मोतिपुर १५ सैया अस्पताल निर्माणको अन्तिम चरणमा रहेको छ ।

६४. सियारी कुलो निर्माण गर्ने काम सम्पन्न भएको छ । वडा नं. २ को भुजौली पुरैनी सडक मर्मत सम्पन्न गर्ने कार्य सम्पन्न भएको छ । संस्कृत विद्या पिठ विद्यालयको ४ कोठे भवन को जग को काम सम्पन्न भै पहिलो तलाको काम अगाडी बढेको छ । पुरैनी आधारभुत विद्यालयको भवन निर्माणको काम सम्पन्न भै संचालनमा आएको छ। कोटहिया पुरैनी सडकको निर्माण कार्य भईरहेको छ ।

६५. कोलुवा, परौना, सिसौघारी, गुरौली, धनौरा, सिसवा, सखुवानी, बेलहियामा गरि १ करोड ५० लाखको तटबन्ध निर्माण भएको र क्रमश : नौडिहवा, सिकरा, मधुवनी र गुरौली मा निर्माणको कार्यको लागि सम्झौता भएको छ ।

६६. वडा नं. ३ को आधारभुत स्वास्थ्य केन्द्रको भवन निर्माणको काम ७०% सम्पन्न भएको छ । शंकर मा.वि.को दोगाना खण्डको भवन ४०% सम्पन्न भएको छ । वडा नं. ४ का विभिन्न ५ सडकहरु पि.सि. सी. गर्ने काम सम्पन्न भै सञ्चालनमा आएका छन् ।

६७. वडा नं. ३,४ र ६ का विभिन्न सडकमा स्ट्रिट लाईट जडान भएको । गाउँपालिका भवनमा मर्मत सम्भार र ट्रस निर्माण भएको ।वडा नं. ६ चकुलीमा नाली निर्माण गर्ने काम सम्पन्न भएको छ । वडा नं. ६ भैरहवा टोल मा कल्भर्ट र पैनी निर्माण गर्ने काम सम्पन्न भएको छ । वडा नं. ६ बैरी डांडामा सडक पि.सि.सी. गर्ने काम सम्पन्न भएको छ ।

६८. गाउँपालिका आर्थिक वर्ष २०८२/८३ मा टेक्ना प्रकृयाबाट विभिन्न योजना गरि करिब ३० वटा योजना सम्झौता भई निर्माण भईरहेको अवस्था छ ।

वन, वातावरण तथा विपद् व्यवस्थापनः

६९. आगोलागी, अति विपन्न, मृत्यु भएका तथा आर्थिक अवस्था न्यून भएका विपन्न नागरिकहरुलाई राहत तथा औषधि उपचारका लागि आर्थिक सहायता स्वरूप विभिन्न समयमा समितिको बैठक बसि रु २,२७,०००/- राहत तथा आर्थिक सहायता उपलब्ध गराईएको छ । चिसो तथा शितलहर बाट प्रभावित हुन नदिन शुद्धोदन गाउँपालिका भित्र रहेका सम्पर्ण वडाहरुमा अति विपन्न, अशक्त तथा जेष्ठ नागरिकहरुलाई ४६० थान न्यानो कपड़ा कम्बल (ब्लाङ्केट) वितरण गरिएको छ ।

७०. आगोलागी तथा डढेलो बाट हुने विपद् घटनाहरुलाई न्युनिकरण गर्नका लागि पालिका भित्रका सम्पुर्ण वडाहरुमा नागरिकहरुलाई सुचना सम्प्रेषण गर्ने कार्य गरिएको ।पालिका भित्रका सम्पुर्ण वडाहरुमा शितलहरबाट प्रभावित हुन नदिन तथा नागरिकहरुको स्वास्थ्य रक्षाको लागी डिभिजन वन कार्यालय भैरहवा बाट मुढा दाउरा खरीद गरी पालिका भित्रका सम्पुर्ण वडा तथा टोल विकासका चोक तथा सार्वजनिक स्थलहरुमा वितरण गरिएको।

७१. जिल्ला प्रशासन कार्यालय तथा जिल्ला समन्वय समिति भैरहवा तथा राष्ट्रिय विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरण काठमाडौंले पत्रचार गरेका कार्यक्रमहरुको समन्वय तथा प्रतिवेदन पठाउने कार्य गरिएको छ ।

७२ विश्व वातावरण दिवस (जुन ५) २०८३ को अवसरमा शुद्धोदन गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारीहरु तथा विभिन्न सघ संस्थाका प्रतिनिधि र स्थानीय नागरीकहरुको सहभागितामा शुद्धोदन गाउँपालिका परिसर, सरकारी कार्यालयहरु तथा सार्वजनिक स्थलहरुमा विभिन्न फलफुल तथा जडिबुटी जन्य विरुवाहरु वृक्ष रोपन कार्यक्रम सम्पन्न गरियो ।

७३ आगामी आर्थिक वर्षमा प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरु आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वन तथा वातावरण र सुशासन तथा संस्थागत विकासमा केन्द्रित हुनेछन् । यसैको आधारमा स्रोत अनुमान तथा सीमा निर्धारण गर्ने कार्य सम्पन्न भएको छ ।

७४. आगामी आ.व. २०८३/८४ को नीति, कार्यक्रम तथा बजेट निर्माणका लागि यस गाउँपालिकाले विद्युतीय माध्यमबाट र मिति २०८३।०२।२० गते विभिन्न सरोकारवालाहरुको उपस्थितिमा सुझाव संकलन गर्ने कार्य सम्पन्न गरी प्राप्त सुझावहरुलाई नीति तथा कार्यक्रममा समावेश गर्ने प्रयास गरिएको छ । यस गाउँपालिकाका विभिन्न विषयगत समितिहरुको समेत सिफारिसमा यस वर्षको नीति तथा कार्यक्रम तयार गरी प्रस्तुत गर्ने प्रयास गरिएको छ । यस सभामा आउने सकारात्मक सुझावहरुलाई यस नीतिको मार्गदर्शक सिद्धान्तको रुपमा समावेश गरी संशोधन सहित यो नीति तथा कार्यक्रम यस गरिमामय सभाबाट पारित हुनेछ भन्ने आशाका साथ म यस सभामा आगामी आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

(क) सुशासन तथा संस्थागत विकासः

७५. गाउँपालिकाको आवधिक योजना, मध्यमकालिन संरचना, भू-उपयोग योजना, क्षेत्रगत गुरुयोजना तथा दिगो विकास लक्ष्यसँग आवद्ध गरी वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

७६. वडास्तरदेखि गाउँपालिकास्तरसम्मको सहभागितामूलक योजना तर्जुमा प्रकियालाई थप व्यवस्थित, पारदर्शी र नतिजामुखी बनाइनेछ ।

७७. विकास आयोजनाको आवश्यकता, औचित्य, लागत तथा प्रतिफलका आधारमा आयोजना छनोट र प्राथमिकीकरण गर्ने प्रणालीलाई संस्थागत गरिनेछ ।

७८. गाउँपालिकाको आयोजना बैंक (Project Bank) निर्माण गरी सम्भाव्य तथा प्राथमिकताप्राप्त आयोजनाहरू कार्यान्वयनका लागि तयार गरिनेछ ।

७९. संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी बहुवर्षीय तथा रणनीतिक महत्वका आयोजनाहरू गाउँपालिकामा भित्याउने पहल गरिनेछ ।

८०. विकास निर्माणका योजनाहरूको नियमित प्राविधिक अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

८१. योजनाको गुणस्तर, समयसीमा र लागत प्रभावकारिता सुनिश्चित गर्न अनुगमन संयन्त्रलाई थप सुदृढ गरिनेछ ।

८२ सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक लेखापरीक्षण तथा नागरिक निगरानीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी सुशासन प्रवर्द्धन गरिनेछ ।

८३ योजना व्यवस्थापन सूचना प्रणाली (PMIS) तथा डिजिटल अभिलेख व्यवस्थापन प्रणालीको विकास र विस्तार गरिनेछ ।

८४. नीति तथा योजना निर्माणका लागि आवश्यक तथ्याङ्क संकलन, विश्लेषण, अनुसन्धान तथा प्रकाशन कार्यलाई प्राथमिकता दिइनेछ ।

८५. दिगो विकास लक्ष्य (SDGs), जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरणलाई योजना तथा बजेट प्रणालीमा मूलप्रवाहीकरण गरिनेछ ।

८६. जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति तथा सरोकारवालाहरूको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन सम्बन्धी क्षमता अभिवृद्धि गरिनेछ ।

८७. विकास साझेदार संस्था, गैरसरकारी संस्था तथा निजी क्षेत्रसँग सहकार्य र साझेदारी विस्तार गरी स्थानीय विकासमा लगानी आकर्षित गरिनेछ ।

८८ योजनाको प्रभावकारिता अभिवृद्धिका लागि सम्पन्न आयोजनाहरूको उपलब्धि तथा प्रभाव मूल्याङ्कन गरी सिकाइ र सुधारका उपाय अवलम्बन गरिनेछ ।

८९. **"तथ्यमा आधारित योजना, पारदर्शी कार्यान्वयन र दिगो विकास"** को अवधारणालाई आत्मसात् गर्दै समृद्ध शुद्धोदन निर्माणका लागि योजना व्यवस्थापन प्रणालीलाई थप सुदृढ र प्रभावकारी बनाइनेछ ।

९०. गाउँपालिकाका सम्पूर्ण प्रशासनिक तथा सेवा प्रवाह प्रणालीलाई क्रमशः डिजिटल प्रविधिमा आधारित बनाउने प्रयास गरिनेछ ।

९१. विद्युतीय सुशासन (E-Governance) को प्रवर्द्धन गरी सेवा प्रवाहलाई सरल, छरितो, पारदर्शी तथा प्रभावकारी बनाइनेछ ।

९२. गाउँपालिका तथा वडा कार्यालयहरूमा इन्टरनेट, नेटवर्किङ तथा सूचना प्रविधि पूर्वाधारको विस्तार र स्तरोन्नति गरिनेछ ।

९३. डिजिटल अभिलेख व्यवस्थापन प्रणाली लागू गरी कार्यालयका महत्त्वपूर्ण कागजात तथा तथ्याङ्कको सुरक्षित संरक्षण गरिनेछ ।

९४. नागरिकले प्राप्त गर्ने सेवाहरूलाई क्रमशः अनलाइन माध्यमबाट उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

९५. गाउँपालिकाको आधिकारिक वेबसाइट, मोबाइल एप तथा सामाजिक सञ्जालमार्फत सूचना प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।

९६. सूचना प्रविधिको माध्यमबाट गुनासो व्यवस्थापन, सुझाव संकलन तथा नागरिक सहभागिता अभिवृद्धि गरिनेछ ।

९७. GIS (Geographic Information System) आधारित योजना, सम्पत्ति तथा पूर्वाधार व्यवस्थापन प्रणाली विकास गरिनेछ ।

९८. डिजिटल प्रोफाइल तथा एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली निर्माण गरी तथ्यमा आधारित योजना निर्माणलाई प्रोत्साहन गरिनेछ ।

९९. साइबर सुरक्षा तथा सूचना सुरक्षासम्बन्धी मापदण्ड अवलम्बन गरी सरकारी सूचना तथा तथ्याङ्कको सुरक्षा सुनिश्चित गरिनेछ ।

१००. जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थी तथा समुदायको डिजिटल साक्षरता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

१०१. सामुदायिक विद्यालयहरूमा सूचना प्रविधिमैत्री शिक्षण सिकाइ वातावरण विकास गर्न आवश्यक सहयोग प्रदान गरिनेछ ।

१०२. डिजिटल भुक्तानी प्रणाली तथा विद्युतीय कारोबारलाई प्रोत्साहन गरी नगदरहित सेवा प्रणाली विस्तार गरिनेछ ।

१०३. गाउँपालिकाभित्र सार्वजनिक सेवा केन्द्र तथा डिजिटल सहायता केन्द्र स्थापना तथा सञ्चालनका लागि आवश्यक पहल गरिनेछ ।

१०४ नेपाल सरकारको १०० दिने कार्यसूची अनुरूप जनमुखी सेवाप्रवाह सुनिश्चित गर्न स्वास्थ्य सेवामा डिजिटल गुनासो व्यवस्थापन प्रणाली स्थापना गरिनेछ।

(ख) सामाजिक विकासः

१०४. आयुर्वेद, योग, प्राकृतिक चिकित्सा तथा अन्य वैकल्पीक चिकित्सालाई प्रवर्द्धन गरी नागरिक मैत्री स्वास्थ्य सेवा प्रदान गरिने छ ।

१०६. नसर्ने रोग (NCD) को निदान तथा व्यवस्थापनका लागि आयुर्वेद तथा योग चिकित्सा लाई आधुनिक तथा वैज्ञानिक प्रविधीमैत्री बनाई सेवा प्रवाह गरिनेछ ।

१०७. आयुर्वेद बहुमुल्य औषधिजन्य जडिबुटीहरूको पहिचान, संरक्षण र प्रवर्द्धन गर्ने निति लिई आवश्यक कार्यक्रमहरू संचालन गरिने छ।

१०८. आयुर्वेद औषधालयबाट प्रदान गरिने सेवालाई जनमुखि प्रभावकारी र सर्वसुलभ बनाउन आवश्यक प्राविधिक जनशक्तीको व्यवस्थापन गरिनेछ।

१०९. आयुर्वेद तथा योग चिकित्सालय विश्वस्नीय र प्रभावकारी बनाउन आयुर्वेद स्वास्थ्य तथा योग शिक्षा कार्यक्रम, आयुर्वेद स्वास्थ्य सेवा सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।

११०. नेपाल सरकारको **'स्वस्थ नागरिक, समृद्ध नेपाल'** को राष्ट्रिय अवधारणा अनुरूप गाउँपालिकाको दृष्टिकोण **'स्वस्थ नागरिक, समृद्ध गाउँपालिका'** लाई मुख्य मार्गदर्शक सिद्धान्तका रूपमा अवलम्बन गरिनेछ।

१११ आधारभूत स्वास्थ्य सेवा तथा अत्यावश्यकीय स्वास्थ्य उपचारलाई स्थानीय सरकारको प्रमुख दायित्वको रूपमा स्वीकार गर्दै गाउँपालिकाका सबै वडामा प्रभावकारी रूपमा सेवा सञ्चालन गरिने नीति अवलम्बन गरिनेछ।

११२ स्वास्थ्य संस्थाहरूमार्फत सञ्चालन भएको स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन अल्पसंख्यक, आर्थिक रूपले विपन्न तथा समुदायमा पछाडि परेका समुदायको सहज पहुँच सुनिश्चित गरिनेछ।

११३. मोतिपुर प्राथमिक स्वास्थ्य केन्द्र (प्रस्तावित १५ शैयाको अस्पताल) मार्फत सञ्चालन हुँदै आएको सेवालाई थप व्यवस्थित गर्न स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति र स्वास्थ्यकर्मीहरूलाई थप जिम्मेवार बनाउने नीति अवलम्बन गरिनेछ।

११४. सोह्रौं पञ्चवर्षीय योजनाको लक्ष्य अनुरूप ९०% परिवारलाई आधा घण्टाभित्र स्वास्थ्य सुविधा पहुँच सुनिश्चित गर्न वडास्तरीय स्वास्थ्य सेवा सुदृढ गरिनेछ।

११५. नेपाल सरकारको १०० दिने कार्यसूचीमा समेटिएको डिजिटल सुशासनको मनसाय अनुरूप स्वास्थ्य सेवामा HMIS तथा डिजिटल प्रणालीको प्रयोग विस्तार गरिनेछ।

११६ महिला तथा बालबालिकामा देखिने स्वास्थ्य समस्यालाई मुख्य प्राथमिकतामा राखी समुदायस्तरीय स्वास्थ्य प्रवर्धन क्रियाकलापहरू सञ्चालन गर्न स्वास्थ्यकर्मीहरूलाई थप जिम्मेवार बनाउने नीति अवलम्बन गरिनेछ।

११७. सुरक्षित मातृत्व कार्यक्रम, परिवार नियोजन सेवा तथा किशोरकिशोरी स्वास्थ्य सेवाको गुणस्तरीय प्रवाह सुनिश्चित गरिनेछ।

११८. विद्यालयमा अध्ययनरत बालबालिकाहरूको स्वास्थ्य प्रवर्धन तथा स्वास्थ्य व्यवहार परिवर्तनका लागि गाउँपालिकाको शिक्षा शाखा र मातहतका विद्यालयहरूसँग निरन्तर सहकार्य गर्दै संयुक्त कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

११९. अटिजम लगायत विशेष आवश्यकता भएका बालबालिकाका लागि पहिचान, परामर्श र रेफरल प्रणाली विकास गरिनेछ।

१२०. कुपोषण तथा यसले मानव स्वास्थ्यको जीवनचक्रमा पार्ने दुष्प्रभावलाई न्यूनीकरण गर्न विगतदेखि सञ्चालन गर्दै आएको समुदायस्तरीय पोषण प्रवर्धन अभियानलाई निरन्तरता दिने नीति अवलम्बन गरिनेछ।

१२१ गर्भवती तथा सुत्केरी महिला, शिशु तथा बालबालिकाको पोषण सुधारका लागि FCHV मार्फत घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ। ज्येष्ठ नागरिक, अपाङ्ग तथा आर्थिक रूपमा विपन्न परिवारलाई रक्त संचार केन्द्र तथा आँखा अस्पतालसँग सहकार्य गरी प्रदान गरिएका सेवाहरूलाई निरन्तरता दिइने नीति अवलम्बन गरिनेछ।

१२२. ज्येष्ठ नागरिकहरूले भोग्नु पर्ने समस्याहरूलाई समाधान गर्न निजहरूको घरमै जाँच गर्ने र उपयुक्त उपचार पद्धतीको विषयमा जानकारी गराउँदै स्वास्थ्य उपचार गर्ने **'आउटरिच'** कार्यक्रम सञ्चालन गरिनेछ ।

१२३. समुदायमा नसर्ने रोगको भारलाई कम गर्नको लागि तथा स्वास्थ्य संस्थाहरूले नसर्ने रोग सम्बन्धी प्रवाह गर्ने सेवामा गुणस्तरीयता कायम गर्न प्रभावकारी नीति अवलम्बन गरिनेछ।

१२४. मधुमेह, उच्च रक्तचाप तथा क्यान्सर प्रारम्भिक पहिचानका लागि नियमित स्वास्थ्य शिविर आयोजना गरी स्क्रिनिङ कभरेज वृद्धि गरिनेछ।

१२५. धुम्रपान, मद्यपान तथा लागुपदार्थ दुर्व्यसन विरुद्धको समुदायस्तरीय युवा लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१२६. मानसिक स्वास्थ्य जागरण कार्यक्रम विस्तार गरिनेछ र प्राथमिक स्वास्थ्य केन्द्रमा परामर्श सेवा उपलब्ध गराइनेछ।

१२७ स्वास्थ्यको क्षेत्रमा महत्त्वका साथ हेरिएको क्षयरोगमुक्त पालिका अभियानलाई सफल पार्न राजनैतिक प्रतिबद्धतालाई कायम गर्दै समुदाय संलग्नतालाई प्रमुख प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरिनेछ।

१२८. झाडापखाला, डेंगी, कालाजार लगायत स्थानीय रूपमा संक्रमण देखिने रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य प्रवर्धन अभियान सञ्चालन गरिनेछ।

१२९. स्वास्थ्य बिमा कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाई सेवाको सन्तुष्टिको दर र दायरालाई बढाइनेछ।

१३०. विपन्न, असहाय तथा जोखिमयुक्त परिवारको बिमा प्रिमियम व्यवस्थापनमा गाउँपालिकाको सहयोग जारी राखिनेछ। बिमित नागरिकलाई गाउँपालिकाभित्र बिना अग्रिम भुक्तानी सेवा पाउने व्यवस्था मिलाइनेछ।

१३१. निजी स्वास्थ्य सेवा प्रदायक संस्थाहरूले प्रदान गरेको स्वास्थ्य सेवा प्रवाहको गुणस्तर सुनिश्चितताका लागि नियमित रूपमा अनुगमन मूल्याँकन गरिनेछ। निजी संस्थाले सेवा शुल्क पारदर्शी रूपमा सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिनेछ।

१३२. गाउँपालिकाको समग्र स्वास्थ्य क्षेत्रको सुधारका लागि स्वास्थ्य क्षेत्रमा कार्यरत संघसंस्थासँग निरन्तर समन्वय तथा सहकार्य गर्दै उनीहरूले प्रदान गर्ने सेवाहरूलाई नतिजासँग तुलना गर्ने नीति अवलम्बन गरिनेछ।

१३३. स्वास्थ्य क्षेत्रमा लोकिएको बजेटको पूर्ण उपयोग, पारदर्शी खर्च र नियमित लेखापरीक्षण सुनिश्चित गरिनेछ।

१३४. सामाजिक परीक्षण (Social Audit) वार्षिक रूपमा सञ्चालन गरी स्वास्थ्य सेवाको जवाफदेहिता सुनिश्चित गरिनेछ।

१३५. स्वास्थ्य क्षेत्रमा भएको प्रगति तथा उपचारको विवरण सहितको HMIS डेटाको नियमित विश्लेषण गरी प्रमाणमा आधारित निर्णय प्रक्रिया अवलम्बन गरिनेछ।

१३६. दिगो विकास लक्ष्य (SDGs) का सूचकाङ्कहरूसँग गाउँपालिकाको स्वास्थ्य सूचकाङ्क तुलना गरिनेछ र वार्षिक दिगो विकास लक्ष्य प्रगति प्रतिवेदन तयार गरिनेछ। लोकिएको समयमा नै स्वास्थ्य क्षेत्रका लक्ष्यहरू पुरा गर्न प्रयास गरिनेछ ।

१३७. गुणस्तरीय शिक्षा शुद्धोदनको प्रतिबद्धता भन्ने मूल नारा सहित गुणस्तरीय शिक्षाको लागि कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ । विषय विज्ञ सहितको सहभागितामा विद्यालय अनुगमन र निरीक्षण गरी शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी बनाईनेछ ।

१३८. सामुदायिक विद्यालयका प्रारम्भिक बाल विकास सहजकर्ता र शिक्षकहरुको क्षमता विकास गर्न आवश्यक तालिमका साथै सूचना तथा सञ्चार प्रविधी सम्बन्धी तालिम प्रदान गरी कक्षाकोठामा प्रविधी मैत्री वातावरण सिर्जना गरिनेछ । साथै सृजनात्मक नवप्रवर्तन कृयाकलापका लागि विद्यालयलाई प्रोत्साहन गरिने छ ।

१३९. सामुदायिक विद्यालयमा न्यूनतम शिक्षक दरबन्दी व्यवस्था गरी एक कक्षाकोठा एक शिक्षक कार्यक्रम कार्यान्वयनलाई निरन्तरता दिइनेछ ।

१४०. स्थानीय विषयको पाठ्यपुस्तकको छपाई वितरण एवम प्रयोगलाई निरन्तरता दिइनेछ ।

१४१. विद्यालय बाहिर रहेका बालबालिकाहरुको तथ्यांक संकलन गरी विद्यालयमा भर्ना गराउन प्रोत्साहन गरिनेछ।

१४२. लागु पदार्थ तथा दुर्वेशन मुक्त गाउँपालिका बनाउन शिक्षक, विद्यार्थी र अभिभावकको सहभागितामा सचेतना मुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४३. बालबालिकामा अन्तर्निहित क्षमता प्रस्फुटन गराई प्रतिभाको पहिचान गरी प्रोत्साहनको लागि गाउँपालिका स्तरीय विभिन्न विषयमा अतिरिक्त क्रियाकलापहरु संचालन गरिनेछ ।

१४४. कार्यसम्पादन, निश्चित मापदण्ड र नतिजाको आधारमा प्रारम्भिक बालविकास सहजकर्ता शिक्षक, कर्मचारी, विद्यार्थी र विद्यालय प्रोत्साहन कार्यक्रम संचालन गरी शिक्षकलाई विद्यार्थीको नतिजाप्रति जवाफदेही गराइनेछ ।

१४५. फर्सीटिकर माध्यमिक विद्यालयलाई गाउँपालिका स्तरिय नमुना विद्यालयको रुपमा विकास गरिनेछ । नमुना विद्यालयहरुले गरेका असल अभ्यास अवलोकन एवं अनुसरण गर्दै सामुदायिक विद्यालयहरुको गुणस्तर सुधार गरिनेछ । गाउँपालिकाका अन्य विद्यालयहरुलाई पनि क्रमशः नमुना विद्यालयको रुपमा विकास गर्दै लगिनेछ ।

१४६. विद्यालयको समग्र शैक्षिक उपलब्धि र विषयगत सिकाइ उपलब्धि वृद्धि गर्न सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुले गाउँपालिका अध्यक्षसँग र शिक्षकहरुले प्रधानाध्यापकसाग कार्यसम्पादन करार सम्झौता गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१४७. लागत साझेदारीको आधारमा एक शिक्षक एक ल्यापटप कार्यक्रम क्रमशः कार्यान्वयन गरिनेछ ।

१४८. प्रचलित कानुनका अतिरिक्त आवश्यक कार्यविधि तयार गरी संस्थागत विद्यालयहरुको नियमन गरिनेछ ।

१४९. सामुदायिक सिकाई केन्द्रहरुबाट मागका आधारमा संचालन हुने सिपमूलक , आयमूलक र क्षमता विकास तालिमलाई सहयोगी संस्थाहरुको साझेदारीमा व्यवस्थित गर्दै लगिनेछ । साथै तालिम प्रमाणिकरणका लागि आवश्यक सहजीकरण गरिनेछ ।

१५०. विद्यालयलाई प्रभावकारी बनाउन अभिभावक शिक्षा, सचेतना कार्यक्रम अन्तरक्रिया एवम् विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

१५१. विद्यालय शिक्षालाई प्रभावकारी बनाई विद्यालय छाड्ने दर न्यूनीकरण गर्न अभिभावक शिक्षा सचेतना कार्यक्रम अन्तरकृया एंवम विद्यालय व्यवस्थापन समिती र शिक्षक अभिभावक संघको क्षमता विकास कार्यक्रम संचालन गरिने छ ।

१५२. सबै विद्यालय बालमैत्री बनाइनेछ, साथै सामुदायिक विद्यालयको आवश्यकताका आधारमा बालमैत्री र अपाङ्ग मैत्री भौतिक पूर्वाधार क्रमशः विकास गरिनेछ ।

१५३. अति विपन्न र वर्गका बालबालिकालाई माध्यमिक तहसम्मको शिक्षा सुनिश्चित गर्न विशेष सहयोग (छात्रवृत्ती) कार्यक्रम सञ्चालन गरिनेछ ।

१५४ यज्ञोदय दुधनाथ धारु बहुमुखी क्याम्पसमा अध्ययन गर्ने यस गाउँपालिकामा स्थायी बसोबास भएका विद्यार्थीहरुलाई अध्ययनमा आवश्यक सहजीकरणका लागि निश्चित कोटाका आधारमा छात्रवृत्ति प्रदान गरिनेछ । साथै सो क्याम्पसलाई प्रविधि मैत्री बनाई गुणस्तर सुधार प्रत्यायन (QAA) कार्यक्रमलाई थप प्रभावकारी बनाउन विश्वविद्यालय अनुदान आयोग र प्रदेश सम्बन्धित मन्त्रालयसँग आवश्यक समन्वय गरिनेछ ।

१५५. विद्यार्थीहरुमा अनुशासन कायम गर्की शारिरीक, मानसिक, सामाजिक र संवेगात्मक विकास गरी खेल प्रतिभाको पहिचान र पहुँच विस्तार गर्न खेलकुद विकास समितिको व्यवस्थापनमा गाउँपालिका स्तरीय राष्ट्रपति गनिङ्ग शिल्ड तथा अध्यक्ष कप खेल महोत्सव संचालनलाई निरन्तरता दिइनेछ ।

१५६. सामुदायिक विद्यालयका खेलकुद शिक्षक एवम् खेलाडीहरुलाई प्रशिक्षणको व्यवस्था मिलाईनेछ साथै खेलकुद संरचनाहरुको विकास र विस्तार क्रमशः गर्दै लगिनेछ ।

१५७. गाउँपालिकाको प्रतिनिधित्व गरी विभिन्न खेलमा सहभागी भइ उत्कृष्ट नतिजा प्राप्त गर्ने खेलाडीहरुलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१५८. सामुदायिक विद्यालयबाट माध्यमिक शिक्षा परीक्षा पास गरी उच्च शिक्षामा प्राविधिक विषय अध्ययन गर्ने शुद्धोदन गाउँपालिका भित्र स्थायी बसोबास भएका विद्यार्थीहरुलाई निश्चित कोटाका आधारमा कार्यविधी निर्माण गरी छात्रवृत्ति प्रदान गरिनेछ । साथै गाउँपालिका क्षेत्रभित्र संचालित सामुदायिक विद्यालयमा विज्ञान तथा प्रविधी विषय अध्ययन गर्ने विद्यार्थीहरुलाई पूर्ण छात्रवृत्ती प्रदान गरिनेछ ।

१५९. गाउँपालिकाको स्वास्थ्य शाखाको समन्वय र सहयोगमा सबै सामुदायिक विद्यालयहरुमा ६-६ महिनामा स्वास्थ्य परिक्षणको सुनिश्चितता गर्दै औषधी, स्यानेटरी प्याड, प्राथमिक उपचार किट सहितको प्राथमिक उपचार कक्ष क्रमशः व्यवस्थान गरिनेछ । अपाङ्गता भएका बालबालिकालाई उनिहरुको क्षमता अनुकुल सीपमूलक तालिम प्रदान गरी स्वरोजगार बनाउने निती लिइनेछ ।

१६०. विद्यार्थीहरुमा नैतिकता इमान्दारिता सदाचार सच्चरित्रको विकास गरी सभ्य समाज निर्माण गर्न योग ध्यान तथा अध्यात्मिक चिन्तन जस्ता कार्यक्रमहरु संचालन गरिने छ । साथै सामुदायिक पुस्तकालयको विकास एंव परम्परागत संगितको संरक्षण गरिनेछ ।

१६१. गाउँपालिकाबासी सबै नागरिकलाइ स्वच्छ खानेपानी उपलब्ध गराउन अधुरा खानेपानी आयोजना सम्पन्न गर्न उच्च प्राथमिकतामा राखी नयाँ खानेपानी आयोजना सञ्चालन तथा आधारभूत सरसफाइको सुविधा सुनिश्चित गर्ने लक्ष्य सहितका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१६२. जलवायु परिवर्तनको असरलाइ न्युनिकरण गर्न गाँउपालिका भित्र रहेका पोखरी, ताल तलैयाहरुको पहिचान, संरक्षण, मर्मत तथा प्रवर्द्धन गरी पुनर्भरण (Recharge) प्रणालीलाइ प्राथमिकतामा राखी पानीको श्रोत संरक्षण गर्ने निति अपनाइनेछ । ढल तथा नालिको उचित व्यवस्थापनगरी पोखरी तथा नदी नालाको स्वच्छता कायम गरिने छ ।

१६३. खानेपानीका श्रोतहरुको संरक्षण र शुद्ध खानेपानीको प्रयोगलाइ उच्च प्राथमिकतामा राखुका साथै खानेपानीको पहुँच सुनिश्चितता गर्दै सबैलाई स्वस्थ्य र सफा खानेपानीको सुविधा उपलब्ध गराउने निति अवलम्बन गरिनेछ।

१६४. सार्वजनिक संघ संस्था विद्यालय, स्वास्थ्य संस्था, बजार क्षेत्रमा सुरक्षित पिउनेपानी तथा बालमैत्री, लैङ्गिक मैत्री र अपाङ्ग मैत्री सरसफाइका पूर्वाधार निर्माणमा जोड दिइने छ ।

१६५. गाँउपालिकालाइ पूर्ण सरसफाइयुक्त गाँउपालिका बनाउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१६६. सबै प्रकारका लैङ्गिक हिंसा र मानव बेचबिखन अन्त्य गर्न शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।

१६७. सडक बालबालिका तथा ज्येष्ठ नागरिकको पारिवारिक पुनर्मिलन र सामाजिक पुनःस्थापना साथै सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गरिनेछ।

१६८. बालबालिका, किशोर किशोरी तथा अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न कार्यक्रम मार्फत क्षमता विकास गरिनेछ।

१६९. अपाङ्गता भएका व्यक्तिहरुको अद्यावधिक तथ्याङ्को लेखाजोखा गरी सोहीबमोजिमका कार्यक्रम सञ्चालन गरिनेछ।

१७०. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा पछाडि परेका व्यक्तिहरुलाई विभिन्न किसिमका सिपमूलक कार्यक्रम प्रदान गरी विकासको मूलप्रवाहमा ल्याइनेछ। एकल महिलाहरुको सिप तथा क्षमता विकास गरिनेछ।

१७१. दलित, आदिवासी जनजाती, मधेसी, मुस्लिम, थारु तथा पिछडा वर्गको उच्च शिक्षामा पहुँच बढाउन प्रोत्साहन गरिनेछ।

१७२. लक्षित वर्ग अन्तर्गत पर्ने समुदायहरुलाई सिपमूलक तथा उत्पादनमूलक तालिम प्रदान गरी स्वरोजगार प्रवर्द्धन गरिनेछ ।

१७३. लैङ्गिक हिंसा तथा घरेलु हिंसा विरुद्ध सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी महिलाहरुलाई सशक्तीकरण गरी विकासको मूलप्रवाहमा ल्याइनेछ ।

१७४. बाल विवाह, दाइजो प्रथा, लागू पदार्थ दुर्व्यसनी लगायत सामाजिक कुरीति, छुवाछुत, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटनाहरूमा न्यूनीकरण गर्न सचेतना र अभियानमूलक कार्यक्रम गर्ने नीति अवलम्बन गरिनेछ।

१७५. मानवसेवा आश्रम, ज्येष्ट नागरिक सेवा केन्द्र जस्ता मानवीय कल्याणका लागि विशेष सहयोग कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१७६. बालश्रममुक्त पालिका घोषणाको लागि तथ्याङ्क सङ्कलन गर्ने र सोही अनुसार आवश्यक प्रकृया अगाडी बढाउने । बालमैत्री स्थानीय शासन लागू भएको स्थानीय तह घोषणा गर्ने कार्यलाई अध्ययन गरी अगाडी बढाइनेछ ।

१७७. "महिला उद्यमी समुन्नती कार्यक्रम" सञ्चालन गरि महिलाहरुलाई उद्यमी बन्न प्रेरित गरिनेछ ।

१७८. अन्तर्राष्ट्रिय प्रतिबद्धता र राष्ट्रिय लक्ष्य उद्देश्यलाई परिपूर्ति गर्नका लागि सामान्जस्यता कायम गर्ने नीति अवलम्बन गरिनेछ।

१७९. न्याय सम्पादन ढिलो हुनु, न्याय नपाउनु सरह हो भन्ने कानूनी सिद्धान्तलाई मध्यनजर गर्दै गाउँपालिकाको न्यायिक समितिबाट छिटो, छरितो र सर्वसुलभ न्याय सम्पादन गर्ने कार्यलाई विशेष जोड दिईनेछ ।

१८०. प्रत्येक चौमासिक रुपमा बडा कार्यालयमा मेलमिलापकर्ताबाट सम्पादन भएका न्यायिक कार्यको अनुगमन गरी मेलमिलापकर्तालाई थप जिम्मेवार बनाइनेछ ।

१८१. कानूनको अज्ञानता क्षम्य हुदैन भन्ने कानूनी सिद्धान्तलाई मध्यनजर गर्दै शुद्धोदन गाउँपालिकाका ग्रामीण क्षेत्रका सर्वसाधारणमा कानून सम्बन्धी जानकारी गराउन कानूनी सचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ।

१८२. स्थानीय सरकार सञ्चालन ऐन २०७४, मा स्थानीय तहको न्याय सम्पादन प्रकृयामा मेलमिलापलाई प्राथमिकता दिइएबमोजिम बडामा रहेका मेलमिलापकर्ताबाट मेलमिलाप गर्ने नीतिलाई उच्च प्राथमिकता दिइनेछ ।

१८३ न्याय निरुपण कार्यलाई थप व्यवस्थित, सर्वसुलभ, पहुँचयुक्त बनाउन बडा कार्यालयमा रहेका मेलमिलाप केन्द्रको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

(ग) आर्थिक विकासः

१८४. गाउँपालिका भित्र बढ्दै गएको विषादी तथा रासायनिक मलको प्रयोगलाई कम गर्दै जैविक एवम प्राङ्गारिक मलको प्रयोग गर्दै जलवायु अनुकुलित बालीलाई प्रवर्द्धन गरिनेछ ।

१८५. वास्तविक उत्पादनको परिमाण र प्रमाणका आधारमा उत्पादनमा आधारित अनुदान सिधै कृषकको खातामा जम्मा हुने गरी डिजिटल प्रणाली को प्रयोग गरी भुक्तानीको व्यवस्था मिलाई उत्पादनमा आधारित अनुदान वितरण गर्ने प्रणालीको विकास गरिनेछ ।

१८६. रोजगारी सिर्जना र कृषिलाई व्यवसायीकरण गर्नका लागि हाकापानी र सम्भाव्यता हेरेर तरकारी खेती, धान गहु खेती, दुध उत्पादन, माछा मासु उत्पादन, अन्डा उत्पादन गरी व्यवसायीकरण गर्नको लागि प्रत्येक बडा मा क्रमश कम्तीमा एउटा कृषि उपजको पकेट क्षेत्र को विकास गरिनेछ।

१८७. उत्पादन, उत्पादकत्व र बजार व्यवस्थापनलाई प्रविधिसँग जोड्न डिजिटल कृषि व्यवस्थापन प्रणाली लागु गरिनेछ र सूचना प्रविधिमार्फत 'किसान सेवा कार्ड' लाई व्यवस्थित गर्दै प्रयोग गर्ने व्यवस्था मिलाइनेछ।

१८८. गाउँपालिका वासीको पोषण अवस्था सुधार्ने हेरेक घरमा करेसाबारी निर्माणलाई प्रोत्साहन गरिनेछ। मिसावटयुक्त र हानिकारक खानालाई निरुत्साहित गर्दै स्वास्थ्य वर्धक खाद्य पदार्थको प्रवर्द्धन गरिनेछ।

१८९. रासायनिक विषादिको प्रयोग घटाउँदै जलवायु अनुकूलन प्रविधिमार्फत प्राङ्गारिक (अर्गानिक) खेतीलाई प्रोत्साहन गरिनेछ।

१९०. साना सिँचाइ कार्यक्रम र प्रदेश सरकारसँगको सहकार्यमा भूमिगत सिँचाइ सुविधा उपलब्ध गराएर कृषि उत्पादन बढाइनेछ साथै व्यवसायिक कृषि पकेट क्षेत्र विस्तारको नीतिलाई निरन्तरता दिइनेछ।

१९१ गाउँपालिकाको माटोको स्वास्थ्य परीक्षण गरी माटो सुहाउदो बाली लगाउने व्यवस्था मिलाइनेछ ।

१९२ इच्छुक किसान, सहकारी र कृषि समूहहरूलाई आधुनिक प्रविधि र व्यावसायिक कृषि/पशुपालन सम्बन्धी तालिम दिइनेछ। उत्पादित उपजलाई नजिकको बजारसम्म पुऱ्याउन बजारिकरणमा सहयोग गरिनेछ।

१९३. कृषि तथा पशुपालनलाई सहज बनाई उत्पादकत्व बढाउन बीउ, यन्त्र, औजार र उपकरणहरूमा कृषकलाई ५० प्रतिशत अनुदान दिने नीतिलाई निरन्तरता दिइनेछ। सामूहिक खेती गर्ने समूह/सहकारीलाई कृषि क्षेत्रको विस्तारमा प्राथमिकता दिइनेछ।

१९४. पशुहरूमा कृत्रिम गर्भाधान सेवालाई थप व्यवस्थित गरि निरन्तरता दिइनेछ।

१९५. किसानहरूबीच अनुभव साटासाट गर्न र कृषि व्यवसायलाई प्रतिस्पर्धी बनाउन कृषि मेला प्रदर्शनी आयोजना गरिनेछ।

१९६. विद्यार्थीहरूलाई कृषि पेशाप्रति आकर्षित गर्न र आयआर्जनमार्फत आफ्नो पढाइ खर्च जुटाउन सहयोग पुऱ्याउने उद्देश्यले "पढ्दै कमाउँदै कार्यक्रम" सञ्चालन गरिनेछ।

१९७. खेतीयोग्य जमिनको खण्डीकरण रोकी जमिन बाँझो रहने प्रवृत्तीलाई निरुत्साहित गरि उक्त जमिनलाई, व्यावसायिक कृषि र पशुपालन क्षेत्र विस्तार गरिनेछ र उक्त क्षेत्रमा बीमा अनिवार्य गरिनेछ।

१९८ लिची, ओंप, ड्रैगन फ्रुट, एभोकाडो जस्ता फलफूल उत्पादनका लागि सम्भाव्य स्थान पहिचान गरी किसानहरूलाई प्रोत्साहन गरिनेछ।

१९९. वित्तीय संस्थाहरूसँगको सहकार्यमा व्यावसायिक किसानहरूलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराइनेछ र ब्याजमा अनुदान दिने कार्य सुरु गरिनेछ।

२००. उत्पादन लागत घटाउन "बाह्रैमास हरियो घाँस, पशु उत्पादन एकनास" भन्ने नाराका साथ घाँस विकास कार्यक्रम र नर्सरी स्थापनामा जोड दिइनेछ।

२०१. जलाशय र माछापोखरी संरक्षण गर्दै ५० प्रतिशत अनुदानमा माछाको भुरा वितरण गरिनेछ र उचित बजार व्यवस्थापन गरी पालिकालाई माछामा आत्मनिर्भर बनाइनेछ।

२०२. प्रत्येक वडामा कम्तिमा एक कृषि तथा पशु व्यवसायमा आधारित सहकारी विकास गरिनेछ र उत्पादनको मूल्य श्रृंखला (Value Chain) मा काम गर्ने सहकारीलाई प्रवर्द्धन गरिनेछ।

२०३ दूध, अण्डा र मासुमा पालिकालाई आत्मनिर्भर बनाउन व्यावसायिक पशुपालक किसानहरूलाई लक्षित गरी प्रोत्साहनका कार्यक्रम ल्याइनेछ।

२०४. पशुहरूमा लाग्ने सरुवा रोग नियन्त्रणका लागि खोप अभियान चलाई शुद्धोदनलाई **"पूर्ण पशु खोप युक्त"** गाउँपालिका बनाइनेछ।

२०५. पशुपालक किसानलाई व्यावसायिक बनाउन तालिम दिइनेछ। पशु स्वास्थ्य, बाँझोपना न्यूनीकरण र रेबिज रोग नियन्त्रणका कार्यक्रम सञ्चालन गरिनेछ।

२०६. किसानहरूलाई पशु सेवा सहज बनाउन पशु सेवाका प्राविधिकहरूलाई प्रत्यक्ष रूपमा वडाहरूमा खटाउने व्यवस्था मिलाइनेछ।

२०७. विषयगत सेवाका आधारमा सहकारीहरूलाई एकीकरण (Merge) गरिनेछ। सहकारीको पहुँच नपुगेका

क्षेत्रमा सेवा विस्तार गरी पिछडिएको वर्गलाई सहुलियत ऋण दिने व्यवस्था मिलाइनेछ।

२०८. बैंक तथा वित्तीय संस्थाहरूलाई गाउँपालिकाको प्रत्येक वडासम्म आफ्ना शाखा वा सेवा विस्तार गर्न प्रोत्साहित गरिनेछ।

२०९. व्यापार-व्यवसायलाई कानुनी दायरामा ल्याउन दर्ता र अभिलेखीकरण अभियान चलाइनेछ। करको दर घटाएर करको दायरा (Tax Base) फराकिलो बनाउने नीति लिइनेछ।

२१०. दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्न सार्वजनिक निजी सहकारी क्षेत्रको सहकार्य मार्फत स्थानीय स्रोत साधनको समुचित प्रयोग तथा परिचालन गरी दिगो स्थानीय आर्थिक विकास गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२११ एक व्यक्ति एक विषयगत सहकारी नीतिलाई बढावा दिई सहकारीको गुणात्मक सुधारका लागि सहकारी संस्थाहरूको एकीकरण कार्यलाई गाउँपालिकाको नियमन भित्रकै समान विषयगत सहकारी संस्था सँग आर्थिक वर्ष २०८३/०८४ पौष मसान्त भित्र एकीकरणमा जान पहल गरिने र त्यस्ता संस्थालाई एकीकरण प्रकृयामा सहजीकरण गरिनेछ।

२१२. संघीय सरकार/ प्रदेश सरकार, दातृ निकाय सहकारी अभियान तथा जिल्ला सहकारी सँघको सहकार्यमा साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।

२१३. स्थानीय स्रोत, साधन र सीपमा आधारित रोजगार सिर्जना गर्न **"उद्यम विकास योजना"** बनाई लघु उद्यम विकास कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।

२१४. गरिबीको रेखामुनि रहेका नागरिक, महिला, दलित, मुस्लिम, थारु, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, एकल महिला र बेरोजगारहरूलाई लक्षित गरी आयआर्जनमूलक सीप विकास र रोजगारीका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२१५. लक्षित वर्ग तथा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूलाई रोजगार सेवा केन्द्रसँगको समन्वयमा सीपमूलक तालिम दिइनेछ। विपन्न तथा बेरोजगार युवाहरूलाई लक्षित गरी आर्थिक एवं रोजगारीमूलक कार्यक्रम चलाइनेछ।

२१६. लघु उद्यमीहरूलाई व्यक्तिगत, समूह वा साझेदारी फर्मका रूपमा दर्ता गर्न प्रोत्साहन गरिनेछ र उनीहरूको सम्पूर्ण विवरण GESIMIS प्रणालीमा अद्यावधिक गरिनेछ।

२१७ लघु उद्यमहरूको स्थलगत अनुगमन र आवश्यकता पहिचान गरी उद्यम विकास मोडेल अनुसार सेवा र परम्परागत सीपको संरक्षण एवं स्तरोन्नति (Upgrade) गरिनेछ।

२१८. रोजगार सेवा केन्द्रको सचालन तथा व्यवस्थापनमा थप प्रभावकारी बनाइने छ । पालिका स्तरिय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखिनेछ । रोजगार सेवा केन्द्रलाई **"रोजगार, सीप तथा उद्यमशीलता केन्द्र"** का रुपमा रुपान्तरण गरी सचालन गरिनेछ। रोजगार सेवा केन्द्रको लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्ने कार्य गरिनेछ।

२१९. आ.व. २०८३/०८४ देखि न्यूनतम रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाउन सामुदायिक आयोजनामा पालिकाको लागत साझेदारी कायम गरिनेछ । बडा तहमा समेत लागत साझेदारी कायम गरी रोजगारीको प्रवर्धन र भौतिक पुर्वाधारको समेत विकास गरिनेछ । त्यस्तै पालिका स्तरीय र बडा स्तरीय आयोजनामा समेत रोजगार सेवाकेन्द्र मार्फत श्रमिकको आपुर्ति गरिनेछ।

२२०. स्थानिय स्तरमा रोजगारीको प्रवर्द्धनका लागी सामाजिक विकास, सार्वजनिक निर्माण तथा मर्मत कार्यहरुमा सम्भव भए सम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ । बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सुचना व्यवस्थापन प्रणालीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ ।

२२१. रोजगारी खोजकर्ता, रोजगारदाता, तालिम प्रदायक संस्था तथा सेवा प्रदायक संस्थाहरुलाई श्रम संसार प्रणालीमा आवद्ध गराई श्रम र रोजगारसंग सम्बन्धित सुचना प्रणाली संचालनको कार्य गरिनेछ। आन्तरिक रोजगारी सिर्जना गर्ने सरोकारवाला निकाय र निजि क्षेत्रसँग सहकार्य र समन्वयमा जोड दिईनेछ ।

२२२. वैदेशिक रोजगारी सम्बन्धी आवश्यक परामर्श, श्रम स्वीकृत, पुनः श्रम स्वीकृति तथा वैदेशिक रोजगारबोर्डको सचिवालयले प्रदान गर्ने आर्थिक सहायता सम्बन्धी सहजीकरण गर्ने कार्यलाई प्रभावकारी बनिकाले कार्यान्वन गरिनेछ । वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सीप, अनुभव तथा प्रविधिको उपयोग र उद्यमशिलता विकाससँग सम्बन्धित कार्य गरिनेछ। वैदेशिक रोजगारीमा जाने नागरिकहरुलाई वैदेशिक रोजगारीका लागि जिवन उपयोगी शिक्षा प्रदान गरिनेछ।

२२३. उद्यम विकास तथा कृषि शाखासंग समन्वय र सहकार्य गर्दै आन्तरिक रोजगारी प्रवर्द्धनका लागि बेरोजगार व्यक्तीहरु तथा वैदेशिक रोजगारीबाट फर्किएका, वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका तथा विरामी भएका कामदारका परिवार सदस्यहरुलाई उद्यमशिलता प्रवर्द्धन कार्यक्रम संचालन तथा आवश्यक सिपमुलक तालिम प्रदान गर्ने कार्य गरिनेछ । बालश्रम निवारण सम्बन्धमा सुसुचित गर्ने कार्य गरिनेछ।

२२४. सुरक्षित आप्रवासन (सामी) कार्यक्रम संचालन गरी आप्रवासी कामदार तथा तिनीहरुको परिवारको अधिकारको सुनिश्चित गरिनेछ । जसको लागि प्रदेश सरकार, वैदेशिक रोजगार बोर्ड तथा संघीय सरकारसँगको समन्वय तथा लागत साझेदारीमा आप्रवासी कामदार र उनीहरुको परिवारलाई लक्षित गरी सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सुचना प्रवाह, न्यायकोलागि समन्वय सहजीकरण, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा, वित्तीय साक्षरता र सीप अभिवृद्धि गर्ने कार्य गरिनेछ ।

२२५. पालिकाभित्रै उपलब्ध हुने कच्चा पदार्थको प्रयोग गरेर सञ्चालन गर्न सकिने साना तथा कुटीर उद्योग स्थापनामा प्रोत्साहन गरिनेछ।

२२६. पर्यटकीय स्थलहरुमा हुने महोत्सवहरुलाई सहयोग गर्नुका साथै ती क्षेत्रहरु सम्म पुग्ने सडक पुर्वाधारको विकास गरिनेछ।

२२७. विदेशबाट फर्किएर आफ्नै सीपमा उद्यम गर्न चाहने युवाहरूलाई लक्षित गरी **"अध्यक्षसँग युवा हलम कार्यक्रम"** सञ्चालन गरिनेछ। साथै स्वयंसेवा (Volunteering) मार्फत पनि युवाहरूलाई रोजगारीमा जोडिनेछ।

२२८. युवाहरूको चाहना र बजारको माग अनुसारका तालिमहरू सञ्चालन गरिनेछ र तालिम प्राप्त युवाहरूलाई व्यवसाय वा उद्यम सुरु गर्न आवश्यक रकम (बिउ पुँजी) सहित प्रोत्साहन गरिनेछ।

(घ) पूर्वाधार विकासः

२२९. गाउँपालिकाभित्रका मुख्य, सहायक तथा कृषि सडकहरूको स्तरोन्नति, कालोपत्रे, ढलान, ग्राभेल तथा नियमित मर्मत सम्भार कार्यलाई निरन्तरता दिइनेछ ।

२३०. सबै वडाहरूलाई सुरक्षित, सहज र वर्षभरि सञ्चालनयोग्य सडक सञ्जालमार्फत जोड्ने लक्ष्यका साथ सडक पूर्वाधार विस्तार गरिनेछ ।

२३१. आवश्यक स्थानहरूमा पुल, कल्भर्ट, नाला, तटबन्ध तथा अन्य यातायात संरचनाहरू निर्माण गरी आवागमनलाई सुरक्षित र सहज बनाइनेछ ।

२३२. सार्वजनिक भवन, वडा कार्यालय, स्वास्थ्य संस्था, सामुदायिक विद्यालय तथा अन्य सरकारी संरचनाहरूको निर्माण, मर्मत तथा स्तरोन्नति गरिनेछ ।

२३३. सडक किनार तथा सार्वजनिक स्थलहरूमा हरियाली प्रवर्द्धन, सडक बत्ती जडान तथा सौन्दर्यीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२३४. विपद् जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी नदी नियन्त्रण, तटबन्ध, पहिरो नियन्त्रण तथा अन्य संरक्षणात्मक संरचनाहरू निर्माण गरिनेछ ।

२३५. सार्वजनिक सम्पत्तिको संरक्षण तथा पूर्वाधारहरूको नियमित मर्मत सम्भारका लागि प्रभावकारी व्यवस्थापन प्रणाली विकास गरिनेछ ।

२३६. निर्माण कार्यमा गुणस्तर सुनिश्चित गर्न प्राविधिक मापदण्डको पूर्ण पालना, नियमित अनुगमन तथा सामाजिक परीक्षणको व्यवस्था गरिनेछ ।

२३७. संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार तथा निजी क्षेत्रसँगको सहकार्यमा रणनीतिक तथा ठूला पूर्वाधार आयोजनाहरू कार्यान्वयन गरिनेछ ।

२३८. अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, महिला तथा बालबालिकामैत्री सार्वजनिक पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ ।

२३९. "समृद्ध शुद्धोदन, व्यवस्थित पूर्वाधार" को अवधारणा अनुरूप दिगो, सुरक्षित र आधुनिक पूर्वाधार विकासमार्फत समुन्नत गाउँपालिका निर्माणको अभियानलाई अगाडि बढाइनेछ ।

२४०. टुला पूर्वाधारहरुको विस्तृत आयोजना प्रतिवेदन तयार गरी आयोजना बैंक मार्फत प्राथमिकतापूर्ण योजनामा लगानी गर्ने नीति लिइने छ ।

२४१. योजनाहरुलाई बजेटको कमी हुन नदिने तथा समयावधि भित्र सम्पन्न गर्ने कुरामा उच्च प्राथमिकताका साथ आवश्यक पहल गरिनेछ साथै गाउँ भित्रका सडकहरुको नामकरण गर्ने कार्यको शुरुवात गरिनेछ ।

२४२. सडकको दिगो विकासको लागि गाउँ भित्रका कालोपत्रे सडकमा गुणस्तर कायम गर्न २० फिट वा सो भन्दा बढी चौडाई भएका सडकहरुमा अस्फाल्ट कंक्रिट प्रविधिलाई अवलम्बन गर्न प्राथमिकता दिइनेछ।

२४३. सडकको सर्वे डिजाइन गर्दा सो क्षेत्रमा पर्ने विद्युत पोल ,तार,नाली खानेपानी पाइप विस्तार समेत समावेस गरी एकीकृत डिजाइन इस्टिमेट तयार गरी कार्यन्वयनमा ल्याइनेछ ।

२४४. पूर्वाधार निर्माणमा अधुरो आयोजनालाई विशेष प्राथमिकतामा राखी आगामी आर्थिक वर्षमा निर्माण सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ ।

२४५. विकास निर्माण कार्यमा साना र टुक्रे योजनाहरुलाई निरुत्साहित गर्दै टुला र देखिने खालका योजना संचालन गर्ने नीतिलाई अवलम्बन गरिनेछ ।

२४६. गाउँपालिका भित्रका जीर्ण सडकहरुलाई स्तरोन्नती गर्न मर्मत संहार कोषको व्यवस्था गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

२४७. गाउँपालिका भित्र सञ्चालित क्रमागत आयोजनाहरुलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ ।

२४८. खानेपानी, सरसफाई र फोहोर व्यवस्थापनका लागि गाउँपालिकाको Wash Plan अनुसारको पूर्वाधार निर्माण कार्य सरकारी गैह्र सरकारी निकायहरुसँग साझेदारीमा अगाडि बढाइनेछ ।

२४९. लुम्बिनी-बुद्धसर्किट, बेलबास-बेथरी सडक र गाउँपालिकाको अन्य मुख्य सडकमा हाईम्याक्स स्ट्रीटलाईट जडान गर्ने र सडक सौन्दर्यीकरण गर्ने कार्य अगाडि बढाइनेछ ।

२५०. घर नक्शा पास र नियमितलाई निरन्तरता दिई थप कडाईका साथ कार्यान्वयन गरिनेछ ।

२५१. नयाँ भवन निर्माण गर्दा भूकम्पीय जोखिम न्यूनीकरण गर्न तर्फ ध्यान दिदै शुद्धोदन भवन मापदण्ड पालन गरि घर निर्माण कार्य गराउन पहल गरिने छ ।

२५२. घर नक्शा पास प्रक्रियामा नआई निर्माण भएका घरहरुलाई यथाशिघ्र प्रक्रियामा ल्याई घर निर्माण कार्य गर्न **"राजस्वमा छुट"** जस्ता प्रावधानहरु राखी, घर नक्शा पास गरेर मात्र घर निर्माण गर्न प्रोत्साहन गरिनेछ ।

२५३. शुद्धोदन गाउँपालिकामा व्यवसाय दर्ता भएका ठेकेदार तथा निर्माण व्यवसायीलाई शुद्धोदन भवन मापदण्ड र राष्ट्रिय भवन मापदण्ड बारे तालिम दिई योग्यता प्रमाणपत्र वितरण गरिनेछ । उक्त तालिम प्राप्त ठेकेदारहरुलाई मात्र शुद्धोदन गाउँपालिका भित्रका भवन निर्माण गर्न पाउने नीति कडाईका साथ लागु गरिनेछ । तालिम प्राप्त ठेकेदारहरुको तालिमको प्रमाणपत्र पनि नक्शा पास प्रक्रियामा पेश गर्ने

कागजातहरुमा समावेश गर्नेछ यसरी ठेकेदारहरुलाई स्वयम् भवन निर्माण मापदण्डको पालना गर्न र निर्माण कार्य गुणस्तरीयताका साथ गर्न प्रेरित गरिनेछ ।

२५४. विपद् जोखिमयुक्त क्षेत्र, नदी कटान, डुबान तथा अन्य प्राकृतिक प्रकोपबाट प्रभावित बस्तीहरुको संरक्षण तथा व्यवस्थापनका कार्यक्रम सञ्चालनलाई जोड दिईनेछ।

२५५. केन्द्रीय सरकारको समन्वय र सहकार्यमा भूमिहीन र अव्यवस्थित तथा जोखिमयुक्त बस्तीहरुको पहिचान गरी सुरक्षित तथा व्यवस्थित बस्ती विकास कार्यक्रम सञ्चालन गरि जोखिमयुक्त बस्तीमा बसोबास गर्दै आउनु भएका सर्वसाधारणलाई सुरक्षित स्थानमा व्यवस्थापन गरिनेछ।

२५६. नयाँ सडक विस्तार, भवन निर्माण तथा पूर्वाधार विकास कार्यलाई स्वीकृत मापदण्ड र नक्सा प्रणालीमा आधारित बनाइ निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।

२५७. सडक, ढल, खानेपानी, विद्युत तथा सञ्चार सुविधासहितका पूर्वाधारयुक्त बस्ती विकासलाई प्रोत्साहन गरिनेछ ।

२५८. गाउँपालिकाभित्रका घरधुरी तथा भवनहरुको अभिलेखीकरण र डिजिटल तथ्याङ्क प्रणाली विकास गरिनेछ।

२५९. फोहोरमैला व्यवस्थापन, ढल निकास तथा सरसफाइलाई बस्ती विकाससँग आवद्ध गरी स्वस्थ र स्वच्छ बस्ती निर्माण अभियान सञ्चालनलाई निरन्तरता दिइनेछ ।

२६०. सुरक्षित, व्यवस्थित र समुन्नत बस्ती निर्माणका लागि जनचेतना, क्षमता विकास तथा सामुदायिक सहभागितालाई प्रोत्साहन गरिनेछ ।

२६१. खाली सार्वजनिक क्षेत्रहरुको अध्ययन अनुगमन गरि सौन्दर्यीकरण तथा बगैंचा र पार्कहरुको निर्माण सम्बन्धी नीति कार्यान्वयन गरिनेछ ।

(ङ) वन, वातावरण तथा विपद् व्यवस्थापनः

२६२. वातावरण संरक्षणको लागि वैकल्पिक उर्जा (बायो ग्यास, सुधारियको चुलो, सौर्य उर्जा र विद्युतिय चुलो) जडानलाई प्रोत्साहन गर्ने निति अवलम्वन गरिनेछ ।

२६३. गाउँपालिका भित्र उत्पादन हुने फोहोरको व्यवस्थापन गर्न उपयुक्त स्थानमा ल्याण्डफिल्ड साइटको पहिचान गरी निर्माण कार्य अगाडि बढाइने र निर्माणाधिन शवदाह गृहलाई थप व्यवस्थित गरि वातावरण मैत्री बनाइनेछ।

२६४. प्लाष्टिकजन्य झोला तथा वस्तुहरुको प्रयोगलाई निरुत्साहित गर्दै फाइबर झोलाको प्रयोग र उत्पादनलाई प्रोत्साहन गर्ने निति अवलम्वन गरिनेछ ।

२६५. सार्वजनिक जग्गाहरुको पहिचान गर्ने, संरक्षण गर्ने र उक्त जग्गाहरुमा वृक्षारोपण गर्दा फलफूल, औषधीजन्य साथै आयआर्जन हुने खालका विरुवाहरु रोप्न प्रोत्साहन गरिनेछ। सामुदायिक वनहरु संरक्षण गरी थप व्यवस्थित गरिनेछ ।

२६६. गाउँपालिका भित्र रहेका पोखरी, ताल तलैयाहरुको पहिचान, संरक्षण, मर्मत तथा प्रवर्द्धन गरी पुनर्भरण (Recharge) प्रणालीलाइ प्राथमिकतामा राखी पानीको श्रोत संरक्षण गर्ने नीति अपनाइनेछ ।

२६७. यस गाउँपालिका भित्र बहाव क्षेत्र भएका निनाउ, दानव तथा इङ्गुरिया नदीहरुको नदीजन्य पदार्थ व्यवस्थापन गर्दा स्थानीयलाई पर्ने क्षति लाइ न्यूनीकरण गर्न सम्बन्धित स्थानियवासीहरुसँग समन्वय गरी नदीजन्य पदार्थको उत्खनन् तथा बिक्री व्यवस्थापन कार्यलाई प्रभावकारी बनाइनेछ ।

२६८. गाउँपालिका भित्र आइपर्ने विपद् जन्य घटनाको व्यवस्थापन गर्न विपद् व्यवस्थापन कोषको स्थापना गरी कोलाई प्रभावकारी रुपमा परिचालनगरी राहत वितरणलाइ पारदर्शि र प्रभावकारी बनाइनेछ।

२६९. मुख्य बजारको सरसफाइ प्रवर्द्धनका लागि निजि क्षेत्रसंग सहकार्य गर्दै अगाडि बढ्ने र फोहरमैला व्यवस्थापनलाई आयआर्जन संग जोड्ने निति अवलम्बन गरिनेछ।

२७०. लुम्बिनी प्रदेश सरकार, यस क्षेत्रमा काम गरिरहेका अन्य स्थानीय तह र संघसंस्थाहरुसँग आवश्य समन्वय र सहकार्य गर्दै गाउँपालिका भित्र समय समयमा देखा पर्ने छाडा चौपायाहरु र त्रिलगाइ लगायत अन्य वन्यजन्तुहरुको व्यवस्थान गरिनेछ ।

२७१. गाउँपालिका भित्रको नदीजन्य पदार्थको उत्खनन्, अन्वेषण, छुवानी तथा बिक्रिवितरणलाई नियमित गर्न कार्यविधी निर्माण गरी प्रशोधन गरी बिक्रिवितरण गर्ने व्यवस्था मिलाइनेछ । यसको पूर्वाधार विकासको लागि संघ र प्रदेश सरकारसँग आवश्यक सहकार्य गरिनेछ ।

२७२. अन्त्यमा, यो नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्नु हुने गाउँपालिकाका उपाध्यक्षज्यू, सबै वडाका वडा अध्यक्षज्यूहरु, गाउँ कार्यपालिकाका कार्यापालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, सम्पूर्ण विषयगत समितिका सदस्यज्यूहरु, सकारात्मक सल्लाह र सुझाव दिनुहुने विभिन्न संघ संस्था र शुद्धोदनमा क्रियाशिल पार्टीहरुका प्रमुख तथा प्रतिनीधिहरु, समग्र शुद्धोदन निवासी बुवा आमा दाजु भाई दिदीबैनीहरु, सञ्चार जगत तथा गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिनु चाहान्छु । धन्यवाद् ।

मितिः २०८३।०३।०५ गते ।

विष्णु प्रसाद बस्याल
अध्यक्ष

शुद्धोदन गाउँपालिका

आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य

सभाका सभाध्यक्ष महोदय,

१. संघीयताको अभ्यासस्वरूप स्थानीय सरकारको पहिलो कार्यकाल पुरा भई स्थानीय तहको निर्वाचन पश्चात २० औं गाउँसभाको अधिवेशनमा उपाध्यक्षको हैसियतले नेपाल संविधानको धारा २३० बमोजिम शुद्धोदन गाउँपालिकाको आगामी आ.व. २०८३/८४ को बजेट यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु । यस अवसरमा मुलुकको अग्रगामि राजनीतिक, आर्थिक तथा सामाजिक परिवर्तन र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनासम्म तथा यस पश्चातका विभिन्न कालखण्डका विभिन्न चरणहरुमा भएका विभिन्न आन्दोलन संघर्ष र क्रान्तिहरुमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै बेपत्ता तथा घाइते लगायतका योद्धाहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

२ गाउँपालिका स्थापनादेखि हालसम्मका विभिन्न चरणहरुमा यस क्षेत्रको नेतृत्व गर्नुहुने सम्पूर्ण अग्रज व्यक्तित्वहरुका साथै गाउँपालिकाका सम्पूर्ण न्यायप्रेमि जनसमुदाय नागरिक समाज, समाजसेवी, बुद्धिजीवी, शिक्षक, व्यवसायी, सामाजिक सघ संस्थाका प्रतिनिधिहरु र सञ्चार जगतले यस गाउँपालिकाको विकास, निर्माण तथा आर्थिक सामाजिक रुपान्तरणमा पुर्याउनु भएको योगदानको स्मरण गर्दै उहाँहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३ संघीयताको कार्यान्वयन सँगै राज्य पुनर्संरचनाको महत्वपूर्ण पक्षको रुपमा रहेको वित्तीय संघीयताको कार्यान्वयनबाट जनतामा स्थानीय सरकारको अनुभूति हुने कामको प्रारम्भ भई सकेको छ । जनप्रतिनिधिमूलक लोकतान्त्रिक पद्धतिबाट शुद्धोदन गाउँपालिका बासीले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समाजको निर्माण गर्ने प्रणाली स्थापित भएको छ । गाउँपालिकाको कार्य सम्पादनबाट स्रोत, साधन र अवसरको अधिकतम परिचालन गर्दै समृद्धि तर्फ अघि बढ्ने आधारशिला यस गाउँपालिकामा पनि तयार भएको छ ।

४. विगतमा शुद्धोदन गाउँपालिकाले लिएका नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट यस गाउँपालिका भित्र धेरै परिवर्तनका संकेतहरु देखा पर्न शुरु गरेका छन् ।शुद्धोदन गाउँपालिकाले सञ्चालन गरेका विभिन्न कार्यक्रम मार्फत गाउँपालिका बासीहरुले आफ्नो आय स्तर बढाउने, नकारात्मक कार्यहरुमा खबरदारी गर्ने, समाज सुधारको बाटोमा आफुलाई समाहित गर्ने, गरिबी, विपन्नता, निरक्षरता र पछौटेपनको अवस्थामा सुधार आउन शुरुवात भएको छ ।

५. गाउँपालिकामा कार्यान्वयन भई रहेका योजनाहरुले कार्यान्वयनको गतिलाई प्रभावकारी बनाउन चालु आर्थिक वर्षमा सकदो प्रयास गर्दा पनि विश्व बजारमा देखिएको समस्याको कारणले कतिपय कामहरु अपेक्षीत रुपमा सफलता प्राप्त गर्न सकिएको छैन ।

६. आर्थिक, सामाजिक, भौतिक पूर्वाधार निर्माण र पुनर्निर्माण कार्यमा तिव्रता आएको छ । विकासमा जनताको चासो तथा गुनासाको खबरदारीहरु देखा पर्न थालेका छन् । समग्रमा चालु आर्थिक वर्षमा समग्र विकासको अवधारणा अनुसार गाउँपालिकाका विभिन्न विकासका सम्भावनाहरुमा लगानी बढाइएको थियो जसको कार्यान्वयन अपेक्षित रुपमा भईरहेको अवस्था देखिएको छ । गाउँपालिका भित्र जनताले प्रत्यक्ष अनुभव गर्ने खालका कार्यक्रमहरु सञ्चालन भएका छन् जसको कार्यान्वयनले सबै गाउँपालिका बासीहरुलाई हर्षित बनाएको छ भन्ने मैले अपेक्षा गरेको छु ।

७. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले यो वर्ष हासिल भएका शुद्धीकरण गाउँपालिकाको नीति तथा कार्यक्रमहरुसँगै पेश भएका उपलब्धीहरुलाई विशेष ध्यान दिँदै गाउँपालिका बासीका आर्थिक र सामाजिक हित वृद्धि गर्ने कार्यक्रमहरु छनोट गर्ने पहल गरेको छु । गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई जनउत्तरदायी र जनताको पहुँच सम्म पुर्याउन विशेष सहयोग पुग्ने खालका कार्यक्रमहरु सञ्चालन गरी परिवर्तनको अनुभूति हुने खालका कार्यक्रमहरु सञ्चालन गर्ने प्रयास गरेको छु । गाउँपालिकाले लिएका दीर्घकालिन योजना अनुसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने प्रयास पनि यस आर्थिक वर्षको बजेटमा सम्बोधन गर्ने प्रयास गरिएको छ ।

८. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले मूलतः नेपालको संविधान र कानूनहरु, संघीय सरकारबाट प्राप्त मार्गदर्शन, प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, संघीय सरकारको बजेट, प्रदेश सरकारको बजेट, संघीय र प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु, गाउँपालिकाले पारित गरेको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, गाउँपालिकाले जारी गरेको बजेट निर्माण सम्बन्धी मार्गदर्शन र विभिन्न संघ संस्था एवम् विद्वत वर्गहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई विशेष ध्यान दिएको छु ।

९. चालु आर्थिक वर्षमा संघीय सरकार तर्फ विभिन्न शिर्षकहरुमा गरी जम्मा ३८ करोड ९८ लाख आय हुने अनुमान भएकोमा जम्मा रु. ३५ करोड ९९ लाख ५४ हजार वास्तविक आय भई ९२.३४ प्रतिशत मात्र संघीय सरकारबाट हालसम्म आम्दानी प्राप्त भएको छ ।

१०. यसै गरी गाउँपालिकाले चालु आर्थिक वर्ष प्रदेश सरकार तर्फ विभिन्न शिर्षकहरुमा जम्मा २ करोड ३५ लाख ९० हजार आय हुने अनुमान भएकोमा जम्मा रु. १ करोड ३२ लाख ५ हजार वास्तविक आय भई ५५.९८ प्रतिशत मात्र प्रदेश सरकारबाट हालसम्म आम्दानी प्राप्त भएको छ ।

११. चालु आर्थिक वर्षमा गाउँपालिकालाई राजस्व बाँडफाँड मार्फत प्राप्त हुने विभिन्न शिर्षकहरु तर्फ जम्मा रु. १३ करोड ८३ लाख ९२ हजार आम्दानी गर्ने अनुमान राखेकोमा हाल सम्म जम्मा रु. १० करोड ५७ लाख २१ हजार वास्तविक आय भई ७६.३९ प्रतिशत मात्र आम्दानी प्राप्त भएको छ ।

१२. गाउँपालिकाको आन्तरिक आम्दानी तर्फ नगद बैंक मौज्दात सहित जम्मा २३ करोड १८ लाख ५८ हजार कुल आन्तरिक आम्दानी गर्ने अनुमान गरेकोमा हाल सम्म बैंक मौज्दात रु. २० करोड ६७ लाख ८ हजार र गाउँपालिकाको अन्य विभिन्न आन्तरिक श्रोत तर्फका शिर्षकमा गरी जम्मा रु. २ करोड ३१ लाख ३२ हजार गरी कुल जम्मा २२ करोड ९८ लाख ७१ हजार गरी ९९.१४ प्रतिशत

आम्दानी गर्न सफल भएको छ ।

१३ गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा चालु तर्फ रु. ४२ करोड ६४ लाख १७ हजार विनियोजन गरेकोमा हाल सम्म जम्मा रु. २९ करोड ४८ लाख ४ हजार खर्च गरी ६९.१४ प्रतिशत चालु खर्च भएको छ ।

१४. गाउँपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा पुँजिगत तर्फ रु. ३५ करोड ७७ लाख २३ हजार विनियोजन गरेकोमा हालसम्म जम्मा रु. ९ करोड ९० लाख ५२ हजार मात्र खर्च गरी २७.६९ प्रतिशत मात्र पुँजिगत खर्च भएको अवस्था छ ।

१५. गाउँपालिकाले चालु आर्थिक वर्षमा जम्मा रु. ७८ करोड ४१ लाख ४० हजार विनियोजन गरेकोमा हालसम्म जम्मा रु. ३९ करोड ३८ लाख ५६ हजार खर्च गरी जम्मा ५०.२२ प्रतिशत मात्र खर्च गर्न सकेको अवस्था रहेको छ ।

१६. अब म आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु देहाय बमोजिम राख्न चाहन्छु ।

उद्देश्यहरू

- स्थानीय सरकारको संवैधानिक अधिकार क्षेत्रभित्र रही समावेशी, दिगो तथा जनमुखी विकास सुनिश्चित गर्नु।
- कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, सडक तथा पूर्वाधार विकासमार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउनु।
- स्थानीय स्रोत, साधन तथा अवसरहरूको अधिकतम परिचालन गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्नु।
- सुशासन, पारदर्शिता, जवाफदेहिता तथा वित्तीय अनुशासन कायम गर्दै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु।
- गरिबी न्यूनीकरण, सामाजिक न्याय तथा लक्षित वर्गको सशक्तीकरणमा टेवा पुऱ्याउनु।
- वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूल विकासलाई प्रवर्द्धन गर्नु।

प्राथमिकताहरू

- कृषि, पशुपालन तथा उद्यम विकासमार्फत आयआर्जन र रोजगारी सिर्जना।
- गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा आधारभूत सामाजिक सेवाको पहुँच विस्तार।
- सडक, सिंचाइ, खानेपानी तथा अन्य पूर्वाधार निर्माण एवं स्तरोन्नति।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा दलित समुदायको सशक्तीकरण।
- सूचना प्रविधिमैत्री, छिटोछरितो र नागरिकमैत्री सेवा प्रवाह।
- पर्यटन, संस्कृति तथा स्थानीय सम्पदाको संरक्षण र प्रवर्द्धन।

- विपद् व्यवस्थापन, वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनुकूलन कार्यक्रम सञ्चालन।
- सुशासन, आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण तथा सार्वजनिक वित्तीय व्यवस्थापन सुधार।
- संघ, प्रदेश तथा अन्य निकायसँग समन्वय गरी विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयन।
- दिगो विकास लक्ष्य (SDGs) प्राप्तिमा योगदान पुग्ने कार्यक्रमलाई प्राथमिकता प्रदान गर्ने।

१७. बजेटका उद्देश्यहरू हासिल गर्न मैले देहाय अनुसारका नीतिगत, कार्यक्रमगत र प्रक्रियागत प्राथमिकता निर्धारण गरेकोछु ।

- कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण तथा यान्त्रिकीकरणमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ।
- स्थानीय स्तरमा रोजगारी सिर्जना, लघु उद्यम प्रवर्द्धन तथा सीपमूलक तालिम सञ्चालन गरी स्वरोजगारका अवसर विस्तार गरिनेछ।
- विद्यालय शिक्षा सुधार, शैक्षिक गुणस्तर अभिवृद्धि, शिक्षक क्षमता विकास तथा प्रविधिमैत्री शिक्षण सिकाइ प्रणालीलाई प्राथमिकता दिइनेछ।
- आधारभूत स्वास्थ्य सेवा सुदृढीकरण, मातृ तथा शिशु स्वास्थ्य, पोषण सुधार तथा स्वास्थ्य संस्थाको सेवा क्षमता विस्तार गरिनेछ।
- सडक, पुल, खानेपानी, सिंचाइ, विद्युत तथा अन्य आधारभूत पूर्वाधारको निर्माण, स्तरोन्नति र नियमित मर्मतसम्भारलाई प्राथमिकता दिइनेछ।
- महिला, बालबालिका, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा विपन्न वर्ग लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।
- वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन, वन संरक्षण तथा सरसफाइ प्रवर्द्धनका कार्यक्रम कार्यान्वयन गरिनेछ।
- विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, उद्धार तथा राहत व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।
- पर्यटन, संस्कृति, ऐतिहासिक तथा धार्मिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ।
- सूचना प्रविधिको प्रयोगमार्फत सेवा प्रवाहलाई छिटो, सरल, पारदर्शी र नागरिकमैत्री बनाइनेछ।
- सुशासन, पारदर्शिता, सामाजिक उत्तरदायित्व, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गरिनेछ।
- राजस्व प्रशासन सुधार गरी आन्तरिक आय वृद्धि तथा स्रोत परिचालनलाई प्रभावकारी बनाइनेछ।
- योजनाको छनोट, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा जनसहभागिता सुनिश्चित गरिनेछ।
- संघ, प्रदेश तथा विकास साझेदारहरूसँग समन्वय र सहकार्य गरी विकास कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ।
- दिगो विकास लक्ष्य (SDGs), राष्ट्रिय नीति तथा स्थानीय आवश्यकतासँग तादात्म्य हुने कार्यक्रमलाई

उच्च प्राथमिकता प्रदान गरिनेछ।

१८. मेरो ९ वर्षको कार्यकालमा योजनाहरु कार्यान्वयन गर्दा र अन्य गाउँपालिकाका कार्यहरु सम्पादन गर्दा तपसिल अनुसारका मुख्य समस्या तथा चुनौतीहरुको महशुस गरेको छु ।

- समयमा उपभोक्ता समिति गठन हुन नसकेकोले योजना सम्झौता तथा कार्यान्वयनमा ढिलाई हुने गरेको ।
- अपेक्षाकृत आन्तरिक राजस्व उठाउन सकिएको छैन । नदीजन्य पदार्थको राजस्व समयमा संकलन गर्न सकिएको छैन। संघीय तथा प्रदेश सरकारहरुले उपलब्ध गराउनु पर्ने रकम समयमा उपलब्ध नगराउँदा योजना तथा कार्यक्रमहरुको भुक्तानीमा समस्या देखिएको छ ।
- विकासका साझेदार स्थानीय जनसमुदायबाट प्रयाप्त जनश्रमदान जुटाउन सकिएको छैन । जसले गर्दा गाउँपालिकाको बजेट मै निर्भर हुनु परेको र उपभोक्ताले अपनत्व ग्रहण गर्न नसकेको अवस्था श्रृजना भएको छ ।
- कतिपय योजनाहरु अधुरा अवस्थामा रहीरहेका छन् । ती योजनाहरुलाई पुरा गर्न पर्याप्त बजेट रकम विनियोजन गर्नुपर्ने अवस्था सिर्जना भएको छ ।
- साना तथा टुक्रे योजनाहरु धेरै तर्जुमा भएकोले सिघ्र कार्यान्वयन गर्न कठिनाई भएको ।
- संघीयता कार्यान्वयनको शिलशिलामा पूर्ण अभ्यस्त नभईसकेको अवस्था हुनाले स्थानीय तहको नितिगत निर्णय र कर्मचारीहरुको कार्य सम्पादनको क्षमता जति उच्च हुनुपर्ने हो सो हुन नसकेको ।
- अन्तर्गष्ट्रिय बजारमा हुने मुल्य वृद्धिको कारणले विकास निर्माणमा देखिएको समस्या समाधान हुन नसकेको ।

१९. अब म यस गाउँपालिका आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

२०. सबै भन्दा पहिला सामाजिक विकास तर्फका क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

सामाजिक विकास

शिक्षा, युवा तथा खेलकुद

२१. विद्यालय तथा समुदायमा सञ्चालित बाल विकास केन्द्रका सहजकर्ता, सहयोगी कर्मचारी, लेखा सहायक र सामुदायिक सिकाइ केन्द्रका परिचालकको तलब भत्ता र पोसाक खर्च व्यवस्थापनका लागि रु. ६४ लाख रकम विनियोजन गरेको छु।

२२. प्रविधिमैत्री एवम् बालमैत्री विद्यालय वातावरण तयार गर्नका लागि रु. २७ लाख न्यून दरबन्दी भएका विद्यालयमा शिक्षक व्यवस्थापनका लागि रु. १४ लाख रकम विनियोजन गरेको छु।

२३. राष्ट्रपति रनिङ्ग शिल्ड एवम् अध्यक्ष कप खेल महोत्सव लगायत खेलकुद र अतिरिक्त क्रियाकलापका गाउँपालिका स्तरीय कार्यक्रम सञ्चालन व्यवस्थापनका लागि रु. ४२ लाख ५० हजार रकम विनियोजन गरेको छु।

२४. विद्यालयको शैक्षिक सुधारका लागि विद्यालय अनुगमन परिक्षा सञ्चालन व्यवस्थापन शिक्षा समिति प्रधानाध्यापक बैठक, छोरी शिक्षा कार्यक्रम आदि कार्यक्रम सञ्चालन व्यवस्थापनका लागि रु. ३३ लाख ५० हजार रकम विनियोजन गरेको छु।

२५. विपन्न एवम् उत्कृष्ट विद्यार्थीहरुलाई अध्ययनमा सहजीकारण गर्नका लागि रु. ९ लाख ५० हजार रकम विनियोजन गरेको छु।

२६. शिक्षा दिवस, आफ्नो विषयमा उत्कृष्ट नतिजा दिने शिक्षक तथा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थीहरुलाई सम्मान कार्यक्रम सञ्चालनका लागि रु. ६ लाख ५० हजार रकम विनियोजन गरेको छु।

२७. विद्यालयमा सुशासन वृद्धि गर्नका लागि प्रधानाध्यापक, लेखा सहायक, विद्यालय व्यवस्थापन समिति एवम् शिक्षक अभिभावक संघको क्षमता विकास, सामुदायिक सिकाई केन्द्रबाट सञ्चालन हुने सीपमूलक तालिम, शैक्षिक तथ्याङ्क प्रकाशन स्थानीय विषयको पाठ्यपुस्तकको व्यवस्थापन आदि क्रियाकलापका लागि रु. १० लाख ५० हजार विनियोजन गरेको छु।

२८ यसरी शिक्षा युवा तथा खेलकुद तर्फ कुल रु. २ करोड ७ लाख ५० हजार रकम विनियोजन गरेको छु।

स्वास्थ्य

२९. गाउँपालिकाका जनताहरुलाई आफ्नो स्वास्थ्यको चासो राख्न तथा समयसमयमा स्वास्थ्य उपचार गर्ने परिपाटीको विकास गर्ने वातावरण सिर्जना गर्ने गाउँपालिकाका विभिन्न स्थानहरुमा विभिन्न सहयोगी संस्थाहरुको सहयोगमा स्वास्थ्य शिविर सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । यस कार्य तथा अन्य विविध प्रकारका स्वास्थ्य सेवा प्रवाह गर्ने कार्यका लागि आकस्मिक तथा अत्यावश्यकिय स्वास्थ्य सेवा प्रवाहमा आइपर्ने भैपरी खर्चबाट रकम व्यवस्था मिलाउने गरी **रु. २ लाख** रकम विनियोजन गरेको छु ।

३०. युवा तथा किशोर किशोरीलाई लागु औषध दुर्व्यसनीको कुलतबाट टाढा राख्न विभिन्न प्रकारका प्रशिक्षण तथा जनचेतनामूलक कार्यक्रमहरु प्रहरीसँगको साझेदारीमा सञ्चालन गर्ने व्यवस्था मिलाइएको छु । यस कार्यका लागि **रु. ५० हजार** रकम विनियोजन गरेको छु ।

३१. गाउँपालिकाबाट निशुल्क वितरण गर्नेमा विभिन्न प्रकारका औषधीहरु खरिद गरी गाउँपालिकाको विभिन्न स्वास्थ्य संस्थाहरुमा उपचारका लागि आउने बिरामीहरुलाई वितरण गर्ने औषधी खरिद गर्ने व्यवस्था मिलाएको छु । सशर्तबाट प्राप्त हुने अनुदानबाट औषधी खरिद गर्दा अपुग हुने रकमबाट औषधि खरिद गर्ने व्यवस्था समेत मिलाएको छु । यस कार्यका लागि **रु. १५ लाख** रकम विनियोजन गरेको छु ।

३२ सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुको कार्यसम्पादनको उच्च सम्मान गर्दै गाउँपालिकाबाट विदाइ हुने महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मानजनक विदाइ गर्न रु. ६० हजार रकम विनियोजन गरी व्यवस्था मिलाएको छु, सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको कार्यलाई थप प्रभावकारी बनाउने सबै महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई उपलब्ध गराउँदै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिन रु. ९ लाख ७ हजार, सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुको अर्धवार्षिक तथा वार्षिक

समिक्षा गर्न रु. १ लाख ५० हजार, र पालिका स्तरिय सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको अक्षय कोष अनुदान रु. २० हजार गरी गाउँपालिकाका सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुको प्रोत्साहन तथा क्षमता विकास गर्न कार्यका लागि जम्मा **रु. ११ लाख ३७ हजार** रकम विनियोजन गरेको छु ।

३३. गाउँपालिकाको मोतिपुर प्राथमिक स्वास्थ्य केन्द्रमा २४ सै घण्टा आकस्मिक स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापनको लागि **रु. १४ लाख,** मोतिपुर प्राथमिक स्वास्थ्य केन्द्रमा मानसिक रोग विशेषज्ञद्वारा विरामी चेकजाँच तथा परामर्श कार्यक्रम सञ्चालनको लागि निरन्तरता दिन रु. १ लाख ५० हजार र एक्सरे तथा भिडियो एक्सरे मेशिन सञ्चालनको निरन्तरताको लागि रु. १ लाख ५० हजार गरी मोतिपुर प्राथमिक स्वास्थ्य केन्द्रबाट सेवा उपलब्ध गराउन जम्मा **रु. १७ लाख** रकम विनियोजन गरी स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

३४. गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुलाई प्रभावकारी रुपमा संचालन गर्न कार्यालय संचालन खर्च रु. ५ लाख ५० हजार, स्वास्थ्य संस्थाहरुमा विद्युत बिल महशुल रकम अनुदान रु. ३ लाख, स्वास्थ्य संस्थाहरुमा ल्याब सञ्चालन अनुदान ३ लाख ९० हजार गरी जम्मा **रु. १२ लाख ४० हजार** रकम स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापनको लागि विनियोजन गरेको छु ।

३५. गाउँपालिका बासी नागरिकहरुलाई रगत आवश्यक पर्दाको समयमा सहज रुपमा निःशुल्क रगत उपलब्ध गराउन नेपाल रेडक्रस सोसाइटीसँग निःशुल्क रुपमा रगत उपलब्ध गराउने सम्झौताको कार्यान्वयन गर्न रु. ५ लाख ५० हजार, विपन्न नागरिकहरुलाई आँखा अस्पतालसँग मोतिबिन्दुको निःशुल्क शल्यक्रिया कार्यक्रम सञ्चालन गर्न रु. २ लाख गरी जम्मा **रु. ७ लाख ५०** हजार रकम विनियोजन गरी उल्लेखित संस्थाहरुसँगको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

३६. शुद्धोदन गाउँपालिका भित्र जन्म हुने बालिकाहरुको सुरक्षा तथा संरक्षणको लागि बालिका जन्म प्रोत्साहन स्वरुप रकम उपलब्ध गराउने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. ५ लाख** रकम विनियोजन गरेको छु ।

३७. गाउँपालिका भित्रका विभिन्न स्वास्थ्य संँस्थाहरुमा कार्यरत कार्यालय सहयोगिहरुले गाउँपालिका मार्फत स्वास्थ्य सामाग्रिहरु ढुवानीको लागि रु. ३५ हजार, खोप क्लिनिक तथा गाउँघर क्लिनिक संचालन गर्ने बापत फिल्ड कार्यकर्ताको यातायात खर्च रु. ८० हजार, अत्यावश्यकिय स्वास्थ्य सामाग्रिहरु खरिद तथा मर्मत २ लाख, स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी फर्म फर्मेट छपाई तथा सोको व्यवस्थापन गर्न रु. २ लाख, पोषण मैत्री स्वास्थ्य संस्था घोषणाका प्रारम्भिक चरणका क्रियाकलापहरु सञ्चालनका लागि रु. ५० हजार, अपाङ्गता भएका व्यक्तिहरु तथा स्वयं हेरचाह समूहका लागि स्वास्थ्य व्यवहार परिवर्तन कार्यक्रमको लागि रु. ४० हजार, र क्षयरोग मुक्त पालिका अभियानमा खटिने स्वंसेवकहरुको मासिक समिक्षा बैठकको लागि रु. ८० हजार गरी जम्मा **रु. ६ लाख ८५** हजार रकम विनियोजन गरी कार्यक्रम सञ्चालन गर्न प्रस्ताव गरेको छु ।

३८. स्वास्थ्य संस्थाहरुमा गर्भवती महिलाहरुको लागि निःशुल्क भिडियो एक्सरे सेवाको सञ्चालनको लागि रु. १ लाख, स्वास्थ्य बिमा कार्यक्रमको मासिक समिक्षा तथा प्रचार प्रसारको लागि रु. १ लाख ५० हजार, पाटीघरको मुखको क्यान्सर स्क्रिनिङ गर्ने कार्यका लागि रु. ८० हजार, अपाङ्ग अशक्त तथा अति गरिवहरुका लागि निःशुल्क एम्बुलेन्स सेवाको लागि रु. १ लाख ५० हजार, एच.आइ.भि. एड्स संक्रमितहरुको लागि सहयोग रु. ५० हजार, स्वास्थ्य जन्य फोहोर मैला व्यवस्थापन तथा संक्रमण निवारण कार्यक्रमको लागि रु. ५० हजार र स्वास्थ्य आपतकालिन उद्दार टोली गठन तथा परिचालन गर्न रु. १० हजार गरी यी कार्यक्रमहरु सम्पन्न गर्न आगामी आर्थिक वर्षमा **रु. ६ लाख ७० हजार** रकम बनियोजन गरेको छु ।

३९. समुदाय स्तरिय पोषण प्रवर्द्धन अभियान सञ्चालनको निरन्तरता दिने गरी **रु. ५ लाख** रकम बिनियोजन गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । गाउँपालिका भित्रका सुत्केरी आमाहरुको पोषण सुधार गरी आमा र बच्चाको स्वास्थ्य सुधार गर्न सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । यस कामको लागि **रु. ५ लाख** रकम बिनियोजन गरेको छु ।

४०. शुद्धोदन गाउँपालिकामा रहेको यज्ञोदय दुधनाथ थारु बहुमुखी क्याम्पसको कम्पाउण्ड वाल निर्माण गर्न **रु. २० लाख** रकम बिनियोजन गरेको छु ।

४१. गाउँपालिका भित्रका बिभिन्न संस्थाहरुलाई सञ्चालन तथा व्यवस्थापन गर्न रकम उपलब्ध गराइ संस्थाहरुको क्षमता बिकास गर्न स्काउट तालिम तथा बिविध कार्यक्रम सञ्चालनको लागि रु. ३ लाख, सुस्त मनस्थिति बाल बिद्या मन्दिरको कार्यक्रम सञ्चालनको लागि रु. ५ लाख, शुद्धोदन अपाङ्ग संघलाई सहायक सामाग्रिहरु बितरण तथा कार्यक्रम सञ्चलन गर्न रु. ३ लाख, बि.पी. स्मृती भवन सञ्चालन तथा व्यवस्थापनको लागि रु. २ लाख, संस्कृत बिद्यालय बड्डा नं. ५ सञ्चालन खर्च रु. ५ लाख गरी **रु. १८ लाख** रकम बिनियोजन गर्ने प्रस्ताव गरेको छु ।

४२. गाउँपालिका भित्र पोषणको अभावका कारण कुपोषित हुने बच्चा तथा आमाको पोषण सुधार गर्न गाउँपालिका भित्र हुने सुत्केरी आमाहरुलाई पोषणका समाग्रिहरु उपलब्ध गराउन सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ यस कार्यक्रमको लागि **रु. ५ लाख** रकम बिनियोजन गरेको छु ।

आयुर्वेद तर्फ

४३. प्राकृतिक योग चिकित्सालय सैनामैनालाई बैकल्पिक उपचार पद्धतीमा सहयोग गर्न **रु. ५ लाख** रकम उपलब्ध गराउने गरी रकम बिनियोजन गरेको छु ।

४४. आयुर्वेद स्वास्थ्य तथा योग चिकित्सा मार्फत आयुर्वेद औषधालयबाट प्रदान गरिने सेवालाई नागरिक मैत्री बनाउँदै सर्वसुलभ र प्रभावकारी बनाउन तथा आयुर्वेद औषधीहरु निशुल्क रुपमा नियमित उपलब्ध गराउन आयुर्वेद औषधालय तथा गाउँघर क्लिनिक सेवा निरन्तरताका लागि आयुर्वेदिक औषधी खरिद गर्न **रु. ५ लाख ५०** हजार रकम बिनियोजन गरेको छु ।

४५. गाउँपालिका वासीको शारिरीक तथा मासिक स्वास्थ्यमा सुधार ल्याउन योग शिक्षा कार्यक्रम सञ्चालनको लागि रु. १ लाख, आयुर्वेद स्वास्थ्य सेवा अभिमुखिकरण कार्यक्रम गर्न रु. ७५ हजार, धन्वन्तरी जयन्ती तथा राष्ट्रिय आरोग्य दिवस मनाउन रु. ४० हजार, आयुर्वेद औषधालय संचालन गर्न तथा मर्मत संभारका लागि रु. २ लाख ५० हजार गरी जम्मा **रु. ४ लाख ६५** हजार रकम विनियोजन गरेको छु ।

४६. अन्तराष्ट्रिय आरोग्य दिवस मनाउन रु. ६० हजार, आयुर्वेद शाखा सञ्चालन तथा व्यवस्थापनको लागि रु. १ लाख, गाउँघर क्लिनिक सञ्चालनको लागि रु. ४० हजार, आयुर्वेद औषधालयमा फर्निचर तथा समाग्रीहरु खरिदको लागि रु. १ लाख, गृहणी महिलाहरुका लागि भान्सा सुधार कार्यक्रमका लागि रु. १ लाख, विश्व योग दिवस मनाउन रु. १ लाख गरी जम्मा **रु. ५ लाख** रकम विनियोजन गरेको छु ।

सभाअध्यक्ष महोदय,

४७. अब म खानेपानी तथा सरसफाई तर्फ यस आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तुत गर्न चाहन्छु ।

खानेपानी तथा सरसफाई

४८. सुरक्षित र पर्याप्त खानेपानीको पहुँच सुनिश्चित गर्न, सरसफाई तथा व्यक्तिगत स्वच्छता अभ्यासलाई प्रवर्द्धन गर्दै स्वास्थ्यमा सुधार ल्याउन समुदायमा दिगो र समावेशी स्वच्छता सेवाको विकास गरी रोगको जोखिम घटाउन खानेपानी तथा सरसफाई स्वच्छता योजना (wash plan) अध्यावधिक गर्न **रु. ९० हजार** बजेट विनियोजन गरेको छु ।

४९. ख. बनगाई खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको पूर्वाधार निर्माणको लागि रु. ८ लाख, मानपकडी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको पूर्वाधार निर्माणको लागि रु. ८ लाख, मानमटेरिया सेमरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको पूर्वाधार निर्माणको लागि रु. १० लाख र सौ. फर्साटिकर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको पूर्वाधार निर्माणको लागि रु. ४ लाख गरी जम्मा **रु. ३० लाख** रकम खानेपानीका पूर्वाधारहरु निर्माण गर्न बजेट विनियोजन गरेको छु ।

५०. सुरक्षित र स्वच्छ खानेपानीमा सबैको पहुँच सुनिश्चित गर्न आर्थिक रुपमा कमजोर समुदायको जीवनस्तर सुधार गर्दै स्वास्थ्यमा सुधार ल्याउन विपन्न वर्ग तथा टोल विकास संस्थाहरुको खानेपानी धारा जडान सहयोग कार्यक्रमको लागि **रु. १ लाख** बजेट विनियोजन गरेको छु ।

५१. समुदायमा स्वच्छता र सरसफाई प्रति चेतना अभिवृद्धि गर्न, स्थानीय बासिन्दालाई स्वच्छ वातावरण निर्माणमा सक्रिय सहभागी गराउँदै सामूहिक स्वामित्व विकास गर्न, कार्यक्रममार्फत टोलहरूलाई फोहरमुक्त, व्यवस्थित र स्वास्थ्यमैत्री बनाउने लक्ष्यले टोल विकास संस्थाहरुको सहकार्यमा सफा र स्वच्छ टोल प्रवर्धन कार्यक्रमको लागि रु. **३ लाख** बजेट विनियोजन गरेको छु ।

५२. पानीको स्वास्थ्य मापदण्डअनुसारको गुणस्तर सुनिश्चित गर्न, दूषित पानीबाट हुन सक्ने रोगहरूको जोखिम कम गर्न तथा जनस्वास्थ्य सुरक्षा गर्न, परीक्षणको नतिजाका आधारमा आवश्यक सुधारात्मक कदम चाल्ने उद्देश्यले विभिन्न स्थानमा खानेपानी गुणस्तर परिक्षण कार्यक्रमको लागि **रु ९० हजार** बजेट

विनियोजन गरेको छु ।

५३. जनसाधारणमा सरसफाईप्रति जागरूकता फैलाउन, व्यक्तिगत, पारिवारिक र सामुदायिक सरसफाई अभ्यासलाई प्रवर्द्धन गर्दै स्वच्छ र स्वस्थ वातावरण निर्माणमा सहयोग पुऱ्याउँने कार्यक्रम मार्फत दीगो विकास, सार्वजनिक स्वास्थ्य सुधार र स्वच्छ जीवनशैलीको संस्कृति विकास गर्ने उद्देश्यले राष्ट्रिय सरसफाई सप्ताह मनाउने कार्यक्रमको लागि **रु. ९० हजार** बजेट विनियोजन गरेको छु ।

५४ सबैका लागि सुरक्षित र पहुँचयोग्य शौचालय सुविधाको महत्त्वबारे जनचेतना फैलाउन, खुला शौचालय प्रयोग अन्त्य गरी सरसफाई र स्वास्थ्य सुधारमा योगदान पुऱ्याउँन, स्वच्छता, जलवायु परिवर्तन र दिगो विकास लक्ष्यहरू प्राप्तिमा शौचालयको भूमिकालाई जोड दिने लक्ष्य राखेर विश्व शौचालय दिवस मनाउने कार्यक्रमको लागि **रु. ३५ हजार** बजेट विनियोजन गरेको छु ।

५५ हात धुने सही तरिका र महत्त्वबारे जनचेतना बढाउन, संक्रमणजन्य रोगहरूबाट जोगिन सफा हात धुने अभ्यासलाई प्रवर्द्धन गर्न स्वास्थ्य सुरक्षा र स्वच्छता प्रवर्द्धन गरी स्वस्थ जीवनशैली कायम राखे उद्देश्यले विश्व हात धुने दिवस कार्यक्रमको लागि **रु. ३५ हजार** बजेट विनियोजन गरेको छु ।

५६. सबैका लागि सुरक्षित, प्रर्याप्त र दिगो पानी व्यवस्थापनमा जनचेतना फैलाउन जलस्रोत संरक्षण, पानीको सही उपयोग र स्वच्छता सुनिश्चित गर्न जोड दिन पानी सम्बन्धी चुनौतीहरूलाई सामना गर्दै दिगो विकास लक्ष्य हासिल गर्न सहयोग गर्ने उद्देश्यका साथ विश्व पानि दिवसका लागि **रु ३५ हजार** बजेट विनियोजन गरेको छु ।

५७. महिनावारी सम्बन्धी स्वस्थ, स्वच्छ र गरिमामय व्यवहारको बारेमा जनचेतना फैलाउन, महिनावारीका कारण हुने सामाजिक कलंक हटाउन र समानता प्रवर्द्धन गर्न मद्दत गर्न महिनावारी स्वच्छता सामग्रीको पहुँच सुनिश्चित गरी किशोरी र महिलाहरूको स्वास्थ्य सुधारमा सहयोग पुऱ्याउने उदेश्यले विश्व महिनावारी स्वच्छता दिवस कार्यक्रमको लागि **रु. ३५** हजार बजेट विनियोजन गरेको छु ।

५८. गाउँपालिकाका विभिन्न खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरूलाई विद्युतीकरण गर्ने कार्यका लागि **रु. ८ लाख** बजेट विनियोजन गरेको छु ।

५९. सेवा प्रवाहमा सुधार ल्याउन, समुदायमा स्वच्छता र खानेपानी व्यवस्थापनमा सहकार्यलाई बलियो बनाउन स्थानीय तह र उपभोक्ता बीच विश्वास र जिम्मेवारी साझा गरी दिगो सेवा सुनिश्चित गर्ने लक्ष्य राखेर खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरूसंग समन्वय, सहकार्य तथा अन्तरक्रिया कार्यक्रमको लागि **रु. ९०** हजार बजेट विनियोजन गरेको छु ।

६०. पूर्ण सरसफाई सम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न रु. ३ लाख रकम विनियोजन गरेको छु ।

संस्कृति प्रवर्द्धन

६१. शुद्धोदन गाउँपालिकाको नामांकरण भएका भगवान गौतम बुद्धका पिता राजा शुद्धोदनको ऐतिहासिक अभिलेखहरूको खोजि गर्दै संरक्षण गर्ने खालका कार्यक्रमहरू गर्न सर्वप्रथम राजा शुद्धोदनको स्तुपा गाउँपालिकाको उपयुक्त स्थानमा निर्माण गर्न **रु. २० लाख** रकम विनियोजन गरेको छु ।

६२. शुद्धोदन गाउँपालिका वडा नं. ३ को बेलबास बेथरी सडकको पूर्व तर्फ बेतहीमा दुर्गा मन्दिर निर्माण गर्न रु. २० लाख रकम विनियोजन गरेको छु ।

खेलकुद तथा मनोरञ्जन

६३. खेलकुदका विभिन्न कार्यक्रमबाट गाउँपालिका बासीलाई स्वस्थ र तन्दुरुस्त राख्न खेलकुदका कार्यक्रमहरुलाई निरन्तरता दिएको छु । यस कार्यका लागि गाउँपालिकाका ७ वटै वडाबाट शारिरीक तन्दुरुस्ती योगा तथा खेलकुद प्रवर्द्धन कार्य गर्न जम्मा **रु. ३५ लाख** रकम विनियोजन गर्ने प्रस्ताव गरेको छु ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

सभाका सभाध्यक्ष महोदय,

६४. अब म लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अन्तर्गत रकम विनियोजन गर्न चाहान्छु।

६५ लैङ्गिक समानता, सामाजिक समावेशीकरण र पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग, र समुदायको उत्थान राज्यको प्राथमिक दायित्व हो। आर्थिक वर्ष २०८३/८४ मा शुद्धोदन गाउँपालिकाको नीति तथा बजेटको मुख्य मर्मलाई आत्मसात् गर्दै, लक्षित समुदायको आर्थिक तथा सामाजिक विकासका लागि यो बजेट तथा कार्यक्रम प्रस्तुत गरेको छु।

६६. लक्षित वर्ग (दलित, जनजाति, थारू, मुस्लिम, मधेशी) को परम्परागत पेशाको आधुनिकीकरण गर्दै क्षमता विकास गरी सामाजिक सशक्तीकरण गर्नको लागि **रु. ७ लाख** रकम विनियोजन गरेको छु ।

६७. **महिला, बालबालिका, ज्येष्ठ नागरिकको तथा एकल महिला सम्मान र सशक्तीकरणका लागि** पहिचानसहितको सम्मान गर्दै आत्मनिर्भर बनाउन स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गर्न **रु. ८ लाख** रकम विनियोजन गरिएको छ।

६८. अपाङ्गता पहिचान, पुनर्स्थापना गर्दै, स्वास्थ्य जाँच र मनोसामाजिक परामर्शसँगै सहायक सामग्री वितरणको लागि **रु. ८ लाख ४० हजार** रकम विनियोजन गरेको छु।

६९. सामाजिक कुरीति र विकृतिजन्य हानीकारक अभ्यासहरुलाई न्यूनीकरण गर्दै लैङ्गिक समानता, सामाजिक समावेशीकरण र पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग, र समुदायको उत्थानमा जनचेतना अभिवृद्धि र सचेतीकरणका लागि **रु. ८ लाख ७० हजार** रकम विनियोजन गरेको छु।

७०. सीमान्तकृत समुदायको सार्वजनिक सेवामा पहुँच अभिवृद्धि गर्ने कार्यक्रमको लागि **रु. ७ लाख ७० हजार** रकम विनियोजन गरेको छु ।

७१. दीर्घ विकास लक्ष्यको कार्यक्रमलाई कार्यान्वयन गर्न गाउँपालिकालाई लोकिएकै समयमा आलमैत्री स्थानीय शासनका कार्यक्रमहरु कार्यान्वयन गर्न **रु. १० लाख** रकम विनियोजन गरेको छु ।

सभाअध्यक्ष महोदय,

७२. अब म आर्थिक विकास तर्फ यस आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तुत गर्न चाहन्छु ।

७३ शुद्धोदन गाउँपालिका भित्र उत्पादन हुने कृषि तथा पशु उत्पादन गर्ने कृषकहरुको सम्मान तथा उत्पादन वृद्धिलाई प्रोत्साहन गर्न उत्पादनमा आधारित अनुदान उपलब्ध गराउने व्यवस्था मिलाएको छु । यस कार्यका लागि रु. २० लाख रकम विनियोजन गरेको छु ।

कृषि क्षेत्रका कार्यक्रमहरु

७४. शुद्धोदन गाउँपालिकाको वडा नं. १, २ र ६ मा विगत वर्षहरु देखि कार्यान्वयनमा रहेको शुद्धोदन गाउँपालिकाको वृहत मत्स्य विकास कार्यक्रम कार्यान्वयन गर्न संघीय सरकारको विशेष अनुदान मार्फत रकम **रु. १ करोड ७५ लाख** रकम विनियोजन गरेको छु ।

७५. कृषि उपज उत्पादन अभिवृद्धि एवं सिंचाई प्रवर्धनका लागी स्यालो ट्युवेल जडान (५०% अनुदान) का लागी **रु १० लाख** विनियोजन गरेको छु ।

७६. व्यावसायिक च्याउ खेती प्रवर्धनका लागी च्याउको बिऊ बितरण कार्यक्रम (५०% अनुदानमा) **रु २ लाख** विनियोजन गरेको छु ।

७७. प्रत्येक घर परिवारलाई बाह्र महिना स्वस्थ तरकारी उपलब्धको तरकारी मिनीकिट बितरण कार्यक्रमका लागी **रु ६ लाख** विनियोजन गरेको छु ।

७८. कृषि उपज उत्पादनमा आकस्मिक रुपमा देखा पर्ने रोग किरा नियन्त्रण गर्नका निम्ति आकस्मिक बाली संरक्षण कार्यक्रम संचालन का लागी **रु ६ लाख** विनियोजन गरेको छु ।

७९. व्यवसायिक तरकारी उत्पादनमा कृषकहरुलाई प्रोत्साहन गर्नका लागी हाईब्रिड तरकारी बिऊ बितरण कार्यक्रमका (५०% अनुदानमा) लागी **रु ३ लाख** विनियोजन गरेको छु ।

८०. आधुनिक तथा व्यवसायिक खेती प्रवर्दन साथै सुरक्षित तरीकाले बिषादि प्रयोगमा जोड दिन स्प्रे टंकी बितरण कार्यक्रम (५०% अनुदानमा) का लागी **रु ४ लाख** विनियोजन गरेको छु ।

८१. विभिन्न बालीहरुको उत्पादन लागत कम गर्न साथै कृषिमा आधुनिकीकरण एवं यान्त्रिकीकरण गर्नका लागी कृषि यान्त्रीकरण कार्यक्रम (५०% अनुदानमा) का लागी **रु २० लाख** विनियोजन गरेको छु ।

८२ पुराना सिंचाई नहर मर्मत तथा नयाँ सिंचाई संरचना निर्माणको साना सिंचाई कार्यक्रम अंतर्गत **रु १० लाख** विनियोजन गरेको छु ।

८३. व्यवसायिक मौरी पालनमा कृषकको अभिरुचि बढाउन साथै महमा यस गाउँपालिकालाइ आत्मनिर्भर बनाउन मौरी घार बितरण कार्यक्रम (५०% अनुदानमा) का लागि रु ४ लाख विनियोजन गरेको छु ।

८४. कृषक को ज्ञान तथा सिप अभिवृद्धि गर्नका लागी गाऊँपालिका स्तरीय तालीम (च्याउ खेती तालीम, बेमौसमी तरकारी खेती, मौरी पालन, फलफुल खेती, जैविक मल तालीम) का लागी लागी **रु २ लाख** विनियोजन गरेको छु ।

८५. किसानको समस्या लाइ किसानको खेत बारीमा गई समाधान गर्ने कृषकको मागमा आधारित स्थलगत तालिम कार्यक्रमको लागी **रु ३ लाख** विनियोजन गरेको छु ।

८६. कृषकको आवश्यकता लाई मध्यनजर गर्दै कृषकको मागमा आधारित कार्यक्रम (५०% अनुदानमा) संचालन गर्न **रु ३ लाख** विनियोजन गरेको छु ।

८७. तोरी उत्पादन बृद्धिगर्ने उद्देश्यले गुणस्तरिय तोरीको बिऊ वितरण गर्न तोरीको बिऊ वितरण कार्यक्रम (५०% अनुदानमा) **रु २ लाख** विनियोजन गरेको छु ।

८८ यस गाउँपालिकामा स्थापना भएका बिस्थान केन्द्र र बिऊ उत्पादक कृषि सहकारी तथा कृषक समुहलाइ बिधुत महशुल अनुदान स्वरूप **रु २ लाख** विनियोजन गरेको छु ।

८९. एक घर एक करेसाबारी कार्यक्रमलाई प्राथमिकताका साथ आगाडी बढाउन करेसाबारी प्रवर्द्धन कार्यक्रमका लागी **रु १ लाख** विनियोजन गरेको छु ।

९०. बढ्दो बिषादीको असर न्युनीकरण गर्न साथै सुरक्षित तरिकाले बिषादीको प्रयोग गर्न कृषकहरु लाई सचेत बनाउन बिषादी व्यवस्थापन सम्बन्धी सचेतना कार्यक्रममा **रु १ लाख** रकम विनियोजन गरेको छु ।

९१. विद्यार्थीहरुलाई कृषि पेशा सम्बन्धी ज्ञान, सिप अभीबृद्धि गर्न साथै पढाईमा लाग्ने दैनिक खर्च व्यवस्थापनको लागि पढ्दै कमाउदै कार्यक्रम अन्तर्गत **रु १ लाख** विनियोजन गरेको छु ।

९२. किसानलाई धान खेति प्रति जागरूक गराउन साथै हौसला दिनका लागी एक दिने धान दिवस लगायत अन्य सिवसहरुको लागि **रु २ लाख** विनियोजन गरेको छु ।

९३. कृषि पेशालाई प्रतिस्पर्धी बनाउन किसानलाई घर घरमै गई सेवा प्रदान गर्न कृषि मेला प्रदर्शनी तथा घुम्ती शिविर कार्यक्रममा **रु ३ लाख** विनियोजन गरेको छु ।

९४. कृषि शाखामा आवश्यक पर्ने आकस्मिक सामग्री खरिद तथा शाखाको अन्य खर्च व्यवस्थापनको लागि विविध शीर्षकमा **रु २ लाख** विनियोजन गरेको छु ।

९५. शुद्धोदन गाउँपालिका भित्र तिलगाई लगायतका वन्यजन्तुहरुबाट कृषि उत्पादन तथा मानव वन्यजन्तु द्वन्द नियन्त्रण गर्ने व्यवस्था मिलाउन **रु. ५ लाख** रकम विनियोजन गरेको छु ।

९६. गाउँपालिकाको वडा नं. १ को बेलबामा तरकारी प्रवर्द्धन कार्यक्रमका लागि रु. ५ लाख, साना किसान सहकारी तरकारी बिउ बिरुवा उत्पादन कार्यक्रमको लागि रु. २ लाख ५० हजार र कृषि तथा पशु क्षेत्रको उत्पादनलाई प्रोत्साहन गर्न उत्पादनमा आधारित अनुदान वितरण गर्न रु. २० लाख गरी जम्मा **रु. २७ लाख ५०** हजार रकम विनियोजन गरेको छु ।

पशु सेवा तर्फ

९७. गाई, भैंसी, भेडा र बाखालाई महामारीजन्य रोगबाट बचाउन पशु पन्छीहरुमा खोप लगाउने कार्यक्रमको लागि **रु. ८ लाख** रकम विनियोजन गरिएको छु।

९८ आन्तरिक परजीवी नियन्त्रणका लागि रु. ५ लाख र आकस्मिक तथा नियमित पशु पन्छी उपचार सेवाका लागि **रु. ४ लाख** रकम विनियोजन गरेको छु।

९९. पशु रोग निदानलाई प्रभावकारी बनाउन प्रयोगशाला सामग्री खरिद कार्यक्रमका लागि **रु. १ लाख** रकम विनियोजन गरेको छु।

१००. दुधालु पशुहरूमा लाग्ने थुनेलो रोग परीक्षण शिविर, सचेतना तथा सामग्री वितरणका लागि रु. २ लाख र बाँझोपन निवारणका लागि घरदैलो घुम्ती शिविर कार्यक्रम संचालन गर्न **रु. २ लाख** रकम विनियोजन गरेको छु।

१०१. हिउँदे तथा वर्षे घाँसको बीउ, बिरुवा र सेट्स वितरण वा अनुदान कार्यक्रमका लागि **रु. ५ लाख** रकम विनियोजन गरेको छु।

१०२. पशु सेवा सम्बन्धी कार्यक्रम र डेरी अनुगमनका लागि रु. २ लाख तथा डेरी, पशुपालन फार्म, मासु पसल र हाटबजारका माछा-मासु पसल अनुगमनका लागि **रु. १ लाख ५०** हजार रकम विनियोजन गरेको छु।

१०३. पशु पन्छी पालन तालिम तथा सामग्री वितरणका लागि रु. ४ लाख र पशुपालन समूह वा संस्था मार्फत मागमा आधारित कार्यक्रम, तालिम तथा सामग्री वितरणका लागि **रु. ४ लाख** रकम विनियोजन गरेको छु।

१०४. मत्स्य पालन वा माछाका परिकार सम्बन्धी तालिमका लागि **रु. १ लाख** र मत्स्य पालन पोखरीमै पुगेर पानीको गुणस्तर परीक्षण गर्ने कार्यक्रमका लागि **रु. १ लाख** रकम विनियोजन गरेको छु।

१०५. हिउँदको समयमा पशु आहारको संकट टार्न ५० प्रतिशत अनुदानमा साइलेज वितरण कार्यक्रम गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. ४ लाख** रकम विनियोजन गरेको छु ।

१०६. कृषि, पशु पन्छी तथा मत्स्य पालन सम्बन्धी सचेतना फैलाउन डकुमेन्ट्री तयार पार्ने कार्यक्रमका लागि **रु. २ लाख** विनियोजन गरिएको छु।

१०७. पशु सेवातर्फ भैपरी आउने तथा अन्य विविध कार्यहरूका लागि **रु. १ लाख ५०** हजार विनियोजन गरिएको छु।

१०८. गाउँपालिका भित्र रहेका छाडा चौपायाहरुलाई उपयुक्त माध्यमबाट व्यवस्थापन गरी चौपायाहरुले कृषि पशु व्यवसायमा गरेको क्षती कम गर्ने छाडा चौपायाहरुको व्यवस्था गर्न **रु. ५ लाख** रकम विनियोजन गरेको छु ।

पर्यटन विकास कार्यक्रम

१०९. गाउँपालिकाका विभिन्न पार्कहरुलाई स्तरउन्नती गरी शौन्दरीकरण गर्न २० लाख, वडा नं. २ मा बालउद्यान तथा चिल्ड्रे पार्क निर्माण तथा मर्मत गर्न रु. १५ लाख, वडा नं. ५ को शुद्धोदन पार्क मर्मत गर्न रु. ५ लाख गरी जम्मा **रु ४० लाख** रकम विनियोजन गरेको छु ।

११०. गाउँपालिकाभित्र रहेका विभिन्न पार्कहरु संचालन तथा व्यवस्थापनको लागि रु. १० लाख, पर्यटन प्रवर्द्धन कार्यक्रमको लागि रु. ५ लाख गरी जम्मा **रु. १५ लाख** रकम पर्यटन विकासमा खर्च गर्ने गरी प्रस्ताव गरेको छु ।

१११. वडा नं. ४ को ज्योती साझा संस्थाको जरगामा ज्येष्ठ नागरिक पार्क निर्माण गर्न रु. २ लाख रकम विनियोजन गरेको छु ।

११२. शुद्धोदन गाउँपालिका भित्र रहेका पर्यटकीय स्थानहरुको पहिचान गरी पर्यटन प्रवर्द्धन गर्न रु. ५ लाख रकम विनियोजन गरेको छु ।

उद्यम विकास तर्फ

११३. स्थानिय स्रोत र साधनको सदुपयोग गर्दै दिगो आर्थिक विकासमा योगदान पुर्याउन र स्वरोजगारका अवसर सृजना गर्न गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम लघु उद्यम विकस मोडेलमा नयाँ लघु उद्यमी सृजना गर्न **रु. ४ लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

११४. समय अनुसारको माग र आवश्यकतालाई मध्ये नजर गर्दै सीप मार्फत दक्ष तथा रोजगार योग्य बनाउन, स्वरोजगार र आयआर्जनका अवसरहरु बढाउँदै आर्थिक सशक्तिकरणमा सहयोग पुर्याउन फेशन डिजाईनर तालिमका लागि रु.३ लाख र कौसमुज जन्य आयमूलक थप सीप विकास तालिमका लागि रु.१ लाख ५० हजार गरी जम्मा **रु. ४ लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

११५. परम्परागत सीप र संस्कृतिको संरक्षण गर्न मादल बजाउने तालिमका लागि **रु.२ लाख** रकम विनियोजन गरेको छु ।

११६. बेरोजगार व्यक्तिहरुलाई उद्यमशिलताको विकास गरि रोजगारीको अवसर सृजना गर्ने लक्ष्य राखेर एक गाउँ/वडा एक उत्पादन कार्यक्रमको लागि **रु. २ लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

११७. गाउँपालिका भित्रका सहकारीहरुमा जडान भएका दुध विश्लेषण गर्ने मेशिनहरु समय समयमा बिग्रने भएको कारणले मर्मतको लागि गाउँपालिकामा जनशक्ति सहज रुपमा प्राप्त गर्ने वातावरणको सिर्जना गर्न मिल्क एनालाईजर उपकरण मर्मत तालिमका लागि **रु.३ लाख** रकम विनियोजन गरेको छु ।

११८ गाउँपालिका भित्रका युवाहरु तथा विदेशमा रोजगारी गरी गाउँपालिका भित्र उपयुक्त उद्यम गर्न चाहाने युवाहरुलाई उद्यम विकासमा जोड्न अध्यक्षसँग युवा इलाम कार्यक्रम सञ्चालन गर्न **रु.२० लाख** रकम विनियोजन गरेको छु ।

सहकारी

११९. सहकारी अभियानको मुल्य, योगदान र सम्भावनाबारे जनचेतना फैलाउन, सहकार्य, आत्मनिर्भरता र सामुहिक विकास मार्फत समृद्ध समाज निर्माणमा सहयोग पुर्‍याउँन राष्ट्रिय सहकारी दिवस कार्यक्रमको लागि **रु. ८० हजार** रकम विनियोजन गरेको छु ।

१२०. कृषि तथा अन्य सहकारी संस्थाको मागमा आधारित ५०/५० प्रतिशत साझेदारी कृषि प्रविधि हस्तान्तरण कार्यक्रमको लागि **रु. ७० हजार** रकम विनियोजन गरेको छु ।

१२१. गैरकानुनी स्रोतबाट आर्जित सम्पत्तिको शुद्धिकरण (Money Laundering) नियन्त्रण गर्न

वित्तीय प्रणालीमा पारदर्शिता, उत्तरदायित्व र कानुनी अनुपालन सुनिश्चित गर्न सहयोग पुऱ्याउँने, कार्यक्रम मार्फत भ्रष्टाचार, आतंकवादी वित्तपोषण तथा अवैध कारोबार रोक्ने नीति तथा जनचेतना विकासमा योगदान पुर्याउने उद्देश्यले पर्ल्स तथा सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी अभिमुखिकरण कार्यक्रमको लागि **रु. १ लाख** रकम विनियोजन गरेको छु ।

१२२. सुशासन, पारदर्शिता र विधिसम्मत कार्य सम्पादन सुनिश्चित गर्न, अनियमितता नियन्त्रण गरी सहकारी सदस्यहरूको हित र विश्वास संरक्षण गर्न सहयोग पुऱ्याउँने उद्देश्यले सहकारी संघ संस्थाहरूको नियमित अनुगमन निरीक्षणको लागि **रु. १ लाख** रकम विनियोजन गरेको छु ।

१२३. सहकारी संजाल तथा सहकारीको अन्तर जिल्ला प्रदेशमा कृषि तथा गैर कृषि अध्ययन तथा अन्य विविध कार्यक्रमहरुको लागि **रु. १ लाख** रकम विनियोजन गरेको छु ।

१२४. सहकारी संस्था र गरिबी निवारण कार्यक्रमहरूका सम्बन्धित तथ्यांकहरूलाई एकीकृत, व्यवस्थित र पहुँचयोग्य बनाउन, नीति निर्माण, अनुगमन, मूल्याङ्कन र प्रभावकारी योजना निर्माणमा डेटा आधारित निर्णय लिन सहयोग पुऱ्याउँने उद्देश्यले सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली कार्यक्रमको प्रशिक्षक प्रशिक्षण (COPOMIS TOT Training) कार्यक्रमको लागि **रु. १ लाख** रकम विनियोजन गरेको छु ।

स्थानीय विकास कोष (सा.वि.कोष)

१२५. शुद्धोदन गाउँपालिकाको सबै वडाहरुमा सामाजिक परिचालन गाउँ विकास कार्यक्रम समूह, संस्था गठन गरिएका संस्थाको मागमा आधारित विविध तालिम कार्यक्रमको लागि **रु. ५ लाख** रकम विनियोजन गरेको छु ।

१२६. सामुदायिक समुहका अध्यक्ष मेनेजर भेला कार्यक्रमको लागि रु. १ लाख, सी.एम.सी. व्यवस्थापन समिति बैठक खाजा तथा अनुगमन कार्यको लागि रु. १ लाख ५० हजार, सामाजिक परिचालन समिति बैठक भत्ता तथा विविध खर्च कार्यक्रमको लागि रु. ५० हजार, गरी जम्मा **रु. ३ लाख** रकम विनियोजन गरेको छु ।

रोजगार प्रवर्द्धन र सुरक्षित आप्रवासन

१२७. रोजगार सेवा केन्द्र तथा सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम अन्तर्गत स्थानीय स्तरमा रोजगारी प्रवर्द्धन, उद्यमशीलता विकास, सुरक्षित वैदेशिक रोजगारी तथा न्यूनतम रोजगारी कार्यक्रम संचालनका लागि रोजगार सेवा केन्द्रका रोजगार सहायक तथा प्राविधिक सहायकको तलब, पोशाक तथा चाडपर्व खर्चका लागि रु. १० लाख १३ हजार मनोसामाजिक परामर्शकर्ता (सहायक पाँचौं तह) को करार सेवा शुल्क (५० प्रतिशत साझेदारी) का लागि रु. २ लाख ५८ हजार गरी जम्मा **रु. १२ लाख ७१ हजार** रकम विनियोजन गरेको छु ।

१२८. उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सिप विकास,

उद्यमशीलता प्रवर्द्धन र पुनःएकीकरण सम्बन्धी क्रियाकलाप लागत साझेदारीमा सञ्चालन गर्न **रु. १० लाख ४७ हजार** रकम विनियोजन गरेको छु ।

१२९. रोजगारी सूजना मार्फत न्यूनतम रोजगारी कार्यक्रम सञ्चालनका लागि रु. १० लाख १३ हजार, रोजगार सेवा केन्द्रबाट सञ्चालन हुने आयोजनाका लागि आवश्यक सामग्री खरिद तथा अन्य कार्यक्रम सञ्चालनका लागि रु. २ लाख, रोजगार संवाद सभा सञ्चालनका लागि रु. ५० हजार गरी जम्मा **रु. १२ लाख ६३ हजार** रकम विनियोजन गरेको छु ।

१३०. यसरी रोजगार सेवा केन्द्र तथा सुरक्षित आप्रवासन (SoMi) कार्यक्रमतर्फ आर्थिक वर्ष २०८३/०८४ का लागिजम्मा रु. ३१ लाख ३२ हजार रकम विनियोजन गरेको छु ।

उद्योग तथा व्यापार

१३१. गाउँपालिका वासीलाई गुणस्तरिय वस्तु सुपथ मुल्यमा उपलब्ध गराउने वातावरणको सुनिश्चितता गर्न गाउँपालिका भित्र रहेका विभिन्न बजारहरुमा रहेका पसलहरुको अनुगमन गर्ने कार्य सञ्चालन गर्न **रु. ३ लाख** रकम विनियोजन गरेको छु ।

सभाअध्यक्ष महोदय,

१३२. अब म पूर्वाधार विकास तर्फ यस आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तुत गर्न चाहन्छु ।

भौतिक पूर्वाधार विकास

स्थानीय सडक तथा पुल, भवन, सिचाइ पूर्वाधार

१३३. आर्थिक वर्ष २०८३/८४ मा लुम्बिनी प्रदेश सरकारसँगको समपुरक अनुदानमा योजना कार्यान्वयन गर्ने गरी रकम विनियोजन गरेको छु । यस अन्तर्गत यस गाउँपालिकाको भूमिगत सिचाइ विस्तार तथा स्तरोन्नती गर्न प्रदेश सरकारको रु. ७५ लाख र शुद्धोदन गाउपालिकाको रु. ७६ लाख गरी जम्मा **रु. १ करोड ५१ लाख** रकम विनियोजन गरेको छु ।

१३४. आर्थिक वर्ष २०८३/८४ मा नेपाल सरकारसँगको समपुरक अनुदानमा योजना कार्यान्वयन गर्ने गरी रकम विनियोजन गरेको छु । यस अन्तर्गत खड्वा वनगाई खानेपानी ट्याक देखि बुटवल उपमहानगरपालिका वडा नं. १६ को मिनी फेवातालं जाने सडक निर्माण वडा नं. २ सडक निर्माण गर्न नेपाल सरकारको रु. ४० लाख र शुद्धोदन गाउपालिकाको **रु. ६२** लाख गरी जम्मा रु. **१ करोड २ लाख** रकम विनियोजन गरेको छु ।

१३५. शुद्धोदन गाउपालिकाको विभिन्न सडकहरु मर्मत गरी सडकको अवस्था सुधार गर्न आवश्यक रकम विनियोजन गरेको छु । यसका लागि रु. १ करोड ८० लाख रकम विनियोजन गरेको छु ।

१३६. शुद्धोदन गाउँपालिकाको कृषि शाखाको कम्पाउण्ड वाल निर्माण तथा मर्मत गर्न **रु. १० लाख** रकम विनियोजन गरेको छु ।

१३७. गाउँपालिका भित्रका विभिन्न सार्वजनिक एवं विद्यालयहरुका भवन मर्मत तथा रङरोगन गर्न **रु.५० लाख** रकम विनियोजन गरेको छु ।

१३८. गाउँपालिका भित्रका सार्वजनिक भवन तथा विद्यालयका भवनहरु निर्माण गर्न **रु. ३० लाख** रकम विनियोजन गरेको छु ।

१३९. गाउँपालिकाको वडा नं. ५ को रजाड देखि पुरैनी जाने सडक निर्माण गर्न **रु. ७५ लाख** रकम विनियोजन गरेको छु ।

१४०. गाउँपालिकाको सबै वडाहरुमा गाउँपालिका गौरवको योजनाहरु छनोट गरी कार्यान्वयन गर्न वडा कार्यालयहरुको सिफारिसमा वडा नं. १ को भगलपुर गाउँ जाने सडक निर्माण, वडा नं. २ राजेश मल्लाहको घर देखि बाटुलीको घर सम्म सडक निर्माण, वडा नं. ३ को चारकुने देखि उत्तर तर्फ सिचाइ कुलो निर्माण, वडा नं. ४ को फर्साटिकर हाटबजार देखि जुगडिया जाने सडक निर्माण, वडा नं. ५ को खजुरिया देखि रजाड जाने सडक निर्माण, वडा नं. ६ को बकुली टोलमा नाली निर्माण, वडा नं. ७ को भगलापुर सामुदायिक भवन निर्माण गर्न प्रत्येक योजनाहरुको लागि रु. २५ लाखका दरले जम्मा **रु. १ करोड ७५** लाख रकम विनियोजन गरेको छु ।

१४१. गाउँपालिका विभिन्न सडकहरुलाई ग्राभेलको माध्यमबाट व्यवस्थापन गर्न गाउँपालिकाको विभिन्न स्थानमा ग्राभेल गर्ने गरी **रु. ७० लाख** रकम विनियोजन गर्ने प्रस्ताव गरेको छु ।

१४२. गाउँपालिकाका विभिन्न स्थानहरुमा ह्युम पाइप जडान गरी व्यवस्थापन गर्न **रु. १० लाख** रकम विनियोजन गरेको छु ।

१४३. गाउँपालिका वडा नं. १ को सिकारा गाउँको पोखरी पूर्व तर्फ नाली निर्माण गर्न **रु. १० लाख** रकम विनियोजन गरेको छु ।

१४४ गाउँपालिकाको वडा नं. ७ को भगलापुर देखि जनता मा.वि. हुँदै सिसवा जाने सडक निर्माणको लागि **रु. ५० लाख** रकम विनियोजन गरेको छु ।

१४५. गाउँपालिकाका विभिन्न सिचाइ कुलो निर्माण तथा मर्मत गरी सिचाइको सुविधा उपलब्ध गराउने **रु. ३० लाख** रकम विनियोजन गरेको छु ।

१४६. गाउँपालिकाको विभिन्न स्थानमा विद्युतको लाइन विस्तार तथा मर्मत गरी विद्युतको सेवा सहज बनाउन **रु. १५ लाख** रकम विनियोजन गरेको छु ।

१४७. गाउँपालिकाको विभिन्न स्थानहरुमा जडान भएको सडक बत्तीहरुको महशुल भुक्तानीको लागि **रु. ५ लाख** रकम विनियोजन गरेको छु ।

१४८. गाउँपालिकाको विभिन्न सडकहरु कालोपत्रे गरी सडक आवागमनलाई प्रभावकारी बनाउन रु. **१ करोड ९७ लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

१४९. गाउँपालिकाको विभिन्न स्थानहरुमा सि.सि.टि.भी. जडान गरी सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन **रु. १० लाख** रकम विनियोजन गरेको छु ।

१५०. गाउपालिकाको वडा नं. ३ को आधारभुत स्वास्थ्य केन्द्र जाने सडक निर्माण गर्न **रु. १५ लाख** रकम विनियोजन गरेको छु ।

१५१. फर्सीटिकर बजार क्षेत्रमा नाली निर्माण गर्न **रु. ५ लाख** रकम विनियोजन गरेको छु ।

१५२. विभिन्न पार्कहरुमा पुर्वाधार निर्माण सौन्दर्यकरण व्यवस्थापन तथा सञ्चालन गर्न **रु. २० लाख** रकम विनियोजन गरेको छु ।

१५३. शुद्धोदन पार्क र चिल्ड्रेन पार्कमा बाल उद्धान निर्माण गर्न **रु. २० लाख** रकम विनियोजन गरेको छु ।

१५४ शुद्धोदन अपाङ्ग संघको भवन निर्माण गर्न **रु. १५ लाख** रकम विनियोजन गरेको छु ।

१५५ गाउँपालिका परिसरमा पार्कीङ क्षेत्र निर्माण गर्न **रु. १० लाख** रकम विनियोजन गरेको छु ।

१५६. गाउँपालिकाका विभिन्न स्थानहरुमा हाइमास्ट तथा सडक बत्ती जडान गर्ने कार्यका लागि **रु. ५० लाख** विनियोजन गरेको छु ।

१५७. गाउँपालिका मुख्य सडकहरुमा रोड मार्किङ गर्न **रु. ३५ लाख** रकम विनियोजन गरेको छु ।

१५८. विभिन्न सडकहरु स्तर उन्नती गरी सवारी पहुँचलाई प्रभावकारी बनाउन **रु. २ करोड** रकम विनियोजन गरेको छु ।

१५९. गाउँपालिकाको विभिन्न स्थानहरुमा खेलकुद पुर्वाधारहरु निर्माण गर्न **रु. ५० लाख** रकम विनियोजन गरेको छु ।

१६०. गाउँपालिकाको नवनिर्मित सभाहलमा फर्निचर, एसी र स्मार्ट टि.भि. जडान गर्न **रु. ५० लाख** रकम विनियोजन गरेको छु ।

१६१. मानमर्टरिया स्वास्थ्य चौकी भवन निर्माण गर्न **रु. २० लाख** रकम विनियोजन गरेको छु ।

१६२. गाउँपालिका भित्र रहेका असुरक्षित आवासहरुको अध्ययन गरी जोखिम युक्त आवासको सुधार गर्न सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । यसका लागि **रु. ३० लाख** रकम विनियोजन गरेको छु ।

१६३. शुद्धोदन गाउँपालिकाका सबै वडाहरु मार्फत कार्यक्रम गर्ने गरी यसै अनुसूचिमा उल्लेख भएका योजना तथा कार्यक्रमहरु मार्फत कार्य गर्ने गरी प्रत्येक वडाहरुमा रु. १ करोड ५ लाखको दरले सिलिङ उपलब्ध गराइ जम्मा **रु. ७ करोड ३५ लाख** रकम विनियोजन गरेको छु ।

१६४. शुद्धोदन गाउँपालिकाको नदीजन्य पदार्थ उत्खनन् तथा बिक्रि व्यवस्थापन मार्फत आर्थिक वर्ष २०८२/८३ मा संकलन भएको राजस्व मध्य प्रदेश सरकार, जिल्ला समन्वय समितिलाई राजस्व बाँडफाड मार्फत रकम उपलब्ध गराई गाउँपालिकालाई प्राप्त हुने रकमबाट ३० प्रतिशत रकम नदी प्रभावित क्षेत्रका विभिन्न नदी नियन्त्रण तथा सडक स्तरउन्नती गर्ने कामको लागि वडा नं. १ मा रु. १ करोड ९ लाख १६ हजार, वडा नं. २ मा १३ लाख २१ हजार, वडा नं. ३ मा ५७ लाख ७० हजार, वडा न. ६

मा १ करोड १२ लाख ७७ हजार र वडा नं. ७ मा रु. ७३ लाख ७० हजार रकम गरी जम्मा **रु. ३ करोड ६६ लाख ५४ हजार** रकम विनियोजन गरेको छु ।

सभाअध्यक्ष महोदय,

१६५. अब म वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ यस आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तुत गर्न चाहन्छु ।

वन, वातावरण, भु-संरक्षण तथा नदी नियन्त्रण

१६६. गाउँपालिका भित्र रहेका विभिन्न नदीहरुको कटानलाई रोकी नदी क्षेत्रमा तटबन्ध निर्माण गरी नियन्त्रण गर्न आवश्यक देखि **रु. ४० लाख** रकम विनियोजन गरेको छु ।

१६७. गाउँपालिकाको जरगालाई सुरक्षित नरिकाले प्रयोग गरी कृषि उत्पादनलाई वृद्धि गर्न भु-संरक्षणका कार्यक्रमहरु गर्ने गरी **रु. ५ लाख** रकम विनियोजन गरेको छु ।

१६८. गाउँपालिका भित्रको जलाधार संरक्षण गर्न उपयुक्त स्थानहरुको छनोटगरी कार्यक्रम सञ्चालन गर्न **रु. ५ लाख** रकम विनियोजन गरेको छु ।

१६९. गाउँपालिकामा निस्कने फोहोरलाई उपयुक्त माध्यमबाट स्रोतमै वर्गिकरण गरी फोहोर मैला व्यवस्थापन गर्न, फोहोर मैलाको उपयुक्त व्यवस्थापन भएका स्थानीय तहसँग अन्तरक्रिया गर्न रु. २ लाख, फोहोर मैला व्यवस्थापन सम्बन्धी अभिमुखिकरण तथा सामाग्रिहरु वितरण गर्न रु. १ लाख ५० हजार र गाउँपालिकाको फोहोर संकलन केन्द्र निर्माण गर्न रु. २० लाख गरी जम्मा **रु. २३ लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

१७०. गाउँपालिकाको विभिन्न स्थानमा रहेका शवदाह स्थलहरुको मर्मत तथा व्यवस्थापन गर्न **रु. १० लाख** रकम विनियोजन गरेको छु ।

१७१. जलवायु परिवर्तन तथा वातावरण संरक्षण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्न **रु. ५ लाख,** गाउँपालिकाको विभिन्न स्थानहरुमा वृक्षा रोपण कार्यक्रमका लागि रु. ५ लाख गरी जम्मा **रु. १० लाख** रकम विनियोजन गर्ने गरी प्रस्ताव पेश गरेको छु ।

विपद् व्यवस्थापन

१७२. गाउँपालिका भित्र पर्न सक्ने प्राकृतिक विपदलाई सामना गर्न आवश्यक पर्ने विपद् पूर्व तयारी तथा क्षती न्युनीकरणका लागि रोकथाम, मर्मत तथा भौतिक पुर्वाधार निर्माण गर्न **रु. १० लाख** रकम विनियोजन गरेको छु ।

१७३. शुद्धोदन गाउँपालिकाले अन्य स्थानीय तह समेतको सहकार्यमा सञ्चालन गर्दै आएको वारुणयन्त्र सञ्चालनमा सहकार्य गर्न **रु. ८ लाख** रकम विनियोजन गरेको छु ।

सभाअध्यक्ष महोदय,

१७४. अब म सुशासन तथा संस्थागत विकास तर्फ यस आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तुत गर्न चाहन्छु ।

सुशासन तथा संस्थागत विकास

१७५. गाउँपालिका भित्र रहेका सबै टोल विकास संस्थाहरुले गरेको कामको वार्षिक लेखा परिक्षण गराइ प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था मिलाउन लेखा परिक्षणका लागि आवश्यक पर्ने रु. **१ लाख ५०** हजार रकम विनियोजन गरेको छु ।

१७६. शुद्धोदन गाउँपालिका सञ्चालनमा रहेको ई-सिफारिस प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न कर्मचारी तथा जनप्रतिनिधिहरुलाई सूचना प्रविधि सम्बन्धी तालिमको लागि रु. ४ लाख, जनप्रतिनिधिहरुका लागि क्षमता विकास तालिमको लागि रु. २ लाख र कर्मचारीहरुका लागि क्षमता विकास तालिमको लागि रु. २ लाख, भवन नक्सा पास तालिमका लागि रु. ३ लाख, राजस्व तालिमको लागि रु. ३ लाख, जिन्सी व्यवस्थापन सम्बन्धी तालिम रु. २ लाख गरी जम्मा तालिम मार्फत क्षमता विकास लागि **जम्मा रु. १६ लाख** रकम विनियोजन गरेको छु ।

१७७. गाउँपालिका भित्र रहेका सबै वडा कार्यालयहरुको कामको चापलाई मध्यनजर गर्दै सेवा प्रवाहलाई छिटो, छरितो, प्रविधीमैत्री र प्रभावकारी बनाउन सबै वडा १/१ जनाको दरले रहने गरी ७ वटा सहायक स्तर चौथो सहायक कम्प्युटर अपरेटर ७ जना, गाउँपालिकामा हलुका सवारी चालक २ जना, ट्याक्टर चालक १ जना, सबै वडाहरुमा १/१ जनाको दरले रहने गरी श्रेणी विहिन कार्यलाय सहयोगी ७ जना, सबै वडामा १/१ जनाको दरले रहने गरी चौकीदार तथा माली ७ जना, गाउँपालिकाको कार्यालय भवनको सुरक्षाको लागि सुरक्षा गार्ड २ जना, गाउँपालिका अन्तर्गतमा विभिन्न पार्कमा सरसफाइ तथा पार्क व्यवस्थाप गर्न माली ३ जना, ट्याक्टर सहचालक १ जना पदहरुको दरबन्दी यसै प्रस्ताव मार्फत स्वीकृत गरी दरबन्दी सिर्जना गर्ने प्रस्ताव गरेको छु । यसको लागि आवश्यक पर्ने रकम विनियोजन गरेको छु ।

१७८. शुद्धोदन गाउँपालिकाको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन गाउँपालिकाको स्वास्थ्य संस्थाहरुमा काम गर्ने गरी अ.हे.व. ५ जना, अ.न.मी ३ जना, ल्याब असिस्टेन्ट ४ जना, मोतिपुर प्राथमिक स्वास्थ्य केन्द्रमा रेडियो ग्राफर १ जना, सुरक्षा गार्ड २ जना, १ जना फार्मेसी सहायक, आयुर्वेद सेवा प्रवाह गर्न सहायक चौथो वैद्य १ जना पदको दरबन्धी यसै प्रस्ताव मार्फत स्वीकृत गरी दरबन्दी सिर्जना गर्न प्रस्ताव गरेको छु । यसको लागि आवश्यक पर्ने रकम विनियोजन गरेको छु ।

१७९. सामाजिक विवादहरुलाई छिटो, छरितो र सर्वसुलभ बनाउन मेलमिलाप कर्ताहरुलाई पुनरताजकी तालिमको लागि ३ लाख, वडा स्तरीय मेलमिलाप कर्ताहरुबाट भए गरेका कामकारवाहीको अनुगमन गर्न रु ५० हजार र मेलमिलाप कर्ताहरुलाई यातायात भत्ता (विवाद समाधान भएको अवस्थामा

प्रतिबैठक रु ५०० का दरले। का लागि **रु १ लाख** गरी जम्मा **४ लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

१८०. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता कार्यलाई सहजता बनाउन सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्बन्धी जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्न रु २ लाख, घटना दर्ता सप्ताह सम्बन्धी विविध कार्यक्रम गर्न रु २ लाख गरी जम्मा **रु. ४ लाख** रकम विनियोजन गरेको छु ।

१८१. भूमिहीन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लागि जग्गा उपलब्ध गराउने कार्यक्रमको कर्मचारी करार सेवा शुल्कका लागि रु १० लाख रकम विनियोजन गरेको छु ।

१८२. गाउँपालिका भित्र कार्यरत नगर प्रहरीहरुकलाई आवश्यक बन्दोबस्तीका समाग्रीहरु खरिद गरी उपलब्ध गराउन रु. ५ लाख रकम विनियोजन गरेको छु ।

१८३. गाउँपालिका भित्र जडान भएको विद्युतिय सञ्जाल मर्मत गर्न ५ लाख, सि.सि.टि.भि. क्यामेरा जडान तथा केन्द्रिकृत कार्यक्रमको लागि रु. ८ लाख, ग्रुप कल अध्यावधिक तथा सन्देश प्रशारण सर्भर वार्षिक मर्मत रकम रु. २ लाख, Firewall खरिद तथा सेटअप गर्न रु. ७ लाख, ई-सिफारिस प्रवर्द्धन कार्यक्रमको लागि रु. २० लाख र विभिन्न सफ्टवेयर हरुको मर्मत गर्न रु. १५ लाख गरी जम्मा **रु. ५९ लाख** रकम सूचना प्रविधि तथा विद्युतीय सुशासन प्रवर्द्धन कार्यक्रमको लागि विनियोजन गरेको छु ।

सभाअध्यक्ष महोदय,

१८४. अब म संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त सशर्त तथा विशेष अनुदान तर्फ यस आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तुत गर्न चाहन्छु ।

१८५. संघीय सरकारबाट प्राप्त सशर्त अनुदानलाई सोही बमोजिम खर्च गर्ने गरी रकम विनियोजन गरेको छु । यसका लागि चालु तर्फ रु. १९ करोड ४० लाख र पुँजिगत तर्फ रु. २८ लाख रकम विनियोजन गरेको छु । जस बाट चालु आर्थिक वर्षमा गाउँपालिकामा जम्मा संघीय सशर्त अनुदानबाट **रु. १९ करोड ६८ लाख** बराबर खर्च हुने अनुमान गरेको छु ।

१८६. लुम्बिनी प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदानलाई पनि सोही बमोजिम खर्च गर्ने गरी रकम विनियोजन गरेको छु । यस अन्तर्गत गाउँपालिकामा पुजिगत तर्फ वडा न ५ को कुवारबर्ती ढिउढार निर्माण गर्न रु. ५ लाख, थारु कल्याणकारी सभाको संग्राहलय निर्माण गर्न रु. ९ लाख, वडा न. ७ को खुनगाभा देखि बनघुसरी जाने सडक स्तर उन्नती गर्न रु. १८ लाख, दरबाह मन्दिरको अधुरो भवन निर्माण गर्न रु. ९ लाख, बनगाइ गाउँको मौवा पथ पिसिसि ढलान गर्न रु. १४ लाख, शान्तिनगर टोलमा ज्येष्ठ नागरीक मिलन केन्द्रको अधुरो भवन निर्माण गर्न रु. १० लाख, ब्रिउ भण्डार गृह निर्माण गर्न रु. १० लाख गरी जम्मा **रु. ९५ लाख** रकम प्रदेश सरकारको सशर्त अनुदान तर्फ विनियोजन गरेको छु ।

१८७. संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान चालु तर्फ शुद्धोदन गाउँपालिकाको कृषि विकास रणनीतिक योजना अन्तर्गत वृहत मत्स्य विकास कार्यक्रम शुद्धोदन गाउँपालिका वडा नं. १, ३ र ६ मा माछापोखरी

निर्माण तथा प्रस्तावका अन्य कामहरु गर्ने गरी **रु. १ करोड ७५ लाख** रकम विनियोजन गरी कार्यक्रमलाई निरन्तरता दिन बजेट प्रस्ताव गरेको छु ।

१८८. प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदानको रकमबाट शिशै खानेपानी आयोजनाको पूर्वाधार निर्माण गर्न **रु. २० लाख** रकम विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

अब म मार्थिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१८९. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु. ८९ करोड ४९ लाख ७६ हजार रकम विनियोजन गरेको छु । यस मध्ये चालु तर्फ रु. ४६ करोड ६५ लाख २ हजार ४ सय १५ कुल बजेटको ५२.१२ प्रतिशत, पूँजिगत तर्फ रु. ४२ करोड ८४ लाख ७३ हजार ५ सय ८५ कुल बजेटको ४७.८८ प्रतिशत रहने अनुमान गरेको छु । यसमा चालुतर्फ सशर्त अनुदानबाट प्राप्त हुने रकम धेरै भएकोले प्रतिशतमा तलमाथी भएको अवस्था छ ।

१९०. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये गाउँपालिकाको आन्तरिक आम्दानीबाट रु. २ करोड ९० लाख ६९ हजार, चालु आर्थिक वर्षको नगद बैंक मौज्दातबाट रु. २९ करोड ८७ लाख, जम्मा राजस्व बाँडफाँड (संघ, प्रदेश र स्थानीय) बाट २० करोड १८ लाख ५ हजार, जम्मा अनुदान (संघ र प्रदेशः वित्तीय समानीकरण, सशर्त अनुदान र विशेष अनुदान) बाट रु. ३६ करोड ५४ लाख २ हजार गरी जम्मा रु. ८९ करोड ४९ लाख ७६ हजार रकम प्राप्त हुने अनुमान गरेको छु ।

सभाध्यक्ष महोदय,

१९१. अब म आगामी आर्थिक वर्ष २०८३/८४ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१९२. यस गाउँपालिकालाई आत्मनिर्भर गराउँदै जाने योजना सफल बनाउनका लागि कर प्रणालीमा संरचनात्मक परिवर्तन गरी संघ र प्रदेश सरकारमाथि निर्भर रहनु पर्ने बाध्यतालाई अन्त्य गर्दै आन्तरीक आर्थिक क्रियाकलापमा आधारित तुल्याइ दीर्घो कर प्रणालीमा रुपान्तरण गर्दै जान निम्न उद्देश्य हासिल गर्ने गरी राजस्व परिचालन गरिनेछ ।

१९३. वैज्ञानिक अनुमान योग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट नीजि लगानी मैत्री वातावरण सिर्जना गरी उत्पादन मुलक उद्योग तथा व्यवसाय प्रवर्द्धन र संरक्षण प्रदान गर्ने ।

१९४. गाउँपालिका भित्र सम्भावित करयोग्य सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याउँदै कर छली तथा चुहावट नियन्त्रण गरी करको दर कम गर्दै दायरा विस्तार गर्ने ।

१९५. मानव स्वास्थ्यलाई नोक्सान पुर्याउने तथा वातावरण ह्रास गराउने वस्तुको प्रयोगमा निरुत्साहित गर्ने ।

१९.६ गाउँपालिकाको कर प्रशासनलाई सक्षम बनाउन सूचना प्रविधिको प्रयोग मार्फत कर संकलन गर्ने ।

१९.७ नदीजन्य पदार्थबाट हुने आम्दानीलाई समयमै संकलन गर्न गाउँपालिका भित्र रहेका नदीजन्य पदार्थहरुको ठेक्का व्यवस्था समयमै गर्ने ।

१९.८ गैर कर राजस्वका दरहरुलाई समसामयिक लागत प्रभावी र पारदर्शी बनाइ थप राजस्व संकलन गर्न प्रयास गर्ने ।

सभाध्यक्ष महोदय,

१९.९ आर्थिक वर्ष २०८१/८२ को यथार्थ आय र खर्च, आर्थिक वर्ष २०८२/८३ संशोधित अनुमानित आय र आर्थिक वर्ष २०८३/८४ को अनुमानित आय व्ययको विवरण अनुसूचिमा उल्लेख गरेको छु ।

२००. मैले माथि प्रस्तुत गरेको बजेटको सफल कार्यान्वयनबाट गाउँपालिकामा उपलब्ध श्रोत र साधनको उच्चतम उपयोग र समन्यायीक वितरण भै गाउँपालिका बासीको जीवन स्तर सहज सुरक्षित र गुणस्तरिय हुँदै जाने तथा दीगो र उच्च आर्थिक वृद्धिको जग मजबुत हुने अपेक्षा लिएको छु । गाउँपालिका भित्रको सार्वजनिक सेवाको प्रभावकारिता एवं गुणस्तर अभिवृद्धि भै सुशासनको प्रत्याभूती हुने विश्वास लिएको छु।

२०१. प्रस्तुत बजेट तर्जुमा गर्दा मलाई सहयोग गर्ने अध्यक्षज्यू, गाउँपालिका वडाध्यक्षहरु, गाउँ कार्यपालिकाका सदस्यहरु, गाउँसभाका सदस्यहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यज्यूहरु, गाउँपालिकाका राजनीति दलका प्रमुख तथा प्रतिनिधीहरु, गाउँपालिकाका विद्वत वर्गहरु, गाउँपालिकाका सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु, बजेट निर्माणको क्रममा अमुल्य राय सुझाव उपलब्ध गराउने सम्पूर्ण सहयोगिहरु र गाउँपालिका बासी प्रति हार्दिक आभार प्रकट गर्दै बजेट कार्यान्वयनमा सबैको सकारात्मक सहयोगको अपेक्षा राख्दै सबल र समृद्ध शुक्रोदन गाउँपालिका निर्माणको महान यात्रामा सबै गाउँपालिका बासीलाई सहभागि हुन आव्हान गर्दै विदा हुन चाहन्छु ।

धन्यवाद, नमस्कार ।

शान्तादेवी झवाली
उपाध्यक्ष

आय व्ययको विवरण

अनुसूचि-१

शीर्षक	आ.व.२०८१/८२ को यथार्थ	आ.व.२०८२/८३ को संशोधित अनुमान	आ.व.२०८३/८४ को अनुमान
आय	**५७,२६,९२,७०१.४१**	**५८,००,२४,१०४.००**	**५९,६२,७६,०००.००**
राजस्व	**१९,२२,३७,८७४.४१**	**१६,०९,३१,१०४.००**	**२३,०८,७४,०००.००**
आन्तरिक श्रोत	**२,१०,८०,७५४.९८**	**२,२५,३९,०००.००**	**२,९०,६९,०००.००**
११३१३ सम्पत्ती कर	७,०४,५०१.३४	१२,००,०००.००	८,००,०००.००
११३१४ भुमिकर/मालपोत	२९,५२,४८८.६१	३०,००,०००.००	३०,००,०००.००
११३१७ बहाल कर	२७,४६,२३०.२१	१५,००,०००.००	३०,००,०००.००
११३१८ बहाल बिटौरी कर	३७,४०,५.५०	९,६५,०००.००	२०,००,०००.००
११४५१ सवारी साधन कर (साना सवारी)	१३,७००.००		
११६११ व्यवसायले भुक्तानी गर्ने	१,३००.००	१०,००,०००.००	१,००,०००.००
११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोबारमा लाग्ने कर	१,०५०.००		
११६९१ अन्य कर	६,१६,०१३.१६	२,५०,०००.००	२,००,०००.००
१४१५१ सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय	१२,६६,५००.००	०	५,००,०००.००
१४२१२ सरकारी सम्पत्तीको बिक्रीबाट प्राप्त रकम	७४,४८२.००		
१४२१८ विद्युत सेवा शुल्क	८३,८००.००	०	२,०००.००
१४२२१ न्यायिक दस्तुर	११,०००.००	५,०००.००	५,०००.००
१४२२४ परीक्षा शुल्क		५,०००.००	५,०००.००
१४२२९ अन्य प्रशासनिक सेवा शुल्क	२,८६,९८२.००	५,०००.००	१०,००,०००.००
१४२४१ पार्किङ शुल्क		१,०००.००	१,०००.००

शीर्षक	आ.व.२०८१/८२ को यथार्थ	आ.व.२०८२/८३ को संशोधित अनुमान	आ.व.२०८३/८४ को अनुमान
१४२४२ नक्सापास दस्तुर	१५,७३,६७४.५१	१०,००,०००.००	२५,००,०००.००
१४२४३ सिफारिश दस्तुर	६५,३५,६००.४८	५२,००,०००.००	५५,००,०००.००
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	६,०२,१००.००	५,००,०००.००	५,००,०००.००
१४२४५ नाता प्रमाणित दस्तुर	४,६४,०००.००	२,००,०००.००	२,००,०००.००
१४२४९ अन्य दस्तुर	८,३४,०७२.१७	१०,००,०००.००	५,००,०००.००
१४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर	१,३४,०५०.००	८,००,०००.००	५,००,०००.००
१४२५४ रेडियो/ एफ.एम.सञ्चालन दस्तुर		५,०००.००	५,०००.००
१४२६२ विद्युत सम्बन्धी दस्तुर		२,०००.००	०
१४२६५ अन्य क्षेत्रको आय		४०,००,०००.००	४०,००,०००.००
१४३११ न्यायिक दण्ड, जरिवाना र जफत	४०,०००.००	१,०००.००	१,०००.००
१४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत		४,००,०००.००	५,००,०००.००
१४३१३ घरौटी सदरस्याहा		२,००,०००.००	२,००,०००.००
१४६११ व्यवसाय कर	१३,०१,७१५.००	०	१६,५०,०००.००
१५११३ अनुदान फिर्ता		०	२०,००,०००.००
राजस्व बाँडफाँडबाट प्राप्त रकम	**२८,८९,०१,११९.४३**	**१३,८३,९२,१०४.००**	**२०,१८,०५,०००.००**
११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर	१,६४,९४,४७०.२०	१,००,००,०००.००	१,३५,००,०००.००
११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर	५,८९,९७,९१२.६०	७,१३,१३,०७८.००	६,९०,९९,०००.००
११४२१ बाँडफाँड भरु प्राप्त हुने अन्तःशुल्क	२,५४,७०,०३८.९०	२,३७,७१,०२६.००	२,९६,१४,०००.००
११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	५५,६६,५१७.८७	८३,०८,०००.००	९३,९२,०००.००
११४७१ बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर		१,००,०००.००	१,००,०००.००
११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर	९१,२००.००	१,००,०००.००	१,००,०००.००

शीर्षक	आ.व.२०८१/८२ को यथार्थ	आ.व.२०८२/८३ को संशोधित अनुमान	आ.व.२०८३/८४ को अनुमान
१४१५३ वाइफाई भई प्राप्त वन रोयल्टी	६,९६,१८९.६६		
१४१५७ वाइफाई भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय	६,०८,८१,५९०.२०	२,४८,००,०००.००	८,००,००,०००.००
१४१५९ अन्य सोतबाट प्राप्त रोयल्टी	२९,५९,२००.००		
३३३४३ विज्ञापन कर	०		
३३३६६ दहत्तर बहत्तर शुल्क	११,२८,१२,०००.००		
३३३९१ अन्य वाइफाई हुने राजश्व संकलन	४९,३२,०००.००		
अन्य आय		**६,००,०००.००**	**४,००,०००.००**
१४५२९ अन्य राजस्व		४,००,०००.००	२,००,०००.००
१५१११ बेरुजु		२,००,०००.००	२,००,०००.००
अन्तर सरकारी वित्तीय हस्तान्तरण	३८,०४,५४,८२७.००	४१,९०,९३,०००.००	३६,५४,०२,०००.००
सघीय सरकार	३६,१५,७२,९१७.००	३९,५०,०३,०००.००	३३,७२,००,०००.००
१३३११ समानिकरण अनुदान	११,०५,७०,८००.००	११,६८,००,०००.००	११,८९,००,०००.००
१३३१२ शर्तं अनुदान चालु	१९,३२,१९,७३०.००	१९,३८,०३,०००.००	१९,४०,००,०००.००
१३३१३ शर्तं अनुदान पुँजीगत	५,६१,८३,४१४.००	६,२८,००,०००.००	२८,००,०००.००
१३३१४ विषेश अनुदान चालु		१,००,००,०००.००	०
१३३१५ विषेश अनुदान पुँजीगत	१५,९८,९७३.००	७६,००,०००.००	१,७५,००,०००.००
१३३१६ समपुरक अनुदान चालु		०	४०,००,०००.००
१३३१७ समपुरक अनुदान पुँजीगत		४०,००,०००.००	०
प्रदेश सरकार	**१,८८,८१,९१०.००**	**२,३५,९०,०००.००**	**२,७२,०२,०००.००**
१३३११ समानिकरण अनुदान	८३,३८,०००.००	८०,९०,०००.००	८२,०२,०००.००
१३३१२ शर्तं अनुदान चालु		०	१०,००,०००.००

शीर्षक	आ.व.२०८१/८२ को यथार्थ	आ.व.२०८२/८३ को संशोधित अनुमान	आ.व.२०८३/८४ को अनुमान
१३३१३ शसर्त अनुदान पुँजीगत	४७,१६,०३१.००	८०,००,०००.००	८५,००,०००.००
१३३१५ विषेश अनुदान पुँजीगत		०	२०,००,०००.००
१३३१७ समपुरक अनुदान पुँजीगत	५८,२७,८७९.००	७५,००,०००.००	७५,००,०००.००
स्थानीय तह		५,००,०००.००	१०,००,०००.००
१३३११ समानिकरण अनुदान		५,००,०००.००	१०,००,०००.००
व्यय	५२,१६,४३,१०७.९०	७८,९३,४३,६६९.००	८९,४९,७६,०००.००
चालु	३१,८२,६०,६०२.९०	४३,१६,२०,६६९.००	४६,६५,०२,४१५.००
२११११ पारिश्रमिक कर्मचारी	१७,८६,३२,९६६.०२	१५,२०,२५,०००.००	१९,९२,८२,८००.००
२११२१ पोशाक	१७,५३,२००.००	५,००,०००.००	५,३०,०००.००
२११३२ महंगी भत्ता	६,०९,३३३.००	२०,००,०००.००	३७,४०,०००.००
२११३३ फिल्ड भत्ता	७९,९९७.००	०	१,२०,०००.००
२११३४ कर्मचारीको बैठक भत्ता	१०,४९,२००.००	३,२०,०००.००	०
२११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार	१३,३४,३५४.००	२५,००,०००.००	४२,००,०००.००
२११३९ अन्य भत्ता	२,४३,७१०.००	७,४०,०००.००	४,६८,०००.००
२११४१ पदाधिकारी बैठक भत्ता	१२,००,०००.००	१८,००,०००.००	१५,००,०००.००
२११४२ पदाधिकारीअन्य सुविधा	०	८८,००,०००.००	८५,००,०००.००
२११४९ पदाधिकारी अन्य भत्ता	१,५७,४००.००	०	५,००,०००.००
२१२१९ अन्य सामाजिक सुरक्षा खर्च	०	१८,७२,०००.००	३०,००,०००.००
२२१११ पानी तथा बिजुली	३३,४१,८३५.८८	३४,१०,०००.००	३४,४०,०००.००
२२११२ संचार महसुल	७०,०४५.००	२,००,०००.००	२,५०,०००.००
२२११३ सार्वजनिक उपयोगिताको सेवा खर्च	२,००,०००.००	०	१,००,०००.००

शीर्षक	आ.व.२०८१/८२ को यथार्थ	आ.व.२०८२/८३ को संशोधित अनुमान	आ.व.२०८३/८४ को अनुमान
२२२१२ इन्धन (कार्यालय प्रयोजन)	२१,३६,२८७.००	२५,३८,०००.००	२६,८२,०००.००
२२२१४ विमा तथा नवीकरण खर्च	२,७२,४९६.००	५,००,०००.००	५,००,०००.००
२२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	२६,७४,५४४.००	४३,३०,०००.००	३७,६५,०००.००
२२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	०	१,००,०००.००	८,००,०००.००
२२३११ मसलन्द तथा कार्यालय सामाग्री	३०,९६,९८८.००	५९,९०,०००.००	४६,३८,०००.००
२२३१२ पशुपंक्षीहरुको आहार	०	२,००,०००.००	०
२२३१३ पुस्तक तथा सामग्री खर्च	३३,५४,४९३.००	३५,८५,०००.००	३४,२०,०००.००
२२३१४ इन्धन - अन्य प्रयोजन	४,२३,२४०.००	५,५०,०००.००	५,५०,०००.००
२२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	२८,२७,०५८.००	३१,५५,०००.००	२५,३०,०००.००
२२३१९ अन्य कार्यालय संचालन खर्च	४४,४३,०४०.००	१६,८०,०००.००	१२,००,०००.००
२२४११ सेवा र परामर्श खर्च	२,७२,३९६.००	०	१,५४,७८,३३२.००
२२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	११,०००.००	२८,३०,०००.००	२१,००,०००.००
२२४१३ करार सेवा शुल्क	७,९३,४४८.००	६,०८,८५,०००.००	१७,५०,०००.००
२२४१४ सरसफाईसेवा शुल्क	०	०	१०,००,०००.००
२२४१९ अन्य सेवा शुल्क	१४,०१,८९५.००	९,३६,०००.००	१२,५७,५००.००
२२५११ कर्मचारी तालिम खर्च	०	७,००,०००.००	१,००,०००.००
२२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	३,४३,७७०.००	३५,५३,१६९.००	०
२२५२१ उत्पादन सामग्री / सेवा खर्च	२९,१४,५४७.००	१,१४,९७,०००.००	१,०७,६७,०००.००
२२५२२ कार्यक्रम खर्च	३,२७,९४,४६९.००	३,८१,६६,०००.००	१०,३७,७९,७८३.००
२२५२९ विविध कार्यक्रम खर्च	१,२४,९२,३२३.००	३,२५,२०,०००.००	२,८६,९९,०००.००
२२६११ अनुगमन, मूल्यांकन खर्च	१४,५७,५५२.००	२४,९५,०००.००	११,९०,०००.००

शीर्षक	आ.व.२०८१/८२ को यथार्थ	आ.व.२०८२/८३ को संशोधित अनुमान	आ.व.२०८३/८४ को अनुमान
२२६१२ भ्रमण खर्च	१९,१०,२६४.००	४८,५०,०००.००	३१,७५,०००.००
२२६१९ अन्य भ्रमण खर्च	१०,६५,२४५.००	६,२०,०००.००	२१,५०,०००.००
२२७११ विविध खर्च	१,६३,७३,१७४.००	१,२७,७०,०००.००	१,३५,१९,०००.००
२२७२१ सभा सञ्चालन खर्च	६,००,०००.००	१३,००,०००.००	१०,००,०००.००
२५१११ गैर वित्तीय संस्थानहरूलाई चालु सहायता	०	०	१,००,०००.००
२५२११ गैर वित्तीय व्यवसायहरूलाई चालु सहायता	०	१,००,०००.००	०
२५३११ शैक्षिक संस्थाहरूलाई सहायता	२,१८,७५,७९०.००	३,१८,७०,०००.००	१,२३,०८,०००.००
२५३१२ स्वास्थ्य संस्थाहरूलाई सहायता	२०,७८,०००.००	७९,९३,५००.००	४९,००,०००.००
२५३१४ धार्मिक तथा सांस्कृतिक संस्था सहायता	६,५०,०००.००	९,०५,०००.००	०
२५३१५ अन्य संस्था सहायता	१८,१०,०००.००	३३,७०,०००.००	६४,२५,०००.००
२६३११ स्थानीय तह निःशर्त चालु अनुदान	५,००,०००.००	६,००,०००.००	०
२६४११ सरकारी निकाय, समिति, प्रतिष्ठान एवं बोर्डहरूलाई निःशर्त चालु अनुदान	०	०	८,००,०००.००
२७१११ सामाजिक सुरक्षा	३०,८८,०००.००	०	१,००,०००.००
२७११२ अन्य सामाजिक सुरक्षा	०	४३,४०,०००.००	६,००,०००.००
२७२११ छात्रवृत्ति	१२,४२,९५७.००	२९,३८,०००.००	२०,१३,०००.००
२७२१३ औषधीखरिद खर्च	३१,६५,१६९.००	३४,८७,०००.००	२०,५०,०००.००
२७२१९ अन्य सामाजिक सहायता	१७,७५,०००.००	३४,००,०००.००	१५,२५,०००.००
२८१४० अन्य भाडा	०	४,००,०००.००	०
२८२११ राजस्व फिर्ता	९,२७,४१७.००	१५,००,०००.००	४०,००,०००.००
पुंजीगत	२०,३३,८२,५०५.००	३५,७७,२३,०००.००	४२,८४,७३,५८५.००

शीर्षक	आ.व.२०८१/८२ को यथार्थ	आ.व.२०८२/८३ को संशोधित अनुमान	आ.व.२०८३/८४ को अनुमान
३११११ गैर आवासीय भवन निर्माण/खरिद	७,४५,१२,३६४.००	७,४२,७७,०००.००	४३,००,०००.००
३११११ निर्मित भवनको संरचनात्मक सुधार खर्च	३८,९७,२६३.००	६४,२५,०००.००	९,००,०००.००
३११११ जग्गा विकास कार्य	९६,६८९.००	३१,००,०००.००	०
३११२१ सवारी साधन	०	२५,००,०००.००	३५,००,०००.००
३११२२ मेशिनरी तथा औजार	३७,००,०००.००	७४,५०,०००.००	१,०५,००,०००.००
३११२३ फर्निचर तथा फिक्चर्स	९,४३,०९०.००	२८,००,०००.००	५३,५०,०००.००
३११३१ पशुधन तथा बागबानी विकास खर्च	२४,०८,७९५.००	२,००,०००.००	५,००,०००.००
३११३५ पुँजीगत परामर्श खर्च	१६,७५,२२५.००	४०,००,०००.००	४०,००,०००.००
३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च	०	०	१०,००,०००.००
३११५१ सडक तथा पुल निर्माण	६,२०,७६,९८४.००	८,४६,७६,०००.००	१६,४३,५२,१६८.००
३११५३ विद्युत संरचना निर्माण	२८,०१,५६३.००	१,०९,२०,०००.००	१,८२,००,०००.००
३११५४ तटबन्ध तथा बाँधनिर्माण	४३,७२,७२४.००	२,७२,२४,०००.००	१,५३,७९,३९३.००
३११५५ सिंचाई संरचना निर्माण	३८,३९,३६८.००	१,६६,९५,०००.००	३,७०,७०,०००.००
३११५६ खानेपानी संरचना निर्माण	११,४२,५३९.००	३३,००,०००.००	७२,००,०००.००
३११५८ मरसफाई संरचना निर्माण	३१,९८,५२२.००	२५,३७,०००.००	९,४,००,०००.००
३११५९ अन्य सार्वजनिक निर्माण	३,५०,२१,७३८.००	१०,७५,९५,०००.००	१४,२०,२२,०२४.००
३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च	३२,९५,६४१.००	२२,२५,०००.००	२३,५०,०००.००
३११७१ पुँजीगत सुधार खर्च सार्वजनिक निर्माण	४,००,०००.००	१५,००,०००.००	२२,००,०००.००
३१५११ भैपरी आउने पुँजीगत	०	३,००,०००.००	२,५०,०००.००
बजेट बचत (+)/न्यून	**५,१०,४९,५९३.५१**	**(२०,९३,१९,५६५.००)**	**(२९,८७,००,०००.००)**
गत वर्षको नगद मौज्दात		**२०,९३,१९,५६५.००**	**२९,८७,००,०००.००**

शुद्धोदन गाउँपालिकाको आर्थिक ऐन, २०८३

शुद्धोदन गाउँपालिकाको मिति २०८३।०३।१० गते पेश भएको शुद्धोदन गाउँपालिकाको तपसिल अनुसारको आर्थिक विधेयक २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्तावना:

शुद्धोदन गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (१) बमोजिम शुद्धोदन गाउँपालिकाको गाउँसभाको २० औं गाउँसभाबाट पारित गरि यो ऐन बनाइएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"शुद्धोदन गाउँपालिकाको आर्थिक ऐन, २०८३"** रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गते देखि लागू हुनेछ।

२. **सम्पति कर :** गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत) :** गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) उठाइनेछ र असुल उपर गरिनेछ।

४. **घर बहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ ।

५. **व्यवसाय कर :**

(१) गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ। इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नविकरण गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको इजाजत विना गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यापार,व्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन।

६. **कवाडी कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले कवाडी माल सामानको व्यवसाय गर्न चाहेमा अनुसूची (५) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर ,प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ। तर ,प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्य व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने मनोरन्जन व्यवसायमा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिटौरी शुल्कः**

१. गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाय बमोजिमका सम्पत्तिहरूमा अनुसूची (९) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइनेछ ।

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थायी टहरा, छाप्रा वा पसल वा आवास,

(ग) गाउँपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

२. उपदफा (१)को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढाबढको माध्यमबाट बहालमा दिन सक्नेछ।

३. उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि गाउँपालिकाले न्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोबारको आधारमा तोकेको न्यूनतम बहाल बिटौरी शुल्कको दरमा बोलपत्र वा दरभाउ पत्र वा डाँक बढाबढको माध्यमबाट बहाल बिटौरीमा दिन सकिनेछ।

४ उपदफा (२) र (३) बमोजिम बहाल बिटौरीमा दिँदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२. **मनोरञ्जन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र विभिन्न किसिमका मनोरञ्जन गराउने गरी व्यवसायीक रुपमा खोलिएका सेवा व्यवसाय संचालन गरे बापत अनुसूची (११) बमोजिमको मनोरञ्जन शुल्क लगाइने र असुल उपर गरिनेछ।

१३. **सेवा शुल्क तथा दस्तुरः** शुद्धोदन गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वस्तु तथा सेवा प्रदान गरेवापत अनुसुचि (१२) बमोजिम सेवा शुल्क तथा दस्तुर लगाउने र असुल उपर गरिनेछ।

१४. **कर छुटः (१)** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै किसिमको कर छुट दिईने छैन।

(२) कर फिर्ता तथा छुट :- दफा १४ को उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि यस गा.पा. अन्तर्गत गा.पा. बाट लगाईएको आय टेक्का वा अन्य प्रयोजन बाट गा.पा. को खातामा कर (राजस्व) दाखिला भएको उक्त राजस्व बापत कार्य गर्न सम्भव नभएको, कावु बाहिरको परिस्थिती भएको, अवरोध भएको वा आंशिक मात्र कार्य भई राजस्व फिर्ता गर्नुपर्ने अवस्था भएमा राजस्व परामर्श समितिको सिफारिसमा गाउँसभाको निर्णय अनुसार कार्यपालिकाबाट कार्यान्वयन गरिनेछ ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** (१) यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

१६. **जरिवानाः** उल्लेखित अनुसुचीहरुमा तोकिएको कर शुल्क समयमै नबुझाउने करदातालाई बुझाउनु पर्ने बक्यौता रकममा १० प्रतिशत थप जरिवाना लगाई असुल गरिनेछ ।

अनुसूची-१

आ.ब.०८३/८४ का लागि सम्पत्ति करका दर रेटको विवरण

सि.नं.	कर योग्य सम्पत्तिको मूल्य	आ.ब.०८२/८३ को वार्षिक दर रू.	आ.ब.०८३२८४ को वार्षिक दर रू.	वार्षिक
१	दश लाख रुपैया सम्मको मूल्यांकनमा	एकमुष्ठ १००	एकमुष्ठ १००	वार्षिक
२	दश लाख एक देखि २० लाख सम्म	प्रति लाख रु.१५	प्रति लाख रु.१५	वार्षिक
३	२० लाख एक देखि ४० लाख सम्म	प्रति लाख रु.१६	प्रति लाख रु.१६	वार्षिक
४	४० लाख एक देखि ६० लाखसम्म	प्रति लाख रु.१७	प्रति लाख रु.१७	वार्षिक
५	६० लाख एक देखि ८० लाख सम्म	प्रति लाख रु.१८	प्रति लाख रु.१८	वार्षिक
६	८० लाख एक देखि १ करोड सम्म	प्रति लाख रु.१९	प्रति लाख रु.१९	वार्षिक
७	१ करोड एक देखि १करोड २५ लाखसम्म	प्रति लाख रु.२०	प्रति लाख रु.२०	वार्षिक
८	१ करोड २५ लाख एक देखि १ करोड ५० लाख सम्म	प्रति लाख रु.२१	प्रति लाख रु.२१	वार्षिक
९	१ करोड ५० लाख एक देखि २ करोडसम्म	प्रति लाख रु.२२	प्रति लाख रु.२२	वार्षिक
१०	२ करोड एक देखि २ करोड ५० लाखसम्म	प्रति लाख रु.२३	प्रति लाख रु.२३	वार्षिक
११	२ करोड ५० लाखएक देखि ३ करोड सम्म	प्रति लाख रु.२४	प्रति लाख रु.२४	वार्षिक
१२	३ करोड एक देखि ४ करोड सम्म	प्रति लाख रु.२५	प्रति लाख रु.२५	वार्षिक
१३	४ करोड एक देखि ५ करोडसम्म	प्रति लाख रु.२६	प्रति लाख रु.२६	वार्षिक
१४	५ करोड देखि १० करोड सम्म	प्रति लाख रु.३०	प्रति लाख रु.३०	वार्षिक
१५	१० करोड भन्दा माथी	प्रति लाख रु.३५	प्रति लाख रु.३५	वार्षिक

अनुसूची-२

भूमिकर (मालपोत)

क. सं.	कर शिर्षक	आ.व.०८२/०८३ को दर प्रति कट्ठा रकम रु.	आ.व.०८३/०८४ को दर प्रति कट्ठा रकम रु.	कैफियत
१	दर्तावाला जग्गा मालपोत	२५	२५	

नोटः- (क) कुनै व्यक्तिको नाममा फरक फरक किल्ला भएको तर एउटै प्लटको जग्गाको हकमा १५ कट्ठा भन्दा माथि भएमा उक्त जग्गालाई मालपोत दरेरटको खेति योग्य र १५ कट्ठा भन्दा कम भएमा आवासीय क्षेत्र मानिनेछ तर उद्योगको हकमा सबै जग्गालाई औद्योगिक जग्गा र सडक बाटोको किसिमको आधारमा मुल्यांकन गरिनेछ ।

घरको बनोटका आधारमा सम्पत्ति मूल्यांकन तथा करको दरः

सम्पत्तिकर/भूमिकर प्रयोजन र रजिस्ट्रेसन पारित प्रयोजनको लागि सम्पत्ति मूल्यांकन गर्दा जग्गाको हकमा मालपोतबाट रजिस्ट्रेसन पारित प्रयोजनको लागि कायम गरेको न्युनतम मूल्य र भौतिक संरचनाको हकमा निम्न बमोजिम मूल्यांकन कायम गरि हुन् आउने कुल मूल्यमा सम्पत्तिकर र भूमिकर (मालपोत) लिईनेछ ।

सम्पत्तिकर, भूमिकरको दर रकम निर्धारण विधिः

१. गाउँपालिका क्षेत्र भित्र आफ्नो संरचना (भवन, ग्यारेज, टहरा आदि) र जमिनको एकीकृत विवरण सम्बन्धित कर दाताले पेश गर्नुपर्नेछ ।

२. भूमिकर/सम्पत्तिकर प्रयोजनका लागि जग्गाको मूल्यांकन गर्दा रजिस्ट्रेसन प्रयोजनका लागि निर्धारण गरिएको मालपोत कार्यालयको न्युनतम मूल्यांकनलाई आधार बनाई गरिनेछ ।

३. गाउँपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण संरचना र सो संरचनाले चर्चेको क्षेत्रफल भन्दा बढी जग्गा भएमा संरचनाले ओगटेको जग्गा सोहि क्षेत्रफल बराबर थप जग्गाको एकीकृत मूल्यांकन गरि सम्पत्तिकर निर्धारण गरिनेछ र सो बाहेकको जग्गामा आर्थिक ऐन अनुसार भूमिकर (मालपोत) कर लागनेछ ।

भौतिक संरचनाको मूल्यांकन (प्रति स्क्वायर फिट) देहाय बमोजिम हुनेछ ।

क.स.	भवनको बनोटको प्रकृति	२०८३/८४	ह्रास कट्टीदर प्रति वर्ष % मा	ह्रास कट्टी गरिने वर्ष
१	भित्र काचो बाहिर पाको इट्टामा माटोको जोडाइ भएको वा कोरे काटले बनेको र जस्ता झिंगटि टायलको छानो	४००	३.०० प्रतिशत	२५

क.स.	भवनको बनोटको प्रकृति	२०८३/८४	ह्रास कट्टीबर प्रति वर्ष x मा	ह्रास कट्टी गरिने वर्ष
२	भित्र बाहिर पाको इट्टा वा ढुंगामा माटोको जोडाइ भइ सिमेन्ट प्लास्टर भएको झिंगटि टायलको छानो	४५०	२.०० प्रतिशत	३०
३	भित्र, बाहिर पाको इट्टा वा ढुंगामा सिमेन्ट जोडाइ प्लास्टर भएको आर.सि.सि/आर.बि.सि छाना भएको	८००	१.०० प्रतिशत	७०
४	आर.सि.सि. फ्रेम स्टक्चर भएको घर			
	आवासिय भवन	१०००	१.०० प्रतिशत	१००
	व्यवसायिक भवन/संस्थागत भवन	११००		
५	सेड जस्ता वा टायलले छाना मात्र भएको	२००	३.०० प्रतिशत	३०
	कच्ची छाना भएको	१५०	३.०० प्रतिशत	१०

अनुसूची-३

आ.व.०८३/८४ का लागि घर बहाल करका दर रेटको विवरण

(व्यवसायिक घर बहाल करको लागि मूल्याङ्कन)

विवरण	आ.व.०८२/८३ को दर	आ.व.०८३/८४ को दर	कैफियत
हरेक प्रकारको बहाल कर	बहाल रकमको १० प्रतिशत	बहाल रकमको १० प्रतिशत	

अनुसूची-४

आ.व.०८३/८४ का लागि व्यवसाय करका दर रेटको विवरण

क्र. सं.	विवरण	आ.व. ०८२ ८३		आ.व. ०८३ ८४		कैफियत
		दर्ता	नविकरण	दर्ता	नविकरण	
१	**मदिरा पसल**					**वार्षिक**
क	मूल्य वितरक (डिलर)	३५००	३३००	३६००	३३००	
ख	खुद्रा विक्रेता	१५००	१०००	१५००	१०००	
२	**सर्तिजन्य**					**वार्षिक**
क	वितरक (डिलर)	२५००	२०००	२५००	२०००	
ख	खुद्रा विक्रेता	१५००	१०००	१५००	१०००	
३	**हल्का पेयपदार्थ कोक फेन्टा पेप्सी सोडा आदी**					**वार्षिक**
क	वितरक (डिलर)/थोक वितरक	२०००	१८००	२०००	१८००	
ख	खुद्रा विक्रेता	६००	५००	६००	५००	
४	**सुनचाँदी पसल**					**वार्षिक**
क	गहना पसल कर					
ख	ठूला पसल (रु.२० लाख माथिको पूँजि)	४०००	३५००	४०००	३५००	
ग	मझौला (रु.५ देखी २० लाख सम्मको पूँजि)	२५००	२२००	२५००	२२००	
घ	साना (रु.५ लाख सम्मको)	१५००	१२००	१५००	१२००	
ङ	प्यारेन्टि गहना पसल	८००	६००	८००	६००	
५	**औषधी उत्पादक तथा बिक्रेता**					**वार्षिक**
क	औषधि उत्पादक	१२०००	१०००००	१२०००	१०००००	
ख	थोक बिक्रेता	६०००	५०००	६०००	५०००	
६	**आर्युवेदिक औषधी**					**वार्षिक**
क	उत्पादक	६०००	५०००	६०००	५०००	
ख	थोक बिक्रेता	२०००	१५००	२०००	१५००	
ग	खुद्रा बिक्रेता	१२००	१०००	१२००	१०००	
७	**एग्रोभेट, भेटेनेरी पसल**					**वार्षिक**
क	कृषिजन्य सामग्री, विउविजन, औषधी र अन्य सामाग्रीको थोक पसल	१२००	१०००	१२००	१०००	
ख	कृषिजन्य सामग्री र विउविजन मात्र खुद्रा पसल	१२००	१०००	१२००	१०००	
ग	कृषिजन्य सामग्री र विउविजन मात्र खुद्रा पसल	१२००	१०००	१२००	१०००	
८	**स्टेशनरी तथा खेलकुद सामग्री पसल**					**वार्षिक**

क्र. सं.	विवरण	आ.व. ०८२ ८३		आ.व. ०८३ ८४		कैफियत
		दर्ता	नविकरण	दर्ता	नविकरण	
क	थोक बिक्री पसल	१५००	१०००	१५००	१०००	
ख	खुद्रा बिक्री पसल	१०००	७००	१०००	७००	
ग	जिम हाउस तथा फिटनेश सेन्टर	३५००	३०००	३५००	३०००	
९	**कस्मेटिक पसल**					**वार्षिक**
क	थोक बिक्री पसल	१५००	१२००	१५००	१२००	
ख	ब्यूटीपार्लर पसल	१२००	१०००	१२००	१०००	
१०	**वर्कसप मर्मत सम्भार**					**वार्षिक**
क	मोटर पार्टस तथा बोडि बिल्डर्स सामाग्री थोला	६०००	५०००	६०००	५०००	
ख	मोटर पार्टस तथा बोडि बिल्डर्स सामाग्री साना	३५००	३०००	३५००	३०००	
ग	जिप कार भेन मर्मत पसल	३५००	३०००	३५००	३०००	
घ	टेक्टर मर्मत ग्यारेज	३५००	३०००	३५००	३०००	
ङ	मोटर साइकल वर्क सप	२०००	१५००	२०००	१५००	
च	साईकल बिक्री तथा मर्मत	१२००	१०००	१२००	१०००	
छ	साईकल मर्मत	७००	५००	७००	५००	
